## अध्याय २७

# प्रायश्चित्त

# The Atonement

***खीष्टलाई मर्नु किन आवश्यक थियो ?***
***के खीष्टको सम्पूर्ण सांसारिक जीवनले हाम्रा निम्ति कुनै उद्धारकारी लाभहरू आर्जन गरिदियो ?***
***प्रायश्चित्तको कारण र प्रकृति।***
***के खीष्ट नरकलोकमा ओर्लनुभयो ?***

### व्याख्या र धर्मशास्त्रीय आधार

हामी प्रायश्चित्तलाई यसरी परिभाषित गर्न सक्छौं, *प्रायश्चित्त भनेको खीष्टले उहाँको जीवन र मृत्युमा हाम्रा मुक्ति आर्जन गर्नलाई गर्नुभएको काम हो*। यो परिभाषाले यही सङ्केत गर्छ कि हामीले *प्रायश्चित्त* शब्दलाई कहिलेकाहीँ प्रयोग गरिनेभन्दा अझ विस्तृत अर्थमा प्रयोग गरिरहेका छौं। कहिलेकाहीँ यस शब्दलाई येशू मर्नुभएको र हाम्रा पापका निम्ति क्रूसमा उहाँले तिर्नुभएको मोल उल्लेख गर्नलाई मात्र प्रयोग गरिन्छ। तर जस्तो कि हामी तल हेर्नेछौं, उद्धारकारी लाभहरू खीष्टको जीवनबाट पनि हामीकहाँ आउने हुनाले, हामीले त्यसलाई पनि हाम्रो परिभाषामा समाविष्ट गरेका छौं।[1]

**क. प्रायश्चित्तको कारण**

पृथ्वीमा आउनलाई र हाम्रा पापका निम्ति मर्नलाई कुन परम कारणले खीष्टलाई बाध्य बनायो ? यो पत्तो लाउनलाई हामीले परमेश्वर स्वयम्‌को स्वभावमा भएको कुनै कुरा खोजिनिकाल्नुपर्छ। र यहाँ धर्मशास्त्रले दुईवटा कुराहरूलाई औँल्याउँछ – परमेश्वरको *प्रेम* अनि *न्याय*।

प्रायश्चित्तको कारणको रूपमा परमेश्वरको प्रेम बाइबलको सर्वाधिक सुपरिचित खण्डमा देखिन्छ – "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्" (यूह ३:१६)। तर परमेश्वरको न्यायले यो पनि

[1]खीष्टको पुनरुत्थान र स्वर्गारोहणबाट अनि प्रधान पूजाहारीको रूपमा हाम्रा निम्ति उहाँको अविच्छिन्न मध्यस्थताको काम र उहाँको दोस्रो आगमनबाट पनि हाम्रा निम्ति आउने उद्धारका लाभहरू पनि निश्चय नै छन्। यी कुराहरू यस पुस्तकका आगामी अध्यायहरूमा छुट्टै विषयवस्तुको रूपमा छलफल गरिएका छन्। स्पष्टताको निम्ति मैले "प्रायश्चित्त" शीर्षकअन्तर्गत खीष्टले उहाँको सांसारिक जीवन र उहाँको मृत्युको समयावधिमा गर्नुभएका कामहरू मात्र यस अध्यायमा समाविष्ट गरेको छ।

अनिवार्य बनायो कि हाम्रा पापका निम्ति हामीले तिर्नुपर्ने मोल चुक्ता गरिनैपर्दथियो (किनकि मोल नतिरिइए उहाँले आफ्नो सङ्गतिमा हामीलाई स्वीकार गर्न सक्नुहुन्थेन)। यसैकारण परमेश्वरले ख्रीष्टलाई "प्रायश्चित्त" (रोम ३:२५) बन्नलाई पठाउनुभयो भनी पावलले बुझाउँछन् (अर्थात्, एउटा बलिदान जसले परमेश्वरको क्रोध वहन गर्छ, ताकि परमेश्वर "कृपालु" वा हामीप्रति अनुकूल बन्नुहुन्छ)। यो काम "परमेश्वरले आफ्नो धार्मिकता देखाउनलाई गर्नुभयो, किनभने उहाँको परमेश्वरीय धैर्यमा अगाड़िका पापहरूलाई उहाँले वास्ता गर्नुभएन" (रोम ३:२५)। पावलले यहाँ यो भन्छन् कि परमेश्वरले पुरानो करारमा पापहरू क्षमा दिइरहनुभएको थियो तर कुनै पनि मोल तिरिइएको थिएन – यो यस्तो तथ्य हो कि जसले मानिसहरूलाई के परमेश्वर साँच्चै नै न्यायी हुनुहुन्थ्यो कि र कुनै दण्डविना उहाँले पापहरू क्षमा गर्न सक्नुहुन्थ्यो कि भनी प्रश्न गर्न बाध्य बनाउँछ। साँचो रूपमा कुनै पनि न्यायी परमेश्वरले यस्तो काम गर्न सक्नुहुन्थेन, सक्नुहुन्थ्यो र ? तथापि परमेश्वरले ख्रीष्टलाई मर्नलाई र हाम्रा पापहरूको मोल तिर्नलाई पठाउनुहुँदा "परमेश्वर आफै धर्मी हुनुहुन्छ र येशूमा विश्वास राख्नेहरूलाई उहाँले धर्मी ठहराउनुहुन्छ भन्ने कुरा प्रमाण गर्नलाई उहाँले वर्तमान समयमा यो काम गर्नुभयो" (रोम ३:२६)।

त्यसकारण परमेश्वरको प्रेम र न्याय प्रायश्चित्तको परम कारण थिए। प्रेम र न्यायमा कुन बढ़ी महत्त्वपूर्ण छ सो सोध्न हाम्रो निम्ति उपयोगी हुँदैन, तर, परमेश्वरको प्रेमविना हामीलाई उद्धार गर्नलाई उहाँले कुनै पनि पाइला चाल्नुहुनेथिएन, तथापि परमेश्वरको न्यायविना, हाम्रा पापहरूका निम्ति मर्नुभएर ख्रीष्टले हाम्रो मुक्ति आर्जन गर्नैपर्थ्यो भन्ने त्यो विशेष आवश्यकता पूरा हुनेथिएन। परमेश्वरका प्रेम र न्याय दुवै समान रूपमा महत्त्वपूर्ण थिए।

### ख. प्रायश्चित्तको आवश्यकता

हाम्रो स्थानमा मर्नलाई उहाँका पुत्र पठाउनुबाहेक, के परमेश्वरसँग मानिसजातिलाई बचाउने अरू कुनै उपाय थियो ?

यस प्रश्नको उत्तर दिनुभन्दा पहिला यो कुरा बुझ्न महत्त्वपूर्ण छ कि परमेश्वरलाई कुनै पनि मानिसहरू बचाउने आवश्यकता पटक्कै थिएन। "स्वर्गदूतहरूले पाप गर्दा परमेश्वरले तिनीहरूलाई बाँकी राख्नुभएन, तर तिनीहरूलाई नरकमा फालिदिनुभयो, र न्यायका दिनसम्मको निम्ति नरकलोकको अन्धकारमा जकड़िराख्नुभयो" (२ पत्र २:४) भन्ने वचनको मूल्याङ्कन गर्दा हामीले यो कुरा बुझ्दछौं कि हामीलाई न्यायको प्रतीक्षा गर्न लाउँदै परमेश्वरले उहाँको सिद्ध न्यायमा हामीलाई हाम्रा पापहरूमा छोड़िदिन रोज्न सक्नुहुन्थ्योः ती पापी स्वर्गदूतहरूलाई जस्तै गरी कसैलाई पनि नबचाउनुहुने इच्छा उहाँले गर्न सक्नुहुन्थ्यो। अतः यस अर्थमा प्रायश्चित्त नितान्त आवश्यक थिएन।

उहाँको प्रेममा परमेश्वरले कति मानिसहरूलाई बचाउन एकपटक निर्णय गरिसक्नुभएपछि उहाँका पुत्रको मृत्युको माध्यमबाट यसो गर्ने उपायबाहेक उहाँको अर्को उपाय थिएन भनी धर्मशास्त्रका विभिन्न खण्डहरूले देखाउँछन्। त्यसकारण,

प्रायश्चित्त परम आवश्यक थिएन, तर कुनै मानिसहरूलाई बचाउनुहुने परमेश्वरका निर्णयको "परिणाम"-स्वरूपमा प्रायश्चित्त परम आवश्यक थियो। कहिलेकाहीं यसलाई प्रायश्चित्तबारे "परिणामी परम आवश्यकता" (consequent absolute necessity) दृष्टिकोण भनिन्छ।

गेतसमनीको बगैँचामा येशूले प्रार्थना गर्नुहुन्छ, "हे मेरा पिता, *हुन सक्छ भने,* यो कचौरा मबाट हटोस्। तरै पनि मैले इच्छा गरेबमोजिम होइन, तर तपाईंले इच्छा गर्नुभएबमोजिम होस्" (मत्ती २६:३९)। हामी यस विषयमा भरोसा गर्न सक्छौं कि येशूले जहिले पनि पिताको इच्छाअनुसार प्रार्थना गर्नुभयो अनि उहाँले जहिले पनि विश्वासको पूर्णतामा प्रार्थना गर्नुभयो। मत्तीले होसियारीसित हाम्रा निम्ति अभिलिखित गरेका यो प्रार्थनाले के देखाउँछ भने क्रूसमा हुनेवाला उहाँको मृत्युबाट पन्छिनु येशूको निम्ति *सम्भव थिएन,* जुन मृत्यु उहाँकहाँ चाँडै नै आउनेथियो (उहाँले जुन कष्टको "कचौरा" भन्नुभएको थियो, त्यो उहाँको हुनेथियो)। पिताले उहाँलाई जुन काम गर्न पठाउनुभएको थियो, यदि त्यो काम उहाँले पूरा गर्नुथियो भने, अनि परमेश्वरको निम्ति मानिसहरूको उद्धार हुनुथियो भने, क्रूसमा उहाँको मृत्यु हुन आवश्यक थियो।

उहाँको पुनरुत्थानपछि उहाँ इमाउस जाने बाटोमा उहाँ दुई जना चेलाहरूसँग कुराकानी गरिरहनुभएको बेला उहाँले प्रायः यस्तै किसिमको कुरा भन्नुभयो। उहाँ मर्नुभयो भनी तिनीहरू उदास थिए, तर उहाँको प्रतिक्रिया यस्तो थियो, "ए अबुझ मानिस हो, तिमीहरूका हृदय यति सुस्त भएको छ, कि अगमवक्ताहरूले भनेका कुरा विश्वास गर्दैनौ ! के ख्रीष्टले यी कष्टहरू भोग्नु र आफ्नो महिमामा प्रवेश गर्नु *आवश्यक* थिएन र ?" (लूक २४:२५-२६)। येशूले यो बुझ्नुभयो कि परमेश्वरका उद्धारको योजनाले (जुन कुरा उहाँले आफ्ना चेलाहरूलाई पुरानो करारका धेरैवटा वचनहरूबाट बुझाउनुभयो, लूक २४:२७) मसीहलाई आफ्नो जनका पापका निम्ति मर्नु आवश्यक बनाएको थियो।

हामीले माथि हेरेझैं, पावलले रोमी ३ मा पनि यो देखाउँछन् कि परमेश्वर यदि धर्मी हुनुभएर उहाँले मानिसहरूलाई उद्धार दिनुपर्नेथियो भने, उहाँले पापको मोल तिर्नलाई ख्रीष्टलाई पठाउनैपर्दथियो, "परमेश्वर आफै धर्मी हुनुहुन्छ र येशूमा विश्वास राख्नेहरूलाई उहाँले धर्मी ठहराउनुहुन्छ" (रोम ३:२६)। हिब्रूहरूलाई लेखिएका धर्मपत्रहरूले यस कुरामा जोड़ दिन्छ कि ख्रीष्टले हाम्रा पापहरूका निम्ति मर्नुपर्नेथियो, "यसैकारण हरेक कुरामा उहाँ आफ्नै भाइहरूजस्तै *बनाइनुपर्‍यो,* र मानिसहरूका पापको प्रायश्चित्त गर्नलाई परमेश्वरको सेवामा उहाँ कृपालु र विश्वस्त प्रधान पूजाहारी बन्नुभयो" (हिब २:१७)। हिब्रूको पुस्तकका लेखकले यो पनि तर्क गर्छन् कि "साढ़े र बोकाहरूको रगतले पाप हरण गर्न असम्भव" भएको हुनाले (हिब १०:४) योभन्दा अझ "उत्तम बलिको आवश्यकता" पर्‍यो (हिब ९:२३)। ख्रीष्टको रगतले मात्र, अर्थात् उहाँको मृत्युले, पाप हरण गर्नसक्थ्यो (हिब ९:२५-२६)। हाम्रा स्थानमा ख्रीष्ट मर्नुबाहेक, हामीलाई बचाउनका लागि परमेश्वरको अर्को कुनै पनि उपाय थिएन।

**ग. प्रायश्चित्तको प्रकार**

हामी यस खण्डमा ख्रीष्टको कामका दुईवटा पक्षहरूबारे विचार गर्नेछौं : (१) हाम्रो निम्ति ख्रीष्टको आज्ञाकारिता, जसमा उहाँले हाम्रो स्थानमा व्यवस्थाका नियमहरू पालन गर्नुभयो र हाम्रा प्रतिनिधिको रूपमा उहाँ परमेश्वरको इच्छाप्रति सिद्धतासित आज्ञाकारी हुनुहुन्थ्यो, अनि (२) हाम्रा निम्ति ख्रीष्टको कष्ट, जसमा उहाँले हामीले भोग्नुपर्ने दण्ड भोग्नुभयो, फलस्वरूप उहाँ हाम्रा पापका लागि मर्नुभयो।

यसमा ध्यान दिनु महत्त्वपूर्ण छ कि यी दुवै संवर्गहरूमा ख्रीष्टका उद्धारको प्राथमिक जोड़ र प्रभाव हामीमाथि होइन तर पिता परमेश्वरमाथि दिइएको छ। येशूले हाम्रा स्थानमा पिताको आज्ञापालन गर्नुभयो अनि व्यवस्थाका नियमहरू सिद्धतासित पूरा गर्नुभयो। परमेश्वरले हामीलाई दिनुहुने दण्ड ख्रीष्ट आफैले ग्रहण गर्नुहुँदै उहाँले हाम्रो स्थानमा कष्ट भोग्नुभयो। यी दुवै घटनाहरूमा यस प्रायश्चित्तलाई वस्तुपरक रूपमा लिइन्छ; अर्थात् यस्तो कुनै कुरा जसको प्राथमिक प्रभाव सोझै परमेश्वर स्वयम्माथि पर्छ। हाम्रा निम्ति यसको प्रयोग गौण रूपमा मात्र हुन्छ, अनि यसको कारण यो मात्र हो कि पिता परमेश्वर र पुत्र परमेश्वरमाझको सम्बन्धमा एउटा निर्दिष्ट घटना थियो जसले हाम्रो मुक्ति हासिल गऱ्यो।

**२. हाम्रो निम्ति ख्रीष्टको आज्ञाकारिता (यसलाई कहिलेकाहीं "सक्रिय आज्ञाकारिता" ["Active Obedience"] भनिन्छ)**। ख्रीष्टले यदि हाम्रो निम्ति पापको क्षमा मात्र आर्जन गर्नुभएको भए, हामी स्वर्गको योग्यका हुनेथिएनौं। हाम्रो दोष हटाइनेथियो, तर हामी आदम र हव्वाले असल वा खराब कुनै काम गर्नुभन्दा अघिको अनि तिनीहरूले परीक्षणको समय सफलतापूर्वक पूरा गर्नुभन्दा अघिको स्थितिमा हुनेथियौं। सदासर्वदाको निम्ति धार्मिकतामा स्थापित हुनका लागि र सदासर्वदाको निम्ति परमेश्वरसँग तिनीहरूका सङ्गति सुनिश्चित गरिनका लागि आदम र हव्वाले सधैं नै सिद्धतासित परमेश्वरको आज्ञापालन गर्नुपर्नेथियो। तब तिनीहरूको विश्वसनीय आज्ञाकारितालाई परमेश्वरले सुख र हर्षसित हेर्नुहुनेथियो र तिनीहरू सदासर्वदा उहाँसँग सङ्गतिमा बस्नेथिए।[२]

यसकारण, ख्रीष्टले हाम्रो निम्ति धार्मिकता आर्जन गर्नलाई परमेश्वरप्रति सिद्ध आज्ञाकारिताको जीवन जिउनैपर्नेथियो। उहाँले हाम्रो पक्षमा उहाँको सम्पूर्ण जीवनभरि व्यवस्था पालन गर्नुपर्नेथियो, ताकि उहाँको सिद्ध आज्ञाकारिताका सकारात्मक गुणहरू हाम्रो पक्षमा गणना हुनेथिए। यसलाई कहिलेकाहीँ ख्रीष्टको "सक्रिया आज्ञाकारिता" ("active Obedience") भनिन्छ, जबकि हाम्रा पापहरूका निम्ति उहाँका कष्ट र मरणलाई उहाँको "निष्क्रिय आज्ञाकारिता" ("passive Obedience") भनिन्छ।[३] पावल

[२]हे. कामहरूको करारबारे छलफल अ. २५ मा।

[३]"सक्रिय" र "निष्क्रिय" शब्दहरू पूर्ण रूपमा सन्तुष्टिजनक छैन भनी कतिले आपत्ति उठाएका छन् किनभने हाम्रा पापहरूका निम्ति ख्रीष्टले एउटा अर्थमा पिताद्वारा उहाँलाई दिइएको कष्ट सक्रिय रूपमा ग्रहण गरिरहनुभएको थियो; उहाँले आफ्नो प्राण पनि सक्रिय रूपमा बलि दिइरहनुभएको थियो (यूह १०:१८)। यसबाहेक, ख्रीष्टको आज्ञाकारिताका दुवै पक्षहरू उहाँको जीवनभरि नै रहिरहयो – उहाँको सक्रिय

भन्छन् कि उनको उद्देश्य यही हो कि उनलाई ख्रीष्टमा पाइयोस्, *"व्यवस्थामाथि आधारित भएको मेरो आफ्नै धार्मिकता होइन, तर मेरो धार्मिकता यही हो, जो ख्रीष्टमाथि निर्भर हुन्छ, जुनचाहिँ विश्वासद्वारा परमेश्वरबाट आउने धार्मिकता हो"* (फिलि ३:९)। पावलले यो जान्दछन् कि ख्रीष्टबाट उनलाई आवश्यक पर्नगएको कुरा नैतिक तटस्थता मात्र थिएन, तर सकारात्मक धार्मिकता थियो (अर्थात् क्षमा गरिएको एउटा चोखो पाटी)। उनी यो जान्दछन् कि त्यो धार्मिकता उनीबाट नै आउँदैन तर ख्रीष्टमा भएको विश्वासको माध्यमबाट आउँछ। यस्तै प्रकारले पावलले भन्छन् कि ख्रीष्टलाई हाम्रो "धार्मिकता" बनाइएको छ (१ कोर १:३०)। अनि उनी पूर्ण स्पष्टतासित भन्छन्, "जसरी एउटै मानिसको अनाज्ञाकारिताले धेरै जना पापी बनाइए, त्यसै गरी एकै जनाको आज्ञाकारिताद्वारा धेरै जना धार्मिक बनाइनेछन्" (रोम ५:१९)।

हाम्रो निम्ति सिद्ध आज्ञाकारिताको आजीवन अभिलेख हासिल गर्न ख्रीष्टलाई आवश्यक थियो भनी कति ईश्वरशास्त्रीहरूले शिक्षा दिएका छैनन्। तिनीहरूले यस कुरामा मात्र जोड़ दिएका छन् कि ख्रीष्ट मर्नपरेको थियो अनि त्यस मृत्युद्वारा हाम्रो पापको मोल चुक्ता गर्नपरेको थियो।[४] तर ख्रीष्टले हाम्रो निम्ति मर्नुभन्दा पनि अझ केही ठूलो काम गर्नुपरेको थियो भन्ने तथ्य यस्तो दृष्टिकोणले पर्याप्त रूपमा व्याख्या गर्दैन; उहाँ परमेश्वरको अगि हाम्रो "धार्मिकता" पनि बन्नुभयो। बप्तिस्मा दिने यूहन्नाले येशूलाई बप्तिस्मा दिनुभन्दा अघि येशूले तिनलाई भन्नुभयो, "यसरी नै हामीहरूले सबै *धार्मिकता पूरा गर्नुपर्दछ"* (मत्ती ३:१५)।

यो तर्क गर्न सकिन्छ कि ख्रीष्ट हाम्रो निम्ति निष्पाप बलिदान हुनभन्दा अगाड़ि उहाँले हाम्रो खातिर होइन, तर आफ्नै खातिर, सिद्ध धार्मिकताको जीवन बिताउन आवश्यक थियो। तर येशूले उहाँ स्वयम्को खातिर सिद्ध आज्ञाकारिताको जीवन बिताउन आवश्यक थिएन – उहाँ अनन्तकालको निम्ति पितासँग प्रेम र सङ्गतिमा सहभागी हुनुहुन्थ्यो अनि उहाँको आफ्नै स्वभावको कारण अनन्तताको निम्ति पिताको आनन्द र खुशीको योग्य हुनुहुन्थ्यो। यसको विपरीत, उहाँले त हाम्रो खातिर "सबै धार्मिकता पूरा गर्नपर्थ्यो," अर्थात् ती मानिसहरूको खातिर जसको शिर हुनुभएर जसलाई उहाँले प्रतिनिधित्व गरिरहनुभएको थियो। उहाँले यसो नगर्नुभएको भए, हामीसित आज्ञाकारिताको त्यो अभिलेख हुनेथिएन जसद्वारा हामी परमेश्वरको दया र अनन्त जीवनका योग्य बन्नेथियौं। यसबाहेक, येशूलाई पापविहीनताको मात्र आवश्यकता परेको भए अनि सिद्ध आज्ञाकारिताको जीवन पनि नचाहिएको भए, उहाँ तेत्तीस वर्षको उमेरमा भन्दा बालक हुनुहुँदै हाम्रा निम्ति मर्न सक्नुहुन्थ्यो।

---

आज्ञाकारितामा जन्मदेखि उहाँको मृत्यसम्मै विश्वस्त सक्रिय आज्ञाकारिता संलग्न थियो; हाम्रो पक्षमा उहाँको कष्टभोग, जसले क्रूसीकरणमा यसको पराकाष्ठा पायो, उहाँको जीवनभरि नै अविच्छिन्न रहचो (हे. तलको छलफल)। तरै भए तापनि, सक्रिय र निष्क्रिय आज्ञाकारिताबीचको भिन्नता अझै पनि उपयोगी छ किनभने यसले हाम्रा निम्ति ख्रीष्टको कामका दुईवटा पक्षहरूको मूल्याङ्कन गर्न हामीलाई सहायता गर्छ। (हे. John Murray, *Redemption Accomplished and Applied* [ग्यान्ड र्‍यापिड्स : ईर्डम्यान्स, १९५५] पृह.२०-२४ मा छलफल।) R. L. Reymond उनको लेख "Obedience of Christ," *EDT,* पृह. ७८५ मा *आदेशात्मक* (सक्रियको निम्ति) र *दण्डात्मक* (निष्क्रियको निम्ति) शब्दहरूलाई अझ उत्तम ठान्छन्।

[४]उदाहरणार्थ, मैले Lewis Sperry Chafer -द्वारा लिखित ७ खण्डीय पुस्तक *Systematic Theology*

प्रयोगको तौरमा, हामीले आफूहरूलाई यो प्रश्न गर्नैपर्दछ कि परमेश्वरको सामु हाम्रो उपस्थितिका लागि हामीले कसको आजीवन आज्ञाकारिताको अभिलेखमा निर्भर गर्नुपर्दछ, ख्रीष्टको कि हाम्रो आफ्नै ? हामीले ख्रीष्टको जीवनबारे मनन गर्दा, हामीले आफैहरूलाई यो प्रश्न गर्नुपर्दछ कि के परमेश्वरको अनुमोदन पाउनलाई यो पर्याप्त थियो ? के हाम्रा अनन्त जीवनका लागि हामी उहाँको आज्ञाकारिताको अभिलेखमा भर पर्न राजी छौं ?

**२. हाम्रो निम्ति ख्रीष्टको कष्ट (यसलाई कहिलेकाहीं "निष्क्रिय आज्ञाकारिता" ["Passive Obedience"] भनिन्छ)** । हाम्रो पक्षमा उहाँको सारा जीवनभरि व्यवस्थालाई सिद्धतासित पालन गर्नुका अतिरिक्त, हाम्रा पापको मोल तिर्नलाई आवश्यक पर्नगएको दुःखभोग ख्रीष्ट आफैले खप्नुभयो।

**क. उहाँको सारा जीवनभरि कष्ट :** हाम्रा पापका निम्ति मोल तिर्नलाई ख्रीष्टले भोग्नुभएको सजाय एउटा व्यापक अर्थमा उहाँले सारा जीवनभरि उहाँको शरीर र आत्मामा भोग्नुभएको कष्ट पनि थियो। ख्रीष्टका कष्टहरूको पराकाष्ठा क्रूसमा उहाँको मृत्यु थियो (तल हे.), तर पनि यस पतित संसारमा उहाँको सारा जीवन कष्टमै बित्यो। उदाहरणार्थ, उजाड़-स्थानमा येशूलाई शैतानले चालीस दिनसम्म आक्रमण गर्दा उहाँले भयानक परीक्षाको सामना गर्नुभयो (मत्ती ४:१-११)।[५] परिपक्वतामा हुर्कंदैजानुहुँदा पनि उहाँले कष्ट भोग्नुभयो, "उहाँ पुत्र हुनुहुन्थ्यो, तापनि आफूले भोग्नुभएको कष्टद्वारा उहाँले आज्ञापालन गर्न सिक्नुभयो" (हिब ५:८)। उहाँको अधिकांश सांसारिक सेवाकार्यमा उहाँले यहूदी अगुवाहरूबाट सामना गर्नुपरेको तीव्र विरोधबाट उहाँले कष्ट चिन्नुभयो (हे. हिब १२:३-४)। हामीले यो पनि अनुमान लाउन सक्छौं कि उहाँका सांसारिक बाबुको मृत्युमा[६] उहाँले कष्ट र शोक अनुभव गर्नुभयो, अनि उहाँको घनिष्ठ मित्र लाजरसको मृत्युमा उहाँले निश्चय नै शोक अनुभव गर्नुभयो (यूह ११:३५)। मसीहको आगमनको पूर्वानुमान गर्दा यशैयाले भने कि उहाँ "अफसोसमा परेको मानिस र कष्टसित परिचित" हुनुहुन्थ्यो (यशै ५३:३)।

**ख. क्रूसको पीड़ा :** येशू क्रूसको छेउमा पुग्नलाग्दा उहाँको कष्ट तीव्र बन्यो। उहाँले आफ्ना चेलाहरूलाई, "मेरो प्राण गहिरो शोकले मरेतुल्य भएको छ" भन्नुहुँदा उहाँले भोगिरहनुभएको व्यथाबारे केही कुरा बताउनुभयो। यो त्यही क्रूस नै थियो जहाँ येशूले हाम्रा निम्ति भोग्नुभएका कष्टहरूको चरमबिन्दु पुगेको थियो किनकि यो त्यही ठाउँ थियो जहाँ उहाँले हाम्रा पापहरूका निम्ति दण्ड भोग्नुभएको थियो, उहाँ हाम्रो स्थानमा मर्नुभएको थियो। धर्मशास्त्रले हामीलाई यो सिकाउँछ कि येशूले भोग्नुभएको

(डलास : डलास सेमिनरि प्रेस, १९४७-४८)-मा वा Millard Erickson-को *Christian Theology,* पृह. ७६१-८०० मा ख्रीष्टको सक्रिय आज्ञाकारिताबारे छलफल पाउन सकिन्छ।

[५]मर्कूस १:१३ मा वर्तमानकालिक कृदन्त *peirazomenos,* अर्थात् "परीक्षामा हालिइरहिएको" वाक्यांशले येशू उजाड़-स्थानमा हुनुहुँदा उहाँ चालीस दिन निरन्तर परीक्षामा हालिनुभएको थियो भन्ने कुरा बुझाउँछ।

[६]योसेफ येशूको जीवनकालमै मरे भनी धर्मशास्त्रले स्पष्टै गरी नबताए पनि येशू बाह्र वर्ष पुग्नुभएपछि तिनको बारेमा हामी केही पढ्न पाउँदैनौं। छलफलको निम्ति हे. अ. २६, पादटिप्पणी ७।

पीड़ाका चारवटा विभिन्न पक्षहरू थिए।

(१) **शारीरिक पीड़ा र मृत्यु :** मनुष्यले अहिलेसम्म भोगेको पीड़ाभन्दा अझ भयानक पीड़ा येशूले भोग्नुभयो भन्ने दृष्टिकोण हामीले लिनुहुँदैन किनकि बाइबलले कहीँकतै यस्तो दाबी गर्दैन। तर हामीले यो भुल्नु हुँदैन कि क्रूसमा टाँगेर दिइने मृत्युदण्ड मानिसले अहिलेसम्म बनाएको सबैभन्दा भयावह प्राणहरणको साधनहरूमध्ये एउटा थियो।

सुसमाचार पढ्ने प्राचीन संसारका धेरै पाठकहरूले क्रूसीकरण हेरेका हुन सक्छन् र "तिनीहरूले उहाँलाई क्रूसमा टाँगे" (मर्क १५:२४) भन्ने साधारण शब्दहरू ती पाठकहरूले पढेपछि तिनीहरूका मानसपटमा पीड़ादायक मानसिक चित्र कोरिएको नै हुनेथियो। क्रूसमा टाँगिएको अपराधी निस्सासिँदै-निस्सासिँदै अति लामो समयमा मर्थ्यो। अपराधीका पाखुराहरू फैलाइएर क्रूसमा किलाले ठोक्दा, उसले आफ्नो शरीरको अधिकांश वजन आफ्ना पाखुराहरूले थाम्नुपर्दथ्यो। छातीको विवरमाथि र बाहिरतिर तानिन्थ्यो अनि ताजा हावा लिनलाई सास छोड्न कठिन पर्दथ्यो। अपराधीलाई सास नलिई नहुने भएपछि उसले आफूलाई आफ्ना खुट्टाहरूले माथि उचाल्नुपर्दथ्यो। यसो गर्दा उसले आफ्नो शरीरको वजन खुट्टाहरूले थाम्थ्यो र त्यस बेला पाखुरामा थामिएको शरीरको वजनको बोझ केही हल्का बनाउँथ्यो, जसो गर्दा उसको छातीको विवर केही सामान्य बन्थ्यो। यस तरिकाले आफैलाई माथि उचाल्दा अपराधीले श्वासावरोधलाई पन्छ्याउन सक्थ्यो। तर यो अति नै पीड़ादायक हुन्थ्यो किनभने यसो गर्दा शरीरलाई थामिरहेका किलाहरूमा शरीरको वजन राख्नुपर्थ्यो अनि कुइना दोबार्नुपर्थ्यो; नाड़ीमा ठोकिएका किलाहरूको भरमा शरीरलाई माथि लानुपर्दथ्यो।[७] यसअघि अपराधीलाई हिर्काइएका कोर्राहरूको चोटले रगतपच्छे भएको ढाँड़ प्रत्येकपटकको साससितै क्रूसको काठमा घस्रिन्थ्यो। त्यसैकारण Seneca-ले (प्रथम शताब्दी) क्रूसमा टाँगिएको मानिसबारे यो लेखे, "दीर्घकालीन पीड़ामाझ जीवनको सास लिइएको" (लुसिलियसलाई लेखिएको, Epistle 101, खण्ड १४)।

सन् १९८६ मा *Journal of the American Medical Association*-मा एक डाक्टरले क्रूसीकरणद्वारा हुने मृत्युमा अनुभव गरिने पीड़ाबारे बुझाउँदै यो लेखे,

> पर्याप्त सास फेर्नलाई खुट्टा टेकेर, कुइनालाई बल दिएर शरीर उचाल्नुपर्थ्यो। तर पनि यसरी शरीर चलाउनुपर्दा शरीरको सम्पूर्ण वजन गोलीगाँठाका हाड़ (tarsals)-मा राख्नुपर्थ्यो जसले मुटु चिर्ने पीड़ा हुन्थ्यो। यसबाहेक, कुइना घुमाउँदा नाड़ीहरू किलावरिपरि घुम्थे जसले गर्दा चोट लागेका मुख्य नसाहरूमा ज्वालाजस्तै पीड़ा फैलिएर जान्थ्यो। ... मांशपेशीहरूमा लाग्ने पीड़ाका शोलाहरू अनि बाहिरतिर फैलिएका र माथि उठाइएका

[७] प्रायः "हात" (*cheir,* लूका २४:३९-४०; यूह २०:२०) भनी अनुवाद गरिने ग्रीक शब्दले कहिलेकाहीँ पाखुरा पनि बुझाउन सक्छ (BAGD,पृ. ८८०; LSJ, पृ. १९८३, २)। हातहरूलाई छेड़ेर गएको किलाले शरीरको वजनलाई थाम्न सक्नेथिएन किनकि हात लुछिनेथियो।

> पाखुराहरूले पीड़ालाई झन् चर्काउँथ्यो। फलस्वरूप, प्रत्येक स्वास-प्रश्वास अति वेदनादायक र शिथिल बनाउने हुन्थ्यो जसले अन्त्यमा सासअवरोध गराउँथ्यो।[८]

कुनै क्रूसीकरणहरूमा क्रूसमा चढ़ाइएका मानिसहरू धेरै दिनसम्म निसासिँदै र अधमरो भएर बाँचिरहन्थ्यो। त्यसैकारण जल्लादहरूले अपराधीहरूका खुट्टाहरू भाँचिदिन्थे जसो गर्दा मृत्युसहजै हुन्थ्यो। यूहन्ना १९:३१-३३ मा हामी यसबारे पढ़्न पाउँछौं :

> त्यो दिन तयारीको दिन थियो। यसकारण यहूदीहरूले शबाथमा (विशेष गरी यस शबाथमा, जुनचाहिँ महत्त्वपूर्ण थियो) मृत शरीरहरू क्रूसमा नरहून् भनी पिलातसलाई बिन्ती गरे, र तिनीहरूका खुट्टा भाँचे तिनीहरूका शरीर लगिऊन् भनी माग गरे। तब सिपाहीहरू आएर उहाँसँग क्रूसमा टाँगिएकाहरूका खुट्टा भाँचे, पहिले एक जनाका, त्यसपछि अर्काका। जब तिनीहरू येशूकहाँ आए तिनीहरूले देखे, कि उहाँको मृत्यु अघि नै भइसकेको रहेछ, र उहाँका खुट्टा भाँचेनन्।

(२) **पाप बोक्दाको पीड़ा** : येशूले सहनुभएको शारीरिक पीड़ाभन्दा अझ भयानक पीड़ा हाम्रा निम्ति उहाँले वहन गर्नुभएको पापको पीड़ा थियो। ख्रीष्टियानहरूका रूपमा हामीले पाप गरेको हामीलाई थाहा हुँदा हामीलाई हुने व्यथाबारे हामी केही न केही जान्दछौं। दोषभावनाको वजन हाम्रा हृदयमा गह्रौं हुन्छ अनि विश्वमा भएका सबै सही थोकहरूबाट विछोड़को तीतो अनुभूति हुन्छ – त्यस कुराको जागरूकता जो एउटा गहिरो अर्थमा नहुनुपर्ने हो। वास्तवमा, परमेश्वरका छोराछोरीहरूका रूपमा हामी जति अघि बढ़्दैजान्छौं, त्यति नै मात्रामा हामीले खराबी विरुद्धको यस घृणालाई प्रवृत्तिवश अनुभव गर्दछौं।

साँचै नै, येशू पूर्ण रूपमा पवित्र हुनुहुन्थ्यो। उहाँले आफ्नो सारा प्राणले पापलाई घृणा गर्नुभयो। खराबी र पापको विचार उहाँको चरित्रमा भएको प्रत्येक कुरोको विपरीत थियो। हामीले गर्नेभन्दा धेरै, येशूले प्रवृत्तिवश खराबीको विरुद्धमा विद्रोह गर्नुभयो। तर पनि पिताको आज्ञापालन गर्नुहुँदै अनि हामीलाई गर्नुहुने प्रेमको खातिर उहाँले ती सबै मानिसहरूका पाप आफूमा वहन गर्नुभयो जो कुनै दिन बचाइनेथिए।

हाम्रा पापहरू ख्रीष्टमा लादिए भनी धर्मशास्त्रले बारम्बार भन्दछ, "परमप्रभुले उसमाथि हामी सबैको अधर्म हालिदिनुभएको छ" (यशै ५३:६) अनि "उसले धेरैको *पाप बोक्यो*" (यशै ५३:१२)। बप्तिस्मा दिने यूहन्ना येशूलाई "संसारको पाप उठाइलैजाने परमेश्वरका थुमा" (यूह १:२९) भन्छन्। पावलले यो घोषणा गर्छन् कि परमेश्वरले ख्रीष्टलाई *"पाप बनाउनुभयो"* (२ कोर ५:२१) अनि ख्रीष्ट "हाम्रा निम्ति सराप" बन्नुभयो (गला ३:१३)। हिब्रूका लेखकले भन्छन् कि ख्रीष्टलाई "धेरै जनाका पाप बोक्नलाई एकै पल्ट बलि" बनाइयो (हिब ९:२८)। अनि पत्रुसले भन्छन्, "उहाँले

[८] Willam Edwards, MD. et al *JAMA* भाग २५५, सं. ११ (मार्च २१, १९६) पृ. १४६१।

क्रूसमा आफ्नै शरीरमा हाम्रा पाप बोक्नुभयो" (१ पत्र २:२४)।[९]

यशैया र २ कोरिन्थीबाट माथि उद्धृत गरिएका खण्डहरूले यो देखाउँछन् कि ख्रीष्टमाथि हाम्रा पाप राखिदिनुहुने पिता परमेश्वर नै हुनुहुन्थ्यो। त्यो कसरी हुनसक्थ्यो ? जुन प्रकारले आदमका पापहरू हामीमा आरोपण गरियो,[१०] त्यसरी नै परमेश्वरले हाम्रा पापहरू ख्रीष्टमा *आरोपण गरिदिनुभयो,* अर्थात् उहाँले ती पापहरू *ख्रीष्टका हुन् भनी ठान्नुभयो,* अनि विश्वमा जे छ त्यसको सर्वोच्च न्यायाधीश र निर्धारणकर्ता हुनुभएको कारण हाम्रा पापहरू ख्रीष्टका हुन् भनी परमेश्वरले ठहर गर्नुहुँदा वास्तवमै ती पापहरू ख्रीष्टकै थिए। यसको अर्थ यो होइन कि ख्रीष्टले नै ती पापहरू गर्नुभएको थियो, वा वास्तवमा ख्रीष्टकै पापी स्वभाव थियो भनी परमेश्वरले सोच्नुभयो, तर हाम्रा पापहरूको दोष (अर्थात् दण्ड भोग्नुपर्ने अनिवार्यता) हाम्रो होइन तर ख्रीष्टको हो भनी परमेश्वरद्वारा ठहर भयो।

परमेश्वरले यस्तो गर्नु र हामीबाट त्यो पापको दोष निर्दोष व्यक्ति ख्रीष्टमा हस्तान्तरण गर्नु न्यायोचित थिएन भनी कतिले आपत्ति उठाएका छन्। तर पनि हामीले स्मरण गर्नुपर्दछ कि ख्रीष्ट स्वयम्‌ले हाम्रा पापहरूको दोष स्वेच्छाले वहन गर्नुभयो, तसर्थ यो आपत्तिले यसको अधिकांश बल गुमाउँछ। यसबाहेक, विश्वमा के उचित र न्यायोचित छ, सोबारे परमेश्वर स्वयम् नै मापदण्ड हुनुभएको कारण, प्रायश्चित्त यस तरिकाले हुनेछ भनी उहाँले उर्दी निकाल्नुभयो, अनि यस कामले वास्तवमा उहाँ स्वयम्‌को धार्मिकता र न्याय परायणतालाई सन्तुष्ट बनायो।

**(३) परित्याग** (Abandonment) : क्रूसीकरणको शारीरिक कष्ट र हाम्रा पापको परम खराबी आफैमाथि वहन गर्ने कार्यलाई यस तथ्यले झन् गम्भीर बनायो कि येशूले त्यो कष्ट एकलै वहन गर्नुभयो। येशूले गेतसमेनी बगैँचामा पत्रुस, याकूब र यूहन्नालाई आफूसँग लानुहुँदा उहाँले तिनीहरूसँग उहाँको केही व्यथा गुप्त रूपमा बताउनुभयो, "मेरो आत्मा मृत्युसम्मै शोकले व्याकुल भएको छ। तिमीहरू यहाँ बस, र जागा रहो" (मर्क १४:३४)। यो त्यस किसिमको भरोसा हो जो एउटा मित्रसँग खुलस्त गरिन्छ, र उहाँको महापरीक्षाको समयमा उहाँले समर्थनको निम्ति गर्नुभएको अनुरोध यसले बुझाउँछ। तर येशू पक्रा पर्नुभएको तत्कालै "सबै चेलाहरू उहाँलाई छोड़ेर भागे" (मत्ती २६:५६)।

यहाँ पनि हाम्रो अनुभवमा हल्का सादृश्य छ किनकि अस्वीकृतिको आन्तरिक पीड़ा नचाखी हामी धेरै लामो जिउन सक्दैनौं, – चाहे यो अस्वीकृति घनिष्ठ मित्रबाट, आमा, बाबु वा सन्तानबाट, वा पत्नीबाट वा पतिबाटै किन नहोस्। तर पनि यस्ता सबै मुद्दाहरूमा, हामीले केही भिन्नै तरिकामा गर्न सक्थ्यौं, वा कुनै सानो

[९]हे. Grudem, *1 Peter,* पृह. १३३-३४, १ पत्र २:२४ को अर्थ ख्रीष्टले "क्रूससम्म हाम्रा पाप बोकेर लानुभयो" तर हाम्रा पापका अपराध आफैमा बोक्नुभएन भन्ने Deissmann-को दृष्टिकोणको सविस्तार छलफलको निम्ति। Deissmann-द्वारा प्रभावित भएर BAGD, पृ. ६३, ३ ले छक्कलाग्दो प्रकारले यो इन्कार गर्छ कि १ पत्र २:२४ मा प्रयोग गरिएको क्रियापद *anaphero*-को अर्थ "बोक्यो" हुन्छ, तर Polybius 1.36.3 र Thucydides 3.38.3-ले त्यस अर्थका बाइबलेतर उदाहरणहरू उपलब्ध गराउँछन् अनि यसको अर्थ सेप्टअजिन्टको यशै ५३:४, ११, १२ अनि हिब ९:२८; तु. LSJ, पृ. १२५, ३ मा यशै ५३:१२ को उद्धरणमा त्यस्तै छ।

[१०]हे. अ. २४, आदमको पाप हामीमा आरोपण गरिएको तथ्यबारे छलफल।

अंशमा हामीले भुल गरेका हुन सक्छौं कि भन्ने केही नभए पनि एउटा भावसम्म हुन्छ। तर येशू र चेलाहरूका विषयमा कुरा यस्तो थिएन किनकि "संसारमा भएका आफ्ना जतिलाई प्रेम गरेर उहाँले तिनीहरूलाई अन्त्यसम्मै प्रेम गर्नुभयो" (यूह १३:१)। उहाँले तिनीहरूलाई प्रेमबाहेक केही गर्नुभएन; यसको सट्टामा तिनीहरू सबैले उहाँलाई त्यागिदिए।

तर उहाँका घनिष्ठ मानव मित्रहरूको इन्कारभन्दा अझ नराम्रो कुरा त त्यो तथ्य थियो कि पितासँगको घनिष्ठताबाट उहाँ वञ्चित् हुनुभयो, जो उहाँको सम्पूर्ण सांसारिक जीवनभरि उहाँको अन्तःकरणमा सबैभन्दा ठूलो आनन्द भएर रहेको थियो। "इलोई, इलोई, लामा सबखथनी ?" 'हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईंले मलाई किन त्याग्नुभएको छ ?" (मत्ती २७:४६) भनी येशूले पुकार गर्नुहुँदा उहाँले यो देखाउनुभयो कि उहाँ आफ्ना स्वर्गीय पितासँगको मीठो सङ्गतिबाट अन्ततः विच्छेद गरिनुभएको थियो, जुन सङ्गति उहाँको व्यथाले भरिएको जीवनमा आन्तरिक शक्तिको अचूक स्रोत थियो र सबैभन्दा ठूलो आनन्दको तत्त्व थियो। येशूले क्रूसमा हाम्रा पाप वहन गर्नुहुँदा, येशू उहाँका स्वर्गीय पिताद्वारा त्यागिनुभएको थियो जुन पिताको "दृष्टि यति शुद्ध छ, कि" उहाँले "दुष्ट कुरा हेर्न सक्नुहुन्न" (हिब १:१३)। उहाँले एकलै लाखौं-लाख पापहरूका दोषको वजन बोक्नुभयो।

(४) **परमेश्वरको क्रोध वहन** : येशूको पीड़ाका अगिल्ला तीनवटा पक्षहरूभन्दा अझ कठिन पीड़ा उहाँले आफैमाथि परमेश्वरको क्रोध वहन गर्नु थियो। येशूले हाम्रा पापहरूको दोष एकलै वहन गर्नुहुँदा शक्तिशाली सृष्टिकर्ता र विश्वका परमप्रभु पिता परमेश्वर पिताले येशूमाथि आफ्नो क्रोधको प्रचण्डता खन्याउनुभयो, संसारको आरम्भदेखि परमेश्वरले पापको विरुद्धमा धैर्यसित जम्मा गरिरहनुभएको पापप्रति तीव्र घृणा र बदलाको पात्र येशू बन्नुभयो।

रोमी ३:२५ ले हामीलाई यो भन्छ कि परमेश्वरले ख्रीष्टलाई *"प्रायश्चित्त"*-को रूपमा प्रस्तुत गर्नुभयो। *प्रायश्चित्त*को अर्थ "एउटा बलिदान हो जसले अन्त्यसम्म परमेश्वरको क्रोध वहन गर्छ र यसो गर्दा हामीप्रति परमेश्वरको क्रोध कृपामा परिवर्तन हुन्छ।" पावलले हामीलाई भन्छन् कि "यो काम परमेश्वरले आफ्नो धार्मिकता देखाउनलाई गर्नुभयो, किनभने उहाँको परमेश्वरीय धैर्यमा अगाड़िका पापहरूलाई उहाँले वास्ता गर्नुभएको थिएन। परमेश्वर आफै धर्मी हुनुहुन्छ र येशूमा विश्वास राख्नेहरूलाई उहाँले धर्मी ठहराउनुहुन्छ भन्ने कुरा प्रमाण गर्नलाई उहाँले वर्तमान समयमा यो गर्नुभयो" (रोम ३:२५-२६)। परमेश्वरले विगतका पुस्ताहरूका पापलाई क्षमा गर्नुभएको अनि दण्डबारे बिर्सनुभएको मात्र थिएन। उहाँले पापहरू बिर्सनुभएको थियो अनि ती पापहरूका विरुद्धमा उहाँको धर्मी क्रोध थुपारेर राख्नुभएको थियो। तर पापको विरुद्धमा थुपारिएको त्यो क्रोधको ज्वाला परमेश्वरका आफ्नै पुत्रको विरुद्ध क्रूसमा खन्याइएको थियो।

इभ्यान्जेलिकल् सम्प्रदायबाहिरका धेरै ईश्वरशास्त्रीहरूले येशूले पापको विरुद्धमा परमेश्वरको क्रोध वहन गर्नुभयो भन्ने धारणाप्रति तीव्र आपत्ति उठाएका

छन्।[११] तिनीहरूको आधारभूत अनुमान यो हो कि परमेश्वर प्रेमका परमेश्वर हुनुभएको कारण उहाँले सृष्टि गर्नुभएका ती मानिसहरूविरुद्ध क्रोध देखाउनु उहाँको चरित्रसित नमिल्ने कुरा हो, जसका निम्ति उहाँ प्रमिलो पिता हुनुहुन्छ। तर इभ्यान्जेलिकल्वादी विद्वान्हरूले विश्वास दिलाउने प्रकारले यो तर्क गरेका छन् कि परमेश्वरका क्रोधको धारणा पुरानो र नयाँ करारमा ठोस प्रकारले आधारित छ; रोमीको पुस्तकको विषय प्रवेशको सम्पूर्ण तर्क यो हो कि सबै मानिसहरू, गैर यहूदीहरू र यहूदीहरू पापीहरू हुन् र तिनीहरू परमेश्वरको क्रोध र दण्डमुनि आउँछन्।"[१२]

नयाँ करारका अन्य तीनवटा निर्णायक खण्डहरूले येशूको मृत्युलाई "प्रायश्चित्त" हो भनी औंल्याउँछन् – हिब्रू २:१७; १ यूहन्ना २:२ र ४:१०। यी खण्डहरूमा प्रयोग गरिएका ग्रीक शब्दहरू (क्रियापद *hilaskomai*, "प्रायश्चित्त गर्नु" र संज्ञा *hilasmos*, "प्रायश्चित्तको बलिदान")-को अर्थ "परमेश्वरको क्रोधलाई अर्कोतिर फर्काउँछ र त्यसरी परमेश्वरलाई हामीप्रति प्रायश्चित्तमय (वा कृपालु) बनाउँछ" हो।[१३] बाइबलबाहेक ग्रीक मूर्तिपूजाहरूको सम्बन्धमा यी शब्दहरू प्रयोग हुँदा यी शब्दहरूको एकनासे अर्थ यही नै हुन्थ्यो। यी पदहरूको साधारण अर्थ यही हो कि येशूले पापको विरुद्धमा परमेश्वरको क्रोध वहन गर्नुभयो।

यस अर्थमा जोड़ दिनु महत्त्वपूर्ण छ किनभने यही अर्थ नै प्रायश्चित्तसम्बन्धी सिद्धान्तको मर्म हो। यसको अर्थ यो हो कि परमेश्वरको पवित्रता र न्यायको कारण पापको मोल चुकाउनैपर्ने अनिवार्यता अनन्त र अपरिवर्तनीय छ। यसबाहेक, हाम्रो व्यक्तिपरक चेतनामा प्रायश्चित्तको कुनै प्रभाव पर्नुभन्दा अघि यसको प्रथम असर परमेश्वरमाथि र उहाँले उद्धार गर्नुहुने पापीहरूसँग उहाँको सम्बन्धमा परेको थियो। यो केन्द्रिय सत्यतालाई छोड़ेर ख्रीष्टको मृत्युलाई पर्याप्त मात्रामा बुझ्न सकिँदैन (हे. प्रायश्चित्तबारे अन्य दृष्टिकोणहरूबारे छलफल तल)।

ख्रीष्टले भोग्नुभएको अनुभवका अन्य कुनै उपमाहरूबारे कुनै सुझाउहरू प्रस्तुत गर्दा हामी होशियार बन्नुपरे तापनि, (किनभने उहाँको अनुभव अपूर्व वा अतुलनीय थियो र सधैं रहनेछ), येशूको कष्टबारे हाम्रो सम्पूर्ण ज्ञान कुनै अर्थमा हाम्रो जीवनमा त्यस्तै मिल्दाजुल्दा अनुभवहरूका माध्यमबाट प्राप्त हुन्छ, किनकि परमेश्वरले हामीलाई धर्मशास्त्रमा त्यस्तै प्रकारले शिक्षा दिनुहुन्छ।[१४] हाम्रो मानव अनुभवले हामीलाई परमेश्वरको क्रोध वहन गर्नु भनेको अर्थ के हो सो फेरि पनि एउटा अति हल्का

---

[११]C. H. Dodd, *The Bible and the Greeks* (लन्डन : होडर ज्यान्ड स्टटन, १९३५), पृह. ८२-९५ मा विस्तारित भाषाविषयक तर्क हे.। Dodd यो तर्क गर्छन् कि प्रायश्चित्तको धारणा मूर्तिपूजक धर्महरूमा सामान्य थियो तर पुरानो र नयाँ करारका लेखकहरूमा थिएन।

[१२]Leon Morris, "Propitiaation," *EDT*, पृ. ८८८ (संक्षिप्त पुस्तक सन्दर्भ पनि छ)। यी प्रश्नहरूसम्बन्धी Morris-को आफ्नै लेखनहरूले यस प्रश्नबारे इभ्यान्जेलिकल् विद्वत्ता प्रतिनिधित्व गरेको छ। हे. उनको पुस्तक *The Apostolic Preaching of the Cross,* तेस्रो संस्करण (लन्डन : टिन्डेल प्रेस, १९६५), हे. पृह. १४४-२१३। हे. अ. १२ मा परमेश्वरको क्रोधबारे छलफल पनि।

[१३]नयाँ करारमा प्रायश्चित्तको धारणा थियो भन्ने तथ्यलाई इन्कार गर्ने विद्वान्हरूको प्रभावमा आएर RSV-ले *hilasmos*-लाई "प्रायश्चित्त" भनी अनुवाद गर्‍यो। यस शब्दको अर्थ "पापबाट शुद्ध बनाउने कार्य" हो तर यसमा परमेश्वरको क्रोधलाई शान्त बनाउने अवधारणा छैन।

[१४]परमेश्वरबारे हामीलाई शिक्षा दिनलाई धर्मशास्त्रमा भएको मानवरूपी भाषाबारे छलफलको निम्ति हे. अ. ११।

सादृश्यले उपलब्ध गराउँछ। हामी बालबालिकाहरू भएका बेला हामीले गलत काम गर्दा मानव पिताको क्रोध सायद अनुभव गरेका छौं वा सम्भवतः वयस्क हुँदा हामीले गरेका भुलको निम्ति हामीले हाम्रो मालिकको रीस चाखेका छौं। अर्को व्यक्ति धराशयी हुँदा हामी आफैहरूभित्र दुःखी बनेर विचलित बन्दछौं, हामी काम्दछौं। कुनै सीमित मानिसबाट होइन तर सर्वशक्तिमान् परमेश्वरबाट त्यो क्रोध खनिने खतराले ल्याउने व्यक्तिगत विघटनको कल्पना हामी मुश्किलले गर्न सक्छौं। क्रोध नै प्रकट नगर्ने परमेश्वरको उपस्थितिले पनि मानिसहरूमा डर र कम्पन जागृत गराउँछ भने (तु. हिब १२:२१, २८-२९) क्रोधित परमेश्वरको उपस्थिति सामना गर्नु कति भयानक काम हो (हिब १०:३१)।

उक्त कुरालाई ध्यानमा राख्दै अब हामी येशूको एकाकीपनको क्रन्दन बुझ्न सक्षम छौं, "हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईंले मलाई किन त्यागिदिनुभएको छ?" (मत्ती २७:४६ख)। यो प्रश्नको अर्थ "किन तपाईंले मलाई सधैंको निम्ति छोड़िदिनुभएको छ?" होइन किनकि येशूले यो जान्नुभएको थियो कि उहाँले संसारलाई छोड़िरहनुभएको र उहाँ पिताकहाँ गइरहनुभएको थियो (यूह १४:२८; १६:१०, १७)। उहाँ फेरि जीवित हुनुहुनेछ भनी येशूले जान्नुहुन्थ्यो (यूह २:१९; लूक १८:३३; मर्क ९:३१; आदि)। "उहाँको सामुन्ने राखिदिएका आनन्दको निम्ति" येशूले "अपमानलाई केही जस्तो नठानी क्रूसको कष्ट भोग्नुभयो, र परमेश्वरको सिंहासनको दाहिनेपट्टि विराजमान हुनुहुन्छ" (हिब १२:२)। येशूले परमेश्वरलाई अझै पनि "हे मेरा परमेश्वर" भन्न सक्नुहुन्थ्यो भनी उहाँले जान्नुहुन्थ्यो। एकाकीपनको यो क्रन्दन पूर्ण नैराश्यको क्रन्दन थिएन। यसबाहेक, "तपाईंले मलाई किन त्यागिदिनुभएको छ?" भन्ने वाक्यले यो बुझाउँदैन कि उहाँ किन मर्नुभइरहेको थियो सो उहाँले बुझ्नुभएन। उहाँले भन्नुभयो, "मानिसको पुत्र सेवा पाउन होइन, तर सेवा गर्न र धेरैका छुटकाराको मोलको निम्ति आफ्नो प्राण दिन आएको हो" (मर्क १०:४५)। उहाँ हाम्रा पापका निम्ति मर्नुहुँदैथियो भनी येशूले जान्नुभयो।

येशूको क्रन्दन भजन २२:१ को उद्धरण हो जसमा भजनकारले परमेश्वरले तिनलाई उद्धार गर्नबाट त्यत्ति टाढ़ा हुनुहुन्छ, तिनलाई उद्धार गर्न परमेश्वरले किन बियाँलो गर्नुहुन्छ भनी प्रश्न गर्छन् :

> हे मेरा परमेश्वर, हे मेरा परमेश्वर,
> तपाईंले मलाई किन त्याग्नुभएको छ?
> मलाई बचाउनबाट तपाईं किन यति टाढ़ा हुनुहुन्छ?
> अनि मेरा करुण-क्रन्दनका शब्दहरूबाट त्यति टाढ़ा?
> हे मेरा परमेश्वर, दिनको समयमा म पुकार्छु,
> तर तपाईं उत्तर दिनुहुन्न।
> राती पनि म शान्त बन्दिनँ (भज २२:१-२)।

तर पनि कालान्तरमा भजनकार परमेश्वरद्वारा उद्धार गरिए, र उनको एकाकीपनको पुकार प्रशंसाको भजनमा परिवर्तन भयो (पद. २२-३१)। येशूले धर्मशास्त्रका वचनहरू

उहाँका आफ्नै वचनहरूजस्तै गरी जान्नुहुन्थ्यो, भजन २२ को सन्दर्भ राम्ररी जान्नुहुन्थ्यो। यस भजनलाई उद्धृत गर्नुहुँदा उहाँले एकाकीपनको त्यो पुकार उद्धृत गरिरहनुभएको छ जसको सन्दर्भमा यो तथ्य पनि अपरोक्ष रूपमा संलग्न छ कि उहाँले ती परमेश्वरमा भरोसा गरिरहनुभएको छ जसले उहाँलाई अन्ततः उद्धार गर्नुहुनेछ। तरै भए तापनि, यो संतापको अति नै साँचो क्रन्दन हो किनभने कष्ट अति दीर्घकालीन छ अनि छुटकारा देखिँदैन।

उद्धरणको यो सन्दर्भसित "तपाईंले मलाई किन त्यागिदिनुभएको छ?" भन्ने प्रश्नको अर्थ "तपाईंले मलाई *यत्ति लामो समयसम्म* किन छोड़िदिनुभयो?" हो भनी बुझ्नु उत्तम हुन्छ। भजन २२ मा यसको अर्थ यही नै हो। उहाँको मानव स्वभावमा उहाँले हाम्रो पाप वहन गर्नुपर्नेथियो, कष्ट भोग्नुपर्नेथियो र मर्नुपर्नेथियो भनी जान्नुहुन्थ्यो। तर, उहाँको मानव चेतनामा, यो कष्ट कति लामो हुनेथियो सो सम्भवतः जान्नुभएन। तर पनि लाखौं पापहरूको दोष एकै पलको निम्ति वहन गर्ने कामले आत्मालाई ठूलो वेदना दिनेथियो। तर एक पलको निम्ति पनि असीम परमेश्वरको गहन र प्रचण्ड क्रोध वहन गर्ने कामले महागहिरो भय उत्पन्न गर्नेथियो। तर येशूको कष्ट एक मिनट वा दुई वा दश मिनटमा समाप्त भएन। यो कहिले समाप्त हुनेथियो? के पापको अझ धेरै वजन हुनेथियो? के परमेश्वरको अझ धेरै क्रोध आउनेथियो? घण्टौंघण्टासम्म यो क्रोध दन्किरहयो। पापको कालो वजन र परमेश्वरको गहन क्रोध येशूमाथि एउटाबाट अर्को छाल बन्दै खनिइरहयो। अन्त्यमा येशू चिच्याउनुभयो, "हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईंले मलाई किन त्यागिदिनुभएको छ?" यो कष्ट यति लामो किन हुने? हे परमेश्वर, हे मेरा परमेश्वर, के तपाईंले यसलाई कहिले समाप्त गरिदिनुहुनेछ?

त्यसपछि येशूले यो कष्ट समाप्त हुनैलागेको थियो भनी थाहा पाउनुभयो। हाम्रा पापहरूका विरुद्धमा उहाँले पिताका सबै क्रोधहरू चेतनशील भएर वहन गर्नुभएको थियो भनी उहाँले जान्नुभयो किनकि परमेश्वरको रीस साम्य भएको थियो र पापको भयानक वजन हटाइरहिएको थियो। बाँकी काम उहाँको प्राणलाई स्वर्गीय पिताकहाँ सुम्पिदिनु र मर्नु मात्र थियो भनी उहाँले जान्नुभयो। विजयको चीत्कारसित येशू चिच्याउनुभयो, "अब सिद्धियो!" (यूह १९:३०)। त्यसपछि ठूलो सोरले उहाँ एकपटक फेरि चिच्याउनुभयो, "हे पिता, म मेरो आत्मा तपाईंको हातमा सुम्पन्छु!" (लूक २३:४६)। अनि त्यसपछि उहाँले उहाँबाट कसैले छिन्न नसक्ने उहाँको त्यो जीवन स्वेच्छाले त्यागिदिनुभयो (यूह १०:१७-१८) र उहाँ मर्नुभयो। यशैयाले पूर्ववाणी गरेका जस्तै गरी "उसले आफ्नो जीवन मृत्युमा खन्यायो" र "धेरैको पाप बोक्यो" (यशै ५३:१२)। पिता परमेश्वरले "उसका प्राणको वेदनापछि ... जीवनको ज्योति" देख्नुभयो अनि उहाँ "सन्तुष्ट" हुनुभयो (यशै ५३:११)।

**ग. ख्रीष्टको मृत्युबारे अतिरिक्त ज्ञान :**

**(१) पिता परमेश्वरद्वारा दण्ड दिइएको थियो :** "हाम्रा पापहरूका निम्ति ख्रीष्टलाई दण्ड भोग्ने आदेश कसले दियो?" भन्ने प्रश्न हामीले यदि गर्‍यौं भने धर्मशास्त्रद्वारा

दिइएको उत्तर यो हो कि उद्धारमा पिता परमेश्वरले त्रिएकत्वको हित प्रतिनिधित्व गर्नुभएको कारण त्यो दण्डको आज्ञा उहाँले दिनुभएको थियो। यो परमेश्वरको न्याय थियो कि पापको मोल तिरियोस् अनि त्रिएकत्वका सदस्यहरूमध्ये पिता परमेश्वर नै हुनुहुन्थ्यो जसको भूमिका थियो त्यो मोल तिर्न अनिवार्य बनाउनु। पुत्र परमेश्वरले पापको दण्ड भोग्नुहुने भूमिका स्वेच्छाले आफूमाथि लिनुभयो। पिता परमेश्वरतिर इङ्गित गर्दै पावल भन्छन्, "किनकि हामी उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनुभयो" (२ कोर ५:२१)। यशैयाले भने, "परमप्रभुले उसमाथि हामी सबैको अधर्म हालिदिनुभएको छ" (यशै ५३:६)। उनले ख्रीष्टको दुःखकष्ट वर्णन गर्दै अझ भन्छन्, "तापनि उसलाई चकनाचूर र कष्टमा पार्न परमप्रभुको इच्छा थियो" (यशै ५३:१०)।

उद्धारको काममा पिता परमेश्वर र पुत्र परमेश्वर दुवैको उदेकको प्रेमबारे यहाँ हामी केही थप कुराको झलक पाउँछौं। क्रूसको अविश्वसनीय पीड़ा वहन गर्नुहुनेथियो भनी येशूले जान्नु मात्र भएन, तर आफूले गहिरोसित प्रेम गर्नुभएको पुत्रलाई यो पीड़ा लाद्नुपर्नेथियो भनी पिता परमेश्वरले पनि जान्नुभयो। "परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ, कि हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो" (रोम ५:८)।

**(२) अनन्तको दुःखकष्ट होइन तर पूर्ण भुक्तानी** : यदि हामीले हाम्रा आफ्नै पापहरूको मोल तिर्नुपरेको भए हामी परमेश्वरबाट अलग भएर हामीले अनन्तको निम्ति कष्ट पाउनेथियौं।[१५] तर, येशूले अनन्तको कष्ट भोग्नुभएन। यस भिन्नताका दुईवटा कारणहरू छन् : (अ) हामीले हाम्रा आफ्नै पापहरूका निम्ति कष्ट भोगेका भए हामीले आफूलाई परमेश्वरको दृष्टिमा निर्दोष बनाउन सक्नेथिएनौं। यसको आशा हुनेथिएन किनभने फेरि जिउने र परमेश्वरको सामुन्ने सिद्ध धार्मिकता आर्जन गर्ने कुनै उपाय नै रहनेथिएन, अनि हाम्रा पापमय स्वभावलाई निष्क्रिय बनाउने कुनै उपाय नै हुनेथिएन र परमेश्वरको सामुन्ने यसलाई ठीक पार्ने उपाय नै हुनेथिएन।

यसबाहेक, हामी त्यस किसिमका पापीहरूका रूपमा जिइरहनेथियौं जसले परमेश्वरको सामुन्ने धार्मिकताको शुद्ध हृदयसित कष्ट भोग्नेथिएनन्, तर परमेश्वरको विरुद्धमा विद्वेष र तीतोपनसित कष्ट भोग्नेथिए, र त्यसरी हाम्रो पापलाई अझ जटिल बनाइरहनेथियौं। (आ) हाम्रा पापका विरुद्धमा परमेश्वरको सबै क्रोध बोक्न येशू सक्षम हुनुहुन्थ्यो। कुनै मानिस मात्रले यो कहिल्यै पनि गर्न सक्नेथिएन, तर येशू स्वयम्मा मानव र परमेश्वरीय स्वभाव एक भएको कारण पापको विरुद्धमा परमेश्वरको सम्पूर्ण क्रोध वहन गर्न अनि यसलाई अन्त्यैसम्म वहन गर्न येशू सक्षम बन्नुभयो। यशैयाले यो पूर्ववाणी गरे कि परमेश्वरले, "उसका प्राणको वेदनापछि उसले जीवनको ज्योति देख्नेछ र *सन्तुष्ट"* हुनुहुनेछ (यशै ५३:११)। हाम्रा पापको निम्ति आफूले पूर्ण दण्ड भोग्नुभयो भनी जान्नुभएपछि येशूले भन्नुभयो, *"अब सिद्धियो"* (यूह १९:३०)। ख्रीष्टले यदि पूरा दण्ड नभोग्नुभएको भए हाम्रो निम्ति दण्ड अझै पनि

[१५]हे. अ. ५६ अनन्तको दण्डबारे।

रहिरहनेथियो। हामीले भोग्नुपर्ने दण्ड उहाँले भोगिदिनुभएको हुनाले “अब ख्रीष्ट येशूमा भएकाहरूलाई दण्डको आज्ञा छैन” (रोम ८:१)।

यहाँ यो बुझ्न हामीलाई उपयोगी हुन्छ कि परमेश्वरको अनन्त स्वभावमा र परमेश्वरले मानिसजातिलाई दिनुभएको व्यवस्थामा यस्तो कुनै कुरा छैन जसले मानिसका पापको ज्याला तिर्नलाई अनन्तको कष्टभोग हुनैपर्दछ भन्ने अनिवार्यता तोकिएको होस्। वास्तवमा, यदि अनन्तको कष्टभोग छ भने यसले यो मात्र देखाउँछ कि दण्ड कहिल्यै पनि पूर्ण रूपमा भोगिएको छैन, अनि दुष्ट काम गर्ने मानिस स्वभावले नै पापी रहिरहन्छ। तर क्रूसमा ख्रीष्टको कष्टभोग अन्त्यमा समाप्त हुँदा यसले यो देखायो कि उहाँले पापको विरुद्धमा परमेश्वरका क्रोधको पूर्ण मात्रा वहन गर्नुभएको थियो र तिर्नुपर्ने दण्डको ज्याला बाँकी रहेको थिएन। यसले यो पनि देखायो कि उहाँ आफै पनि परमेश्वरको सामुन्ने धार्मिक हुनुहुन्थ्यो। ख्रीष्टले अनन्तताको सट्टामा सीमित समयको निम्ति कष्टभोग झेल्नुभयो भन्ने तथ्यले यो पनि देखाउँछ कि उहाँको कष्टभोग पापहरूको पूर्ण ज्याला थियो। हिब्रूका लेखकले ख्रीष्टको उद्धारका कामको समापन र अन्तिम रूपमा जोड़ दिँदै यस मुख्य विषयलाई बारम्बार दोहोऱ्याउँछन् :

> येशू आफैलाई बारम्बार बलि चढ़ाउन स्वयम् पस्नुभएको होइन, जसरी प्रधान पूजाहारी सालिन्दा आफ्नै रगत होइन, तर अर्काको रगत लिएर महा-पवित्रस्थानभित्र प्रवेश गर्ने गर्दछन्। नत्रता संसारको उत्पत्तिदेखि नै उहाँले बारम्बार दुःख भोग्नुपर्नेथियो। तर यस युगको अन्त्यमा आफ्नै बलिद्वारा पाप हटाउनलाई उहाँ सधैंको निम्ति एकै पल्टमा प्रकट हुनुभएको छ। ... ख्रीष्ट पनि धेरै जनाका पाप बोक्नलाई एकै पल्ट देखा पर्नुहुनेछ, पाप बोक्नको निम्ति होइन, तर उत्सुकतापूर्वक उहाँको प्रतीक्षा गर्नेहरूका उद्धारको निम्ति” (हिब्रू ९:२५-२८)।

नयाँ करारले ख्रीष्टको बलिदानात्मक मृत्युको समापन र अन्तिमतामा दिएको जोड़ रोमन क्याथलिकको त्यो शिक्षाको ठीक उल्टा छ, जसअनुसार रोमन क्याथलिकले यो भन्छ कि *मास*मा ख्रीष्टको बलिदान दोहोरिन्छ।[१६] रोमन क्याथलिक चर्चको यो औपचारिक शिक्षाको कारण सुधारवाद आन्दोलनदेखिका र आजका पनि ख्रीष्टियानहरूमा यो विश्वास छ कि तिनीहरूले असल विवेकसित रोमन क्याथलिक *मास*मा अंशग्रहण गर्न सक्दैनन् किनभने यसो गर्नु भनेको प्रत्येकपटक *मास* चढ़ाइँदा ख्रीष्टको बलिदान दोहरिन्छ भन्ने क्याथलिक दृष्टिकोणलाई अनुमोदन गरिएको देखिन्छ।

हाम्रा निम्ति ख्रीष्ट स्वयम्को बलिदानको समापन र अन्ततामा नयाँ करारले

[१६]Ludwig Ott, *Fundamentals of Catholic Dogma*, पृ. ४०८ मा भन्छन्, “मासको बलिदानमा र क्रूसको बलिदानमा बलिदानको वरदान र बलिदान दिने मुख्य पूजाहारी एकनास छन्; भेटीका प्रकृति र पद्धति मात्र भिन्नै छन् ... थोमसवादको दृष्टिकोणअनुसार *प्रत्येक मासमा ख्रीष्टले पनि वास्तविक रूपमा त्यो मौलिक बलिदानात्मक विधि पूरा गर्नुहुन्छ* जसलाई अन्य धेरै क्रमागत विधिहरूको मोठ होइन् तर रूपान्तरित ख्रीष्टको एउटै सग्लो अविच्छिन्न बलिदानात्मक काम भनी ठान्नुपर्छ। क्रूसको बलिदानको जस्तै मासको बलिदानको उद्देश्य पनि एउटै छ; आधारभूत तवरमा परमेश्वरको महिमा, गौण रूपमा प्रायश्चित्त, धन्यवादज्ञापन र अपील।”

दिएको जोड़को धेरै नै व्यावहारिक प्रयोग छ किनभने यसले हामीलाई यो आश्वासन दिन्छ कि पापको निम्ति हामीले चुक्ता गर्नुपर्ने कुनै बाँकी मोल छैन। त्यो मोल ख्रीष्टद्वारा पूर्ण रूपमा तिरिइएको छ र हामीमा दण्डाज्ञा वा दण्डको बाँकी डर हुनैपर्दैन।

**(३) ख्रीष्टको रगतको अर्थ :** नयाँ करारले ख्रीष्टको रगतलाई हाम्रो उद्धारसित सम्बन्धित रहेको बताउँदछ। उदाहरणार्थ, पत्रुस भन्छन्, "तिमीहरू जान्दछौ कि आफ्ना पिता-पुर्खाबाट आएका व्यर्थका कुराहरूदेखि, सुन वा चाँदीजस्ता नाश हुने थोकहरूद्वारा दाम तिरी तिमीहरू छुट्टचाइएका होइनौ, तर निष्खोट र निष्कलङ्क थुमाको जस्तो ख्रीष्टको अनमोल रगतद्वारा दाम तिरी छुट्टचाइएका छौ" (१ पत्र १:१८-१९)।

ख्रीष्टको रगत त्यो बाहच स्पष्ट प्रमाण हो कि हाम्रो उद्धारको निम्ति ख्रीष्टले बलिदानात्मक मृत्यु मर्नुहुँदा उहाँको जीवनको रगत बहाइएको थियो – "ख्रीष्टको रगत"-को अर्थ मुक्ति दिने शक्तिमय उहाँको मृत्यु हो।[१७] हामी यो ठानौंला कि ख्रीष्टको रगतले (जीवन दिइएको छ भन्ने कुराको प्रमाण) परमेश्वरको अघि हाम्रो न्यायिक दोष हटाइएको विशिष्ट सन्दर्भ बन्नेथियो – किनकि दोष हटाइने कामबारे यो प्राथमिक सन्दर्भ हो – नयाँ करारका लेखकहरूले यस रगतका अन्य विभिन्न प्रभावहरू पनि बताउँछन्। ख्रीष्टको रगतद्वारा हाम्रो चेतना शुद्ध हुन्छ (हिब ९:१४), उपासना र प्रार्थनामा हामीले परमेश्वरको सामुन्ने निर्भीक प्रवेश प्राप्त गर्छौं (हिब १०:१९)। हामी बाँकी पापबाट उत्तरोत्तर शुद्ध बनाइन्छौं (१ यूह १:७; तु. प्रका १:५ख), भाइहरूलाई दोष लगाउनेलाई जित्न सक्षम हुन्छौं (प्रका १२:१०-११), र हामी पापमय जीवन शैलीबाट उद्धार गरिन्छौं (१ पत्र १:१८-१९)।[१८]

धर्मशास्त्रले ख्रीष्टको रगतबारे अति नै बिघ्नै गरी बताउँछ किनभने यो बहाउनु त्यस कुराको अति स्पष्ट प्रमाण थियो कि उहाँको जीवन न्यायिक प्राणदण्डको निम्ति दिइरहिएको थियो (अर्थात् उहाँलाई प्राणदण्ड दिइएको थियो र उहाँ सांसारिक मानव न्यायाधीश र स्वर्गका परमेश्वर दुवैद्वारा दिइएको दण्ड भोग्दै मर्नुभयो)। धर्मशास्त्रले ख्रीष्टको रगतमा दिएको जोड़ले ख्रीष्टको मृत्यु र पुरानो करारका धेरैवटा बलिहरूमा बलीपशुको जीवनरक्त बहाउनु माझको स्पष्ट सम्बन्ध पनि देखाउँछ। यी सबै बलिदानहरूले ख्रीष्टको मृत्युलाई देखाए अनि यसको पूर्वचित्र दिए।

**(४) "दाण्डिक प्रतिस्थापन"** (Penal Substitution)**-को रूपमा ख्रीष्टको मृत्यु :** यहाँ प्रस्तुत ख्रीष्टको मृत्युको दृष्टिकोणलाई *"दाण्डिक प्रतिस्थापना"*-को सिद्धान्त (the theory of "penal substitution") भनिएको छ। ख्रीष्टको मृत्यु यस अर्थमा "दाण्डिक" थियो कि उहाँ मर्नुहुँदा उहाँले दण्ड भोग्नुभयो। उहाँको मृत्यु यस अर्थमा पनि "प्रतिस्थापना" थियो कि उहाँ मर्नुहुँदा उहाँ हाम्रा प्रतिस्थापना हुनुहुन्थ्यो। इभ्यानजेलिकल्

[१७]Leon Morris, *The Apostolic Preaching of the Cross*, पृह. ११२-२६।
[१८]यो अनुच्छेद Wayne Grudem, *The Epistle of Peter,* पृ. ८४ बाट लिइएको हो।

ईश्वरशास्त्रीहरूद्वारा बुझिएका प्रायश्चित्तको कट्टरपन्थी अर्थ यही नै हो; यसको विपरीत अरू दृष्टिकोणहरू पनि छन् जसले प्रायश्चित्तलाई परमेश्वरको क्रोध वा पापको निम्ति भोग्नुपर्ने दण्डको धारणाभन्दा बेग्लै कुरा हो भनी बुझाउने प्रयास गर्छन् (यसबारे तल पढ्नोस्)।

प्रायश्चित्तबारे यो दृष्टिकोणलाई कहिलेकाहीँ *प्रातिनिधिक प्रायश्चित्त*को सिद्धान्त (the theory of *vicarious atonement*) भनिन्छ। उपस्थित नभएको व्यक्तिको पक्षमा काम गर्ने वा तिनको प्रतिनिधित्व गर्ने व्यक्तिलाई "प्रतिनिधि" (vicar) भनिन्छ। तसर्थ ख्रीष्टको मृत्यु प्रातिनिधिक थियो किनभने उहाँले हाम्रो स्थान लिनुभयो र हाम्रो प्रतिनिधित्व गर्नुभयो। हाम्रा प्रतिनिधिका रूपमा उहाँले पाउनुपर्ने दण्ड भोग्नुभयो।

**घ. प्रायश्चित्तका विभिन्न पक्षहरूलाई वर्णन गर्ने नयाँ करारका शब्दहरू :** ख्रीष्टका प्रायश्चित्तकारी काम एउटा जटिल घटना हो जसको हामीमाथि विभिन्न प्रभावहरू हुन्छन्। त्यसकारण यसलाई धेरैवटा विभिन्न दृष्टिकोणहरूबाट हेर्न सकिन्छ। यिनलाई वर्णन गर्नका लागि नयाँ करारले विभिन्न शब्दहरू प्रयोग गर्छ; हामी तीमध्ये चारवटा महत्त्वपूर्ण शब्दहरू हेर्नेछौं।

पापीहरूका रूपमा हाम्रा चारवटा आवश्यकताहरू ख्रीष्टको मृत्युले कसरी पूरा गऱ्यो सो निम्नलिखित चारवटा शब्दहरूले देखाउँछन् :

१. पापको दण्डका रूपमा हामी *मर्न* योग्यका छौं।
२. पापको विरुद्धमा *परमेश्वरको क्रोध खप्न* हामी योग्यका छौं।
३. हाम्रा पापका कारण हामी परमेश्वरबाट *अलग* गरिएका छौं।
४. हामी *पापको* र शैतानको राज्यको *दासत्वमा* छौं।

यी चारवटा आवश्यकताहरू ख्रीष्टको मृत्युद्वारा निम्नलिखित तरिकाहरूमा पूरा गरिइन्छन् :

**(१) बलिदान :** हाम्रा पापहरूका कारण हामीले पाउनुपर्ने मृत्यको दण्ड भोग्नलाई ख्रीष्ट हाम्रा निम्ति बलिदानको रूपमा मर्नुभयो। "तर यस युगको अन्त्यमा आफ्नै बलिद्वारा पाप हटाउनलाई उहाँ सधैंको निम्ति एकै पल्ट प्रकट हुनुभएको छ" (हिब ९:२६)।

**(२) प्रायश्चित्त :** परमेश्वरको जुन क्रोध योग्यका हामी थियौं त्यसबाट हामीलाई हटाउन ख्रीष्ट हाम्रा निम्ति प्रायश्चित्त बनी मर्नुभयो। "प्रेम यसैमा छ, कि हामीले परमेश्वरलाई प्रेम गरेका होइनौं, तर उहाँले हामीलाई प्रेम गर्नुभयो, र हाम्रा पापको प्रायश्चित्त हुनका निम्ति आफ्ना पुत्र पठाउनुभयो" (१ यूह ४:१०)।

**(३) पुनर्मिलाप :** परमेश्वरबाट भएको हाम्रो सम्बन्धविच्छेदलाई हटाउन पुनर्मिलाप उपलब्ध गराएर हामीलाई परमेश्वरसँग सङ्गतिमा फर्काइल्याउनलाई कुनै व्यक्तिको आवश्यकता थियो। पावल भन्छन्, "यो सब परमेश्वरबाट भएको हो, जसले हामीलाई ख्रीष्टद्वारा आफूसँग मिलापमा ल्याउनुभयो, र हामीलाई मिलापको सेवा

दिनुभयो, अर्थात् स्वयम् ख्रीष्टमा हुनुभएर परमेश्वरले संसारलाई आफूसँग मिलापमा ल्याउँदैहुनुहुन्थ्यो" (२ कोर ५:१८-१९)।

(४) **उद्धार** : हामी पापीहरू भएर पाप र शैतानको दासत्वमा परेका हुनाले उद्धार उपलब्ध गराउन हामीलाई कसैको आवश्यकता छ र तिनीद्वारा हामीलाई त्यो दासत्वबाट "उद्धार" गरी हामीलाई बाहिर ल्याइन आवश्यक छ। हामीले उद्धारको कुरा गर्दा "फिरौतीको मोल"-को धारणा परिलक्षित हुन्छ। कसैलाई दासत्व वा कैदबाट उद्धार गर्नलाई तिरिएको मोललाई नै "फिरौतीको मोल" भनिन्छ। येशूले आफ्नैबारे भन्नुभयो, "किनकि मानिसको पुत्र सेवा पाउनलाई होइन, तर सेवा गर्न र *धेरैको छुटकाराको मोलको* निम्ति आफ्नो प्राण दिन आएको हो" (मर्क १०:४५)। फिरौतीको मोल कसलाई तिरियो भनी यदि हामीले प्रश्न गऱ्यौं भने हामी यो कुरा बुझ्दछौं कि फिरौतीको मोलको मानवीय उपमा सबै बेहोराहरूमा येशूको प्रायश्चित्तसित मिल्दैन। हामी पाप र शैतानको दासत्वमा परेका भए तापनि न "पाप"-लाई नता शैतानलाई नै फिरौतीको मोल तिरिइएको थिइयो, किनकि यस प्रकारको मोल माग्ने तिनीहरूको शक्ति थिएन, नता शैतान त्यो व्यक्ति थियो जसको पवित्रतामा कलङ्क लागेको थियो र जसलाई पापको मोल तिर्न आवश्यक नै थियो। हामीले यसअघि पढेका जस्तै पापको दण्डको मोल ख्रीष्टद्वारा चुक्ता गरिइएको थियो अनि पिता परमेश्वरद्वारा स्वीकार गरिइएको थियो। तर पिता परमेश्वरलाई छुटकाराको मोल तिरिएको कुरा गर्न हामी हिचकिचाउँछौं किनभने हामीलाई दासत्वमा राख्ने व्यक्ति परमेश्वर हुनुहुन्थेन, तर शैतान र हाम्रा पापहरू थिए। त्यसकारण यस स्थितिमा छुटकाराको मोलको धारणा सबेहोरा बताउन सकिन्न। एउटा दाम तिरियो (ख्रीष्टको मृत्यु) र यसको नतीजा, हामी दासत्वबाट निर्बन्धित गरियौं भनी बुझ्न पर्याप्त छ।

हामीलाई शैतानको दासत्वबाट उद्धार गरिएको थियो किनभने, "सारा संसार त्यस दुष्टको अधीनमा परेको छ" (१ यूह ५:१९) अनि ख्रीष्ट आउनुहुँदा उहाँ "मृत्युको डरले आजीवन बन्धनमा परेकाहरूलाई मुक्त" गरिदिनलाई मर्नुभयो (हिब २:१५)। वास्तवमा पिता परमेश्वरले "हामीलाई अन्धकारको राज्यदेखि छुटाउनुभयो, र आफ्ना प्रिय पुत्रको राज्यभित्र हामीलाई सार्नुभएको छ" (१ कल १:१३)।

पापको दासत्वबाट छुटकाराबारे पावल भन्छन्, "यसै गरी तिमीहरूले पनि आफू-आफूलाई पापको लागि मरेका, तर ख्रीष्ट येशूमा परमेश्वरको लागि जीवित भएका ठान्नुपर्छ ... किनकि पापले तिमीहरूमाथि राज्य गर्नेछैन, किनकि तिमीहरू व्यवस्थाको अधीनमा छैनौ, तर अनुग्रहको अधीनमा छौ" (रोम ६:११, १४)। हामीलाई पापको अपराधको दासत्व र हाम्रो जीवनमा शासन गर्ने यसको शक्तिको दासत्वबाट छुटकारा दिइएको छ।

**ङ. प्रायश्चित्तबारे अन्य दृष्टकोणहरू :** यस अध्यायमा प्रस्तुत प्रायश्चित्तको दाण्डिक प्रतिस्थापन (penal substitution) दृष्टिकोणको विपरीत, मण्डलीको इतिहासमा अरू अनेकौं दृष्टिकोणहरूलाई समर्थन गरिएको छ।

(१) **शैतानलाई फिरौतीको मोल तिर्नुपर्ने सिद्धान्त :** (**The Ransom to Satan Theory**) यस दृष्टिकोणलाई अलेक्जेन्ड्रिया र पछि कैसरियाका ईश्वरशास्त्री Origen (लगभग ख्री. १८५-प्रायः २५४) र तिनीपछि अन्य ईश्वरशास्त्रीहरूद्वारा मण्डलीको प्रारम्भिक कालमा विश्वास गरिइएको थियो। यस दृष्टिकोणअनुसार हामीलाई उद्धार गर्नलाई ख्रीष्टले तिर्नुभएको फिरौती शैतानलाई तिरिइएको थियो, जसको राज्यमा सबै मानिसहरू पापको कारण थिए।

धर्मशास्त्रमा यस सिद्धान्तलाई कुनै सोझो पुष्टीकरण छैन र मण्डलीको इतिहासमा यसलाई समर्थन गर्ने धेरै कम मानिसहरू छन्। यस सिद्धान्तले गलत प्रकारले यो सोच्दछ कि पापको मोल परमेश्वरको सट्टामा शैतानलाई तिरिनुपर्ने हो र यसले त्यसर्थ पापसम्बन्धी परमेश्वरको न्यायका मागहरूलाई पूर्ण रूपमा उपेक्षा गरिदिन्छ। यस दृष्टिकोणले शैतानको यथार्थमा जति शक्ति छ त्योभन्दा अति धेरै शक्ति त्यसमा भएको, र परमेश्वरबाट कुनै पनि कुरा माग गर्ने त्यसको अधिकार भएको मान्दछ, जबकि यसलाई स्वर्गबाट खसालिएको र परमेश्वरबाट चाहेको कुनै पनि कुरा माग्ने कुनै पनि अधिकार नभएको रूपमा मान्नु पर्ने हो। पापीहरूका रूपमा हामी शैतानको ऋणी छौं भनी धर्मशास्त्रले कहींकतै भन्दैन तर धर्मशास्त्रले बारम्बार यो भन्छ कि हाम्रो पापका निम्ति हामीले परमेश्वरलाई मोल चुकाउनैपर्दछ। ख्रीष्टको मृत्यु हाम्रो पापका निम्ति परमेश्वरलाई चढ़ाइएको प्रायश्चित्त हो वा ख्रीष्टबाट पापको मोल स्वीकार गर्नलाई पिता परमेश्वरले त्रिएकत्वको प्रतिनिधित्व गर्नुभयो भन्ने तथ्य बताउने धर्मशास्त्रका मूलपाठहरूबारे पनि यस दृष्टिकोणले केही छलफल गर्दैन (हे. माथिको छलफल)।

(२) **नैतिक प्रभावको सिद्धान्त** (The Moral Influence Theory) : सर्वप्रथम फ्रान्सिसी ईश्वरशास्त्री Peter Abelard द्वारा (१०७९-११४२) पक्षसमर्थन गरिएको प्रायश्चित्तबारे 'नैतिक प्रभावको सिद्धान्त'-ले यो विश्वास गर्छ कि परमेश्वरलाई पापको दण्डको मोलको आवश्यकता थिएन तर ख्रीष्टको मृत्यु एउटा यस्तो तरिका मात्र थियो जसद्वारा मृत्यसम्मै आफैलाई मानिसहरूका दुखः-कष्टहरूसित घनिष्ठ सम्बन्धित गराउनुहुँदै उहाँले मानिसजातिलाई कति प्रेम गर्नुहुन्थ्यो भन्ने कुरा देखाउनुभयो। त्यसकारण ख्रीष्टको मृत्यु शिक्षाको एक महान् उदाहरण बन्दछ जसले हामीलाई हामीप्रति परमेश्वरको प्रेम देखाउँछ र हामीबाट एउटा कृतज्ञ प्रतिक्रिया उत्पन्न गराउँछ, यसकारण हामीले उहाँलाई प्रेम गर्दा हामीलाई क्षमा दिइन्छ।

यो दृष्टिकोणको ठूलो कठिनाइ यो हो कि यो ख्रीष्ट पापको निम्ति मर्नुभएको, हाम्रो पाप बोक्नुभएको वा प्रायश्चित्तको रूपमा मर्नुभएको बताउने धर्मशास्त्रका अति धेरै खण्डहरूको विपरीत छ। यसबाहेक, यस दृष्टिकोणले प्रायश्चित्तलाई यसको वस्तुपरक गुणबाट वञ्चित् बनाउँछ किनभने यसले यो विश्वास गर्छ कि परमेश्वर स्वयम्माथि प्रायश्चित्तको कुनै प्रभाव थिएन। अन्त्यमा, हाम्रो अपराधलाई के गर्नुपर्ने हो सोबारे यसको कुनै उपाय छैन – यदि ख्रीष्ट हाम्रा पापहरूका निम्ति मर्नुभएन भने, पापको क्षमाको निम्ति उहाँमाथि भरोसा गर्ने हाम्रो कुनै अधिकार

हुँदैन।

**(३) उदाहरण सिद्धान्त** (The Example Theory) : सन् १५७८ मा पोल्यान्डमा बसाइ सर्ने इटालियन ईश्वरशास्त्री Fustus Socinus, १५३९-१६०४)-का अनुयायीहरू सोसिनसवादीहरूले (Socinians) 'उदाहरण सिद्धान्त' सिकाएका थिए। तिनीहरूले व्यापक अनुयायीहरू आकर्षित गरेका थिए।[१९] नैतिक प्रभावको सिद्धान्तजस्तै, उदाहरण सिद्धान्तले पनि परमेश्वरको न्यायले पापको मोल अनिवार्य पार्छ भनी अस्वीकार गर्छ, यसले यो भन्छ कि हामीले परमेश्वरलाई कसरी सिद्धतासित भरोसा र आज्ञापालन गर्नुपर्छ सोबारे ख्रीष्टको मृत्युले हामीलाई केवल उदाहरण उपलब्ध गराउँछ, यद्यपि त्यो भरोसा र आज्ञाकारिताले भयानक मृत्युसम्मै पनि किन नलैजावस्। नैतिक प्रभाव सिद्धान्तले ख्रीष्टको मृत्युले परमेश्वरले हामीलाई कति धेरै प्रेम गर्नुहुन्छ भन्ने शिक्षा दिन्छ, जब कि उदाहरण सिद्धान्तले ख्रीष्टको मृत्युले हामीलाई जिउने तरिका सिकाउँछ। यस दृष्टिकोणको समर्थन १ पत्रुस २:२१ मा पाउन सकिन्छ, "किनकि यसैको निम्ति तिमीहरू बोलाइएका हौ। ख्रीष्टले पनि तिमीहरूका निम्ति कष्ट भोग्नुभयो, अनि तिमीहरूका लागि उदाहरण छोड़िजानुभयो, र तिमीहरू उहाँकै पाइलामा हिँड्नुपर्छ।"

ख्रीष्ट उहाँको मृत्युमा पनि हाम्रा निम्ति एउटा उदाहरण हुनुहुन्छ भन्ने कुरो सत्य हुँदाहुँदै पनि, प्रश्न यो उठ्छ कि प्रायश्चित्तको पूर्ण व्याख्या यही तथ्य हो त ? पापको मोल-भुक्तानीको रूपमा ख्रीष्टको मृत्यु, ख्रीष्टले हाम्रा पापहरू वहन गर्नुभयो, उहाँ हाम्रा पापहरूका निम्ति प्रायश्चित्त हुनुहुन्थ्यो भन्ने जुन कुरामाथि धर्मशास्त्रका धेरैवटा खण्डहरूले ध्यानकेन्द्रित गरेका छन् त्यसबारे यस उदाहरण सिद्धान्तले स्पष्टीकरण दिएको छैन। यी विचारहरूको मात्रै पनि यो अर्थ हुन्छ कि यो सिद्धान्त रद्द गरिनुपर्दछ। यसबाहेक, यो दृष्टिकोण वास्तवमा यो तर्क गर्न पुग्छ कि ख्रीष्टको उदाहरणलाई पहिल्याएर अनि ख्रीष्टले जस्तै परमेश्वरमा भरोसा गरेर अनि उहाँको आज्ञापालन गरेर मात्र पनि मानिसले आफैलाई उद्धार गर्न सक्छ। तसर्थ हाम्रा पापको अपराध कसरी हटाउन सकिन्छ सो यस सिद्धान्तले देखाउन सक्दैन किनभने यसले यस तथ्यमा विश्वास गर्दैन कि ख्रीष्टले हाम्रा पापको मोल चुकाउनुभयो वा उहाँ मर्नुहुँदा उहाँले हाम्रो अपराध माफ गरिने प्रबन्ध गरिदिनुभयो।

**(४) प्रशासकीय सिद्धान्त (The Governmental Theory)**: प्रायश्चित्तको प्रशासकीय सिद्धान्तको शिक्षा सर्वप्रथम डच् ईश्वरशास्त्री र कानुनविद् Hugo Grotius (१५८३-१६४५)-ले दिए। परमेश्वरलाई वास्तवमा पापको मोलको आवश्यकता थिएन तर उहाँ सर्वशक्तिमान् परमेश्वर हुनुभएको कारण उहाँले त्यो आवश्यकतालाई रद्द गर्न सक्नुहुन्थ्यो र दण्डको मोल चुक्ता नगरी पाप क्षमा मात्र गरिदिन सक्नुहुन्थ्यो। यसो हो भने ख्रीष्टको मृत्युको उद्देश्य के थियो ? यो यस तथ्यको प्रदर्शन थियो कि परमेश्वरका व्यवस्थाहरू भङ्ग गरिएका थिए, उहाँ विश्वका नैतिक व्यवस्थादाता र

[१९]सोसिनसवादीहरू (Socinians) त्रिएकत्वविरोधीहरू थिए किनभने तिनीहरूले ख्रीष्टको परमेश्वरत्वलाई इन्कार गरे : तिनीहरूको विचारले आधुनिक एकव्यक्तिवाद (Unitarianism)-तिर डोऱ्याएको हो।

# प्रेरितहरूका विश्वासको सारको उत्तरोत्तर गठन (निर्माण)

| | विश्वासको सार | | | |
|---|---|---|---|---|
| | Art. III | | | |
| **Ultimate Text of the Western Creed** | *Qui Conceptus est* | *De Spirita Sancto* | *Natus* | *Ex Maria Virgine* |
| **Pirminius, A.D. 750** | Who was conceived | By the Holy Ghost | Born | Of the Virgin Mary |
| **I. St. Irenaeus, A.D. 200** | τὸν σαρκ-ωθέντα ὑπὲρ τῆς ἡμετέρας σωτηρίας (ἄνθρωπος ἐγένετο) | | (Generationum) | τὴν ἐκ παρθέ-νου γέννησιν (ex Virgine) |
| **II. Tertullian, A.D. 220** | (missum a Petre in Virginem) | (EX SPIRITU Patris Dei et virtute) | NATUM (carnem factum et ex ea natum) | EX VIRGINE MARIA |
| **III. St. Cyprian, A.D. 250** | | | | |
| **IV. Novatian, A.D. 260** | | | | |
| **V. Marcellus, A.D. 341** | | ἐκ πνεύματος ἁγίου | γεννηθέντα | καὶ Μαρίας τῆς παρθένου |
| **VI. Rufinus, A.D. 390 Aquileja** | QUI | de Spiritu SANCTO | natus est | ex Maria Virgine |
| **VII. Rufinus, Rome, A.D. 390** | qui | de Spiritu Sancto | natus est | ex Maria Virgine |
| **VIII. St. Augustine, A.D. 400** | qui | de Spiritu Santo *also* [per Sp. Sanct.] | natus est | ex Maria Virgine *also* [et] |
| **IX. St. Nicetas, A.D. 450** | qui | ex Spiritu Sancto | natus est | et Virgine Maria |
| **X. Eusebius Gallus, A.D. 550 (?)** | qui | de Spiritu Sancto | natus est | ex Maria Virgine |
| **XI. Sacramentarium Gallicanum. A.D. 650** | qui conceptus est | de Spiritu Sancto | natus est | ex Maria Virgine |

## प्रेरितहरूका विश्वासको सारको उत्तरोत्तर गठन (निर्माण)

| | | | | |
|---|---|---|---|---|
| **Art. III** | | | | |
| *Passus* | *Sub Pontio Pilato* | *Crucifixus* | *Mortuus* | *Et Sepultus* |
| Suffered | Under Pontius Pilate | Was crucified | Dead | And buried |
| καὶ τὸ πάθος | (SUB PONTIO PILATO) | | | |
| CRUCIFIXUM (passum) | sub Pontio Pilato | | (MORTUUM) | (ET SEPULTUM secundum Scripturas) |
| | | | | |
| | | | | |
| | τὸν ἐπὶ ποντίου πιλάτου | σταυρωθέντα | | καὶ ταφέντα |
| | sub Pontio Pilate | crucifixus | | et sepultus |
| | sub Pontio Pilate | crucifixus | | et sepultus |
| passus | sub Pontio Pilate | crucifixus | | et sepultus |
| passus | sub Pontio Pilate | | | |
| | | | mortuus | et sepultus |
| passus | sub Pontio Pilate | crucifixus | mortuus | et sepultus |

# प्रेरितहरूका विश्वासको सारको उत्तरोत्तर गठन (निर्माण)

| | | | | | |
|---|---|---|---|---|---|
| **Art. V** | | | | **Art. VI** | |
| *Descendit ad Inferna* | *Tertia die* | *Resurrexit* | *a mortuis* | *Ascendit ad coelos* | *Sedet ad dexteram* |
| He descended into hell | The third day | He rose again | From the dead | He ascended into heaven | And sitteth at the right hand |
| | | καὶ τὴν ἔγερσιν (et resurgens) | ἐκ νεκρῶν | εἰς τοὺς οὐρανοὺς ἀνάλημψιν (et in claritate receptus) | |
| | TERTIA DIE | resuscitatum (a Patre) (resurrexisse) | E MORTUIS | receptum in coelis (in coelos resumptum) (in coelos ereptum) | SEDENTEM nunc AD DEXTERAM |
| | | | | | |
| | | | | | |
| | καὶ τῇ τρίτῃ ἡμέρα | ἀναστάντα | ἐκ τῶν νεκρῶν | ἀναβάντα εἰς τοὺς οὐρανούς | καὶ καθημένον ἐν δεξία |
| DESCENDIT in INFERNA | tertia die | RESURREXIT | A mortuis | ASCENDIT in COELOS | SEDET ad dexteram |
| | tertia die | resurrexit | a mortuis | ascendit in coelos | SEDET ad dexteram |
| | tertio die | resurrexit | a mortuis | ascendit in coelos | sedet ad dexteram |
| | tertio die | resurrexit | vivus a mortuis | ascendit in coelos | sedet ad dexteram |
| | tertia die | resurrexit | a mortuis | ascendit AD coelos | sedet ad dexteram |
| Descendit AD Inferna | tertia die | resurrexit | a mortuis | ascendit ad coelos | sedet ad dexteram |

प्रशासक हुनुहुन्छ अनि उहाँका व्यवस्था भङ्ग गरिए कुनै न कुनै प्रकारको दण्ड आवश्यक पर्नेथियो। तसर्थ ख्रीष्टले कुनै पनि मानिसहरूका वास्तविक पापहरूको मोल तिर्नुभएन तर केवल यो देखाउन मात्र उहाँले कष्ट भोग्नुभयो कि परमेश्वरको व्यवस्था भङ्ग हुँदा कुनै किसिमको दण्ड भोग्नैपर्दछ।

यस दृष्टिकोणको समस्या यो हो कि ख्रीष्टले क्रूसमा हाम्रा निम्ति पापहरू बोक्नुभएको, परमेश्वरले हामी सबैका अपराध ख्रीष्टमा आरोपित गरिदिनुभएको, ख्रीष्ट विशेष गरी हाम्रा पापहरूका निम्ति मर्नुभएको र ख्रीष्ट हाम्रा पापहरूका निम्ति प्रायश्चित्त बन्नुभएको तथ्यबारे धर्मशास्त्रका वचनहरूलाई यसले पर्याप्त प्रकारले बयान गर्दैन। यसबाहेक, प्रायश्चित्तको उद्देश्य परमेश्वरको न्याय पूरा गर्नु नभएर परमेश्वरका यस्ता नियम-कानुनहरू छन् जसलाई पालन गर्नैपर्दछ भनी हामीलाई सोच्न प्रभावित गरेर यस सिद्धान्तले प्रायश्चित्तको वस्तुनिष्ठ गुणलाई हरण गर्छ। यस दृष्टिकोणले यो पनि सङ्केत गर्छ कि पाप क्षमाको निम्ति पूरा गरिएको ख्रीष्टका काममा हामीले सही प्रकारले विश्वास गर्न सक्दैनौं किनभने उहाँले वास्तवमा ती पापहरूको मोल तिर्नुभएको छैन। यसबाहेक, हाम्रा निम्ति आर्जन गरिएको क्षमालाई यस्तो कुरा हो भन्छ जो क्रूसमा ख्रीष्टको मृत्युबाहेक परमेश्वर स्वयम्को मनमा भयो – हामीबाट कुनै जरिमानाको आवश्यकताविना उहाँले हामीलाई क्षमा दिनुहुने निर्णय गरिसक्नुभएको थियो र त्यसपछि उहाँ अझै पनि विश्वका नैतिक शासक हुनुहुन्थ्यो भनी देखाउनलाई मात्र उहाँले ख्रीष्टलाई दण्ड दिनुभयो। तर यसको अर्थ यो हुन्छ कि ख्रीष्टले हाम्रा निम्ति क्षमादान वा मुक्ति आर्जन गर्नुभएन, र त्यसकारण उहाँको उद्धारका कामको मूल्य अति नगण्य बनाइएको छ। अन्त्यमा, यस सिद्धान्तले परमेश्वरको अपरिवर्तनशीलता, उहाँको न्यायको असीम शुद्धतालाई पर्याप्त गरी ध्यान दिन सकेको छैन। कुनै जरिवानाविना नै परमेश्वरले पाप क्षमा गर्न सक्नुहुन्छ (यद्यपि धर्मशास्त्रभरि नै पापको मोल चुक्ता गर्न आवश्यक छ भनी तोकिएको छ) भन्नु परमेश्वरको न्यायको परमगुण (Absoulte Character)-लाई गम्भीरतापूर्वक दुर्बल तुल्याउनु हो।

**च. के ख्रीष्ट नरकमा ओर्लिजानुभयो**[२०] **?** ख्रीष्ट मर्नुभएपछि उहाँ नरकलोकमा जानुभयो भनी कहिलकाहीँ तर्क गरिन्छ। "उहाँ नरकलोकमा ओर्लिनुभयो" भन्ने वाक्यांश बाइबलमा देखापर्दैन। तर व्यापक रूपमा पढ्ने प्रेरितहरूका विश्वासको सार यस्तो छ, "क्रूसमा टाँगिनुभयो, मर्नुभयो र गाड़िनुभयो, उहाँ नरकलोकमा ओर्लिजानुभयो; तेस्रो दिनमा बौरी उठनुभयो।" के यसको अर्थ उहाँको मृत्युपछि ख्रीष्टले थप कष्ट भोग्नुभयो भन्ने हो ? जस्तो गरी हामी तल हेर्नेछौं बाइबलको प्रमाण जाँच गर्दा उहाँले कष्ट भोग्नुभएन भन्ने सङ्केत पाइन्छ। तर सान्दर्भिक बाइबलीय मूलपाठहरू हेर्नअघि, प्रेरितहरूका विश्वासको सारमा भएको "उहाँ नरकलोकमा ओर्लिनुभयो" भन्ने वाक्यांशलाई जाँच गर्नु उपयुक्त हुन्छ।

[२०]निम्नोद्धृत खण्ड Wayne Grudem, "He Did Not Descend Into Hell: A Plea for Following Scripture Instead of the Apostles' Creed," *JET* भाग ३४, संख्या १ (मार्च, १९९१), पृह. १०३-१३ बाट लिइएको हो।

**(१) "उहाँ नरकलोकमा ओर्लनुभयो" वाक्यांशको उद्भव :** यस वाक्यांशको अधिकांश इतिहासको पृष्ठभूमि अस्पष्ट छ। जहीँ पाइए पनि यसका उद्भवहरू प्रशंसा योग्यका छैनन्। महान् मण्डली इतिहासकार Philip Schaff-ले एउटा विस्तृत तालिकामा विश्वासको सारको विकासलाई सार-संक्षिप्त गरेका छन्। यसको केही भाग पृष्ठ संख्या ७७२-७७४ मा दिइएको छ।[२१]

यो तालिकाले यो देखाउँछ कि निसियाको विश्वासको सार र *क्याल्सीडोनी परिभाषा*को विपरीत प्रेरितहरूका विश्वासको सार कुनै निर्दिष्ट समयमा कुनै मण्डली-द्वारा लेखिएको र अनुमोदन गरिएको थिएन। यसको सट्टामा यसले ख्रीष्टाब्द २०० देखि ७५० सम्ममा उत्तरोत्तर आफ्नो रूप लियो।

यो छक्कलाग्दो कुरा छ कि ख्री. ३९० मा Rufinus-का दुईवटा संस्करणहरूमध्ये एउटामा देखिइनुभन्दा अघिसम्म "उहाँ नरकलोकमा ओर्लनुभयो" भन्ने वाक्यांश विश्वासको सारको कुनै पनि प्रारम्भिक संस्करणहरूमा पाइँदैन (रोम, सारा इटली र अफ्रिकामा प्रयोग हुने संस्करणहरूमा)। त्यसपछि ख्री. ६५० सम्म विश्वासको सारको कुनै पनि संस्करणमा यसलाई फेरि गाभिइएको थिएन। यसबाहेक, ख्री. ६५० अघि यसलाई विश्वासको सारमा गाभ्ने एक मात्र व्यक्ति Rufinus-ले यसको अर्थ ख्रीष्ट नरकलोकमा ओर्लनुभयो भन्ने हो भनी ठानेनन् तर यो वाक्यांशको अर्थ ख्रीष्ट चिहानमा "गाड़िनुभयो" भन्ने मात्र हो भनी ठाने।[२२] अर्को प्रकारले भन्नु हो भने, तिनले यसको अर्थ "ख्रीष्ट चिहानमा ओर्लनुभयो" हो भनी माने (ग्रीकमा यसको रूप *hades* छ, जसले "चिहान" मात्र बुझाउन सक्छ, *geenna*, अर्थात् "नरक, दण्डको स्थान" होइन)। हामीले यस कुरामा पनि ध्यान दिनुपर्दछ कि हामीले पाएका Rufinus-का दुईवटा संस्करणहरूमध्ये एउटामा मात्र यो वाक्यांश पाइन्छ, उनले परिरक्षित गरेर राखेका विश्वासको सारको रोमी रूपमा यो थिएन।

त्यसकारण, यसको अर्थ यो हुन्छ कि ख्री. ६५० सम्म विश्वासको सारको कुनै पनि संस्करणमा ख्रीष्ट नरकलोकमा ओर्लनुभयो भन्ने आशय राखेको यो वाक्यांश थिएन। ख्री. ६५० अघि यो वाक्यांश भएको एउटै मात्र संस्करणले यसको भिन्नै अर्थ दिन्छ। यसो हुँदा यो वाक्यांशमा कुनै अर्थमा *प्रेरितिक* शब्द प्रयुक्त गर्न सकिन्छ कि, वा विश्वासको सारमा यसको कुनै आधिकारिक स्थान छ कि भन्ने प्रश्न उठाउन सकिन्छ जुन विश्वासको सारको शीर्षकले (अर्थात् *प्रेरितहरूका* विश्वासको सार) यो ख्रीष्टका प्रारम्भिक प्रेरितहरूबाट चलिआएको हो भनी दाबी गर्छ।

---

[२१]यो तालिका *Creed of Christendom*, 2:52-55-बाट लिइएको हो।

[२२]हे. Schaff, *Creeds*, १, २१, टि. ६; हे. ४६, टि. २ पनि। यो वाक्यांश केही अघि नै पाइएको थियो भनी Schaff टिप्पणी गर्छन् (झण्डै ख्री. ३६० मा) तर यो कुनै पनि परम्परावादी विश्वासको सारमा वा प्रेरितहरूका विश्वासको सारमा थिएन तर एरियनहरूको कुनै विश्वासको सारमा थियो। एरियनहरूले ख्रीष्टको पूर्ण परमेश्वरत्वलाई इन्कार गर्थे; पुत्र पिताद्वारा सृष्टि गरिएका थिए भनी तिनीहरूले विश्वास गर्थे (हे. Schaff, *Creeds*, 2.46, n 2)। (एरियनहरूका विश्वासको सारबारे दिइएको यो सन्दर्भको Schaff-ले कुनै लिखित प्रमाण दिँदैनन्)।

यो याद गरिनुपर्छ कि Schaff-ले उनको सम्पूर्ण *Creed of Christendom*-भरि क्रूसमा उहाँको मृत्युपछि ख्रीष्ट नरकलोकमा साँच्चै ओर्लिनुभएको समर्थन गर्दै अनेकौं सम्पादकीय टिप्पणीहरू दिएका छन्। यसकारण, उदाहरणार्थ, उनी भन्छन्, "Rufinus आफैले यसको अर्थ गाड़िएजस्तै लाग्ने बनाएर यसलाई भुल बुझे।" (१:२१, टि. ६) – यसकारण Schaff मानिलिन्छन् कि यो वाक्यांशलाई "उहाँ चिहानमा

यस वाक्यांशको ऐतिहासिक विकासको यो सर्वेक्षणले यो सम्भावना पनि उठाउँछ कि यो वाक्यांश अझ सार्वजनिक रूपमा सर्वप्रथम प्रयोग गरिन सुरु हुँदा, यो अन्य संस्करणहरूमा (जो अब दुर्लभ छन्) रहेको हुन सक्छ जसमा "अनि गाड़िनुभयो" भन्ने अभिव्यक्ति थिएन। यदि त्यसो हो भने, यसको अर्थ Rufinus-को निम्ति जे थियो अरूहरूका निम्ति पनि त्यही नै रहेको हुनुपर्दछ, अर्थात्, "चिहानमा ओर्लनुभयो"। तर "अनि गाड़िनुभयो" भन्ने वाक्यांश भएको विश्वासको सारको विभिन्न संस्करणहरूमा "नरकलोकमा ओर्लनुभयो" भन्ने वाक्यांश गाभिएपछि, यसको अर्को व्याख्या दिन आवश्यक बन्यो। "अनि गाड़िनुभयो" भन्ने शब्दहरूपछि भुलवश यो वाक्यांश ("चिहानमा ओर्लनुभयो") गाभिँदा – स्पष्टतः प्रायः ख्री. ६५० तिर कुनै व्यक्तिद्वारा – धर्मशास्त्रका बाँकी भागलाई खण्डन नगर्ने कुनै तरिकामा "उहाँ नरकलोकमा ओर्लनुभयो" भन्ने वाक्यांशलाई तर्कसङ्गत बनाउने सबै प्रकारका प्रयासहरू गर्ने बाध्यता उत्पन्न गऱ्यो।

कतिले यसको अर्थ ख्रीष्ट क्रूसमा हुनुहुँदा उहाँले नरकका कष्टहरू भोग्नुभयो भन्ने हो भनी मानिलिएका छन्। उदाहरणार्थ, Calvin भन्छन्, "नरकमा ख्रीष्टको अवरोहण"-ले यो तथ्य बुझाउँछ कि उहाँ शारीरिक मृत्यु मात्र मर्नुभएन तर "एउटै समयमा परमेश्वरको बदलाको कठोरता भोग्नु, उहाँको क्रोधलाई शान्त बनाउनु र उहाँको न्यायपूर्ण इन्साफ पूरा गर्नु उहाँको निम्ति उचित थियो।"[२३]

यस्तै प्रकारले Heidelberg Catechism-को प्रश्न ४४ ले सोध्छ :

> यो किन थपियो : उहाँ अधोलोकमा ओर्लनुभयो ?
>
> उत्तर : यसकारण कि मेरा सबैभन्दा ठूला परीक्षाहरूमा मेरा प्रभु ख्रीष्टद्वारा म आश्वासित बनूँ कि उहाँले क्रूसमा र त्यसअघि, उहाँका आत्मामा भोग्नुभएको व्यक्तै गर्न नसकिने उहाँका वेदना, पीड़ाहरू, त्रासहरूद्वारा मलाई नरकको वेदना र यन्त्रणाबाट उद्धार गर्नुभएको छ।[२४]

के यो "उहाँ नरकलोकमा ओर्लनुभयो" भन्ने वाक्यांशको सन्तोषजनक व्याख्या हो ? क्रूसमा खनाइएको परमेश्वरको क्रोध ख्रीष्टले खप्नुभयो भन्ने कुरा सत्य हो, तर यो व्याख्या प्रेरितहरूका विश्वासको सारमा भएको त्यो वाक्यांशसित वास्तवमा मिल्दैन –"ओर्लनुभयो" शब्दले यस धारणालाई सायदै प्रतिनिधित्व गर्छ अनि "क्रूसमा टाँगिनुभयो, मर्नुभयो र गाड़िनुभयो" भन्ने वाक्यांशपछि "उहाँ ओर्लनुभयो" भन्ने वाक्यांश राख्दा यसले यो व्याख्यालाई अस्वाभाविक र विश्वास नदिलाउने व्याख्या बनाउँछ।

अरू कतिको विचारमा यसको अर्थ उहाँको पुनरुत्थान नभएसम्म ख्रीष्ट "मृत अवस्थामा" रहनुभयो भन्ने हुन्छ। Westminster Larger Catechism-को प्रश्न ५० ले भन्छ :

> उहाँको मृत्युपछि ख्रीष्ट गाड़िनुभएको र मृत अवस्थामा र तेस्रो दिनसम्म

ओर्लिनुभयो" अर्थ्याउनेगरी बुझ्नुचाहिँ यसलाई भुल बुझ्नु हो (हे. २.४६ पनि, टि. २; ३.३२१, टि. १)।

[२३] John Calvin, *Institutes of the Christian Religion,* 1.515 (2.16.10)।

[२४] Schaff, *Creeds,* 3.321।

> मृत्युको शक्तिमुनि रहिरहनुपर्ने घटना ख्रीष्टको मृत्युपछि उहाँको अपमान थियो, यसलाई अर्के प्रकारले यी शब्दहरूमा व्यक्त गरिएको छ – उहाँ नरकलोकमा ओर्लनुभयो।

ख्रीष्ट तेस्रो दिनसम्म मृत अवस्थामा रहनुभयो भन्ने कुरा सत्य भए तापनि यो "उहाँ नरकलोकमा ओर्लनुभयो" भन्ने वाक्यांशको विकृत र चित्त नबुझाउने व्याख्या हो किनकि जुन स्थानमा यो वाक्यांश राखिएको छ त्यसले अपठ्यारो अर्थ दिन्छ, "उहाँ क्रूसमा टाँगिनुभयो, मृत हुनुभयो र गाड़िनुभयो; मृत हुनलाई उहाँ तल ओर्लनुभयो।" यस अनुक्रममा यी शब्दहरूले पहिले के बुझाउँथे सो यस व्याख्याले बताउँदैन बरु यो ती शब्दहरूबाट कुनै किसिमको स्वीकार्य ईश्वरशास्त्रीय अर्थ निकाल्ने पत्यार नलाग्दो प्रयास हो।

यसबाहेक, "नरक" शब्दको अर्थ "मृत हुनु" मात्र हुँदैन (तर ग्रीक *hades* शब्दको अर्थ यो हुन सक्छ); यसकारण यो व्याख्या दोहोरो रूपमा कृत्रिम हुनजान्छ।

अन्त्यमा, सर्वप्रथम यो वाक्यांश पढ्दा यसले जे बुझाउँछ यसको अर्थ त्यही नै हो भनी कतिले तर्क गरेका छन् : अर्थात् क्रूसमा उहाँको मृत्युपछि ख्रीष्ट वास्तवमै नरकलोकमा ओर्लनुभयो। प्रेरितहरूका विश्वासको सारको अर्थ यही नै हो भनी बुझ्न सहज छ (वास्तवमा यसको स्वाभाविक अर्थ यही नै हो), तर अर्को प्रश्न उत्पन्न हुन्छ – के यस धारणालाई धर्मशास्त्रबाट समर्थन गर्न सकिन्छ ?

**(२) नरकलोकमा ओर्लनुभएको पक्षमा सभाव्य बाइबलीय समर्थन** : ख्रीष्ट नरकलोकमा ओर्लनुभयो भन्ने धारणाको निम्ति मूलतः पाँचवटा खण्डहरूमा समर्थन पाइएको छ – प्रेरित २:२७; रोमी १०:६-७; एफिसी ४:८-९; १ पत्रुस ३:१८-२०; र १ पत्रुस ४:६। (अरू केही खण्डहरू पनि सामेल गर्ने प्रयास गरिएको छ तर ती कम मात्रामा पत्यारिला किसिमका छन्)।[२५] अझ गहिरिएर हेर्दा, के यी खण्डहरूमध्ये कुनैले यस शिक्षालाई स्पष्टतः सत्य सिद्ध गर्छ ?

*(क) प्रेरित २:२७*। यो पत्रुसले पेन्तिकोसको दिन दिएका उपदेशको एउटा भाग हो। उनले यस शिक्षामा भजन १६:१० उद्धृत गरेका छन्। KJV-मा यो पद यसरी लेखिएको छ, "तपाईंले *मेरो आत्मालाई नरकलोकमा छोड्नुहुने* छैन, नता तपाईंले तपाईंका पवित्र जनलाई भ्रष्टाचार हेर्न बाध्य बनाउनुहुनेछ।"

के यसको अर्थ ख्रीष्ट मर्नुभएपछि उहाँ नरकलोकमा प्रवेश गर्नुभयो भन्ने हो ? अनिवार्यतः होइन, किनभने यी पदहरूको अर्को अर्थ सम्भव छ। यहाँ "नरकलोक" शब्दले नयाँ करारमा भएको ग्रीक शब्द (*hades*) र पुरानो करारमा भएको शब्द (ङ्e 61)-को प्रतिनिधित्व गर्छ जसलाई लोकप्रिय रूपमा sheol भनी अनुवाद गरिन्छ, जसले केवल "चिहान" वा "मृत्यु" (मृत अवस्था) बुझाउन सक्छ। तसर्थ, NIV-ले यसरी अनुवाद गर्छ, "किनकि तपाईंले मेरो प्राणलाई नरकलोकमा छोड्नुहुनेछैन, नता तपाईंले आफ्ना पवित्र जनको शरीर कुहुन दिनुहुनेछ" (प्रे २:२७)। यो अर्थ अझ

[२५]उदाहरणार्थ, मत्ती १२:४० ले, जसले ख्रीष्ट "पृथ्वीको गर्भमा" तीन दिन तीन रात रहनुहुनेछ भन्छ, केवल यो तथ्यतिर सङ्केत गर्दछ कि उहाँको मृत्यु र पुनरुत्थानबीच उहाँ चिहानमा हुनुहुन्थ्यो।

मान्नु लायकको छ किनभने यो सन्दर्भले ख्रीष्ट चिहानबाट जीवित हुनुभयो भन्ने कुरामा जोड़ दिन्छ। यो दाऊदको शरीरको कुराभन्दा विपरीत छ जसको शरीर चिहानमै रहयो। कारण यो हो, "मेरो शरीरले पनि आशामा जिउनेछ" (प २६), "किनकि तपाईंले मेरो प्राणलाई नरकलोकमा छोड्नुहुनेछैन" (प. ७)। ख्रीष्टको शरीर कुहेन भनी देखाउनलाई पत्रुसले दाऊदको भजन प्रयोग गरिरहेका छन् – त्यसकारण उहाँ दाऊदजस्तै हुनुहुन्न जो "मरे र गाड़िए, अनि आजको दिनसम्म उनको चिहान छँदैछ" (प. २९)। तसर्थ चिहानबाट ख्रीष्टको पुनरुत्थानबारे यो खण्डले ख्रीष्ट नरकलोकमा ओर्लिजानुभयो भन्ने धारणालाई पत्यारलाग्दोसित समर्थन गर्दैन।

*(ख) रोमी १०:६-७*। यी पदहरूमा आलङ्कारिक प्रश्नहरू छन्; फेरि पनि यहाँ पुरानो करारका दुईवटा उद्धरणहरू (व्यवस्था ३०:१३ बाट) दिइन्छन् – "मन-मनमा यसो नभन, 'स्वर्गमा को उक्लने ?' (अर्थात्, ख्रीष्टलाई तल ल्याउनलाई) वा आफ्नो मनमा यसो पनि नभन, 'पातलमा को ओर्लने ?' (अर्थात् मरेकाहरूबाट ख्रीष्टलाई माथि ल्याउनलाई)।" तर यस खण्डले ख्रीष्ट नरकलोकमा ओर्लनुभयो भनी स्पष्ट गरी सिकाउँदैन। यस खण्डको मुख्य विषय यही हो कि पावलले मानिसहरूलाई यी प्रश्नहरू नगर्ने सुझाउ दिइरहेका छन्, किनभने ख्रीष्ट टाढ़ामा हुनुहुन्न – उहाँ नजिकै हुनुहुन्छ – अनि उहाँमा हुने विश्वास हामीले मुखले स्वीकार गरेझैं र हाम्रा हृदयमा विश्वास गरेझैं नजिक हुनुहुन्छ (प. ९)। यी निषिद्ध प्रश्नहरू अविश्वासका प्रश्नहरू हुन्, धर्मशास्त्रले दिने शिक्षाको पुष्टीकरण होइन। तथापि, कतिले यो आपत्ति उठाउलान् कि ख्रीष्ट वास्तवमै "पातालमा" ओर्लनुभयो भनी व्यापक रूपमा नजानिएको भए उनका पाठकहरूले यस्ता प्रश्नहरू गर्नेथिए भनी पावलले आशा गर्नेथिएनन्। पातालमा ओर्लनुभएको कुरा सत्य नै भए तापनि धर्मशास्त्रले ख्रीष्ट "पातालमा" (मृतकहरूलाई दण्ड दिइने स्थानको अर्थमा; यसलाई ग्रीकमा साधारणतया *geenna* भनी व्यक्त गरिन्छ) जानुभयो भनी भन्नेथिएन वा उपलक्षित गर्नेथिएन, तर उहाँ "पातालमा" (ग्रीक *abyssos*, यो शब्दलाई LXX-मा समुद्रका गहिराइहरू बुझाउन प्रयोग गरिन्छ [उत १:२; ७:११; ८:२; व्यव ७८:७; भज १०६ (१०७):२६]) जानुभयो भनी लेख्नेथियो। तर यसले स्पष्टतया मृतकहरूको राज्यलाई मात्र पनि बुझाएको हुन सक्छ [भज ७०(७१):२०])।[२६]

यहाँ पावलले "स्वर्गको" विपरीतार्थक शब्द "पाताल" [वा गहिराइ] (*abyssos*) प्रयोग गर्छन्। जान नसकिने, मानिसहरूका निम्ति प्रवेश गर्न नसकिने ठाउँको अर्थ बुझाउनलाई पावल यो शब्द प्रयोग गर्छन्। तुलना यो होइन कि "ख्रीष्टलाई महान् आशिष्को ठाउँमा (स्वर्गमा) वा महादण्डको ठाउँमा (पातालमा) भेट्टाउन को जानेछ ?"

[२६]१ क्लेम २८:३ ले भजनसंग्रह १३९:८ अनुवाद गर्नलाई *abyssos* को सट्टा सेप्टअजिन्टको *hades* शब्द प्रयोग गर्छ, "गहिराइमा (अतल कुण्ड) ओछ्यान बनाएँ भने, त्यहाँ पनि तपाईं हुनुहुन्छ !" नयाँ करारमा यो शब्द लूका ८:३१; रोमी १०:७ र प्रकाशको पुस्तकमा (यहाँ यसले अतलकुण्ड बुझाउँछ) सातपटक मात्र प्रयोग गरिएको छ। त्यसकारण यस शब्दले दण्ड पाएका दियाबलसहरूको वासस्थान बुझाए तापनि (प्रकाशको पुस्तकमा जस्तै) LXX (सेप्टअजिन्ट) वा नयाँ करारको भाषिक प्रयोगमा यसको सामान्य अर्थ यो होइन। यस शब्द्ले दिएको प्राथमिक जोड़चाहिँ मानिसहरूका निम्ति गहिरो, अथाह स्थान हो जुन स्थानमा तिनीहरू पुग्न सक्दैनन् (C. B. E. Cranfield, *A Critical and Exegetical Commentary on the Epistle to the Romans*, 2.525-ले टिप्पणी गर्छ कि *abyssos* हिब्रू *tehom*-को सामान्य LXX (सेप्टअजिन्ट) अनुवाद हो, अनि अज्ञात रहेको एउटा चिहान सङ्केत गर्न मिसनाहमा यो शब्द प्रयोग गरिन्छ [पेसाहिम ७:७; नजिर ९:२]।)

तर यो हो कि "ख्रीष्टलाई भेट्टाउन जाने अगम्य उच्च ठाउँमा (स्वर्गमा) वा अगम्य तल्लो भागमा ("पाताल" [गहिराइ] वा मृत्युको राज्यमा) को जानेछ ?" यस खण्डमा "नरकलोकमा अवरोहण"-को स्पष्ट पुष्टीकरण वा अस्वीकरण पाइँदैन।

*(ग) एफिसी ४:८-९*। यहाँ पावल लेख्छन्, "अब यो "उच्चमा चढिजानुभयो" भनेको चाहिँ के हो ? केवल यही हो कि उहाँ पृथ्वीको तल्लो भागमा ओर्लनु पनि भयो।"

के यसको अर्थ यो हो कि ख्रीष्ट नरकलोकमा "ओर्लनुभयो" ? "पृथ्वीको तल्लो भागमा"-को अर्थ के हो सो सुरुमा अस्पष्ट छ, तर अर्को अनुवादले सर्वोत्तम अर्थ दिएको प्रतीत हुन्छ, "उहाँ *तल्लो, पार्थिव क्षेत्रहरू*मा पनि ओर्लनुभयो भन्ने अर्थबाहेक 'उहाँ ओर्लनुभयो' भन्ने वाक्यांशको अरू के अर्थ हुन सक्छ र ? (NIV)। "ओर्लनुभयो"-को अर्थ NIV-ले ख्रीष्ट शिशुको रूपमा पृथ्वीमा आउनुभएको (देहधारण) हो भनी मानिलिन्छ। "पृथ्वीको तल्लो भागमा"-को अर्थ "तल्ला भागहरू *जो* पृथ्वी *हो*" भनी मानिलियौं भने, अन्तिम चारवटा शब्दहरू ग्रीक मूलपाठको स्वीकार्य अर्थ हुन्छ। (यसरी बुझ्यौं भने ग्रीकको त्यो व्याकरणात्मक रूपलाई समानाधिकरणको सम्बन्ध कारक (genetive of apposition) भनिन्छ)। नेपालीमा पनि हामी त्यसै गर्छौं, "एशिया महादेश" भन्ने वाक्यांशको अर्थ हामी "महादेश जो एशिया हो" भन्ने बाहेक अर्थोक बुझ्दैनौं।

यस सन्दर्भमा NIV-को अनुवाद अझ राम्रो छ किनभने पावलले यो भनिरहेका छन् कि स्वर्गमा उक्लिजानुहुने ख्रीष्ट (उहाँको स्वर्गारोहणमा) उहाँ नै हुनुहुन्थ्यो जो पहिले स्वर्गबाट आउनुभयो (प. १०)। स्वर्गबाट त्यो "अवरोहण" निश्चय नै त्यस बेला भएको थियो जब ख्रीष्ट मानिस भएर जन्मनलाई आउनुभयो। यसकारण, यो पदले नरकलोकमा भएको अवरोहण होइन तर देहधारणबारे बताउँछ।[२७]

*(घ) १ पत्रुस ३:१८-२०*। धेरै मानिसहरूलाई यो सम्पूर्ण विषयबारे साह्रै नै अन्योलमा पार्ने खण्ड यही नै हो। पत्रुस हामीलाई भन्छन् कि ख्रीष्ट "शरीरमा मारिनुभयो ... तर आत्माद्वारा जीवित पारिनुभयो। यसै आत्मामा उहाँ जानुभयो र कैदमा परेका आत्माहरूलाई पनि प्रचार गर्नुभयो। ती आत्माहरूले प्राचीनकालमा आज्ञापालन गरेनन्, जब नोआको समयमा जहाज बनाउँदा परमेश्वरले धैर्य धारण गरी पर्खिनुभएको थियो।"

### के यसले ख्रीष्टले नरकलोकमा प्रचार गर्नुभएको बुझाउँछ ?

कति मानिसहरूले "उहाँ जानुभयो र कैदमा परेका आत्माहरूलाई पनि प्रचार गर्नुभयो" भन्ने वाक्यको अर्थ ख्रीष्ट नरकलोकमा जानुभयो र त्यहाँ जुन आत्माहरू थिए तिनीहरूलाई कि सुसमाचार घोषणा गर्नुहुँदै कि त पश्चात्ताप गर्ने दोस्रो अवसर दिनुहुँदै, वा उहाँले तिनीहरूमाथि विजय प्राप्त गर्नुभएको थियो र तिनीहरू अनन्तका

[२७]एफिसी ४:९ तिर सङ्केत गर्दै H. Bietenhard भन्छन्, "आधुनिक व्याख्यामा यस खण्डलाई *descensus ad inferos* ("उहाँ नरकलोकमा ओर्लनुभयो" प्रेरितहरूका विश्वासको सारमा पाइने)-को सन्दर्भलाई प्राय: विनाअपवाद रद्द गरिन्छ" (*NIDNTT*, 2.210)।

लागि दण्डित भएका छन् भन्ने घोषणा मात्रै गर्नुहुँदै उहाँले प्रचार गर्नुभयो भन्ने लगाउँछन्।

यी व्याख्याहरू यस खण्डलाई नै वा यसलाई सान्दर्भिक पृष्ठभूमिमा कसरी राखिएको छ सो पर्याप्त गरी बताउन असफल हुन्छन्। पत्रुस ख्रीष्टले आत्माहरूलाई सामान्यतया प्रचार गर्नुभयो भन्दैनन्, तर तिनीहरूलाई मात्र प्रचार गर्नुभयो भन्छन् जसले "*जहाज बनाउँदा* प्राचीनकालमा आज्ञापालन गरेनन्।" जहाज बनाउँदा आज्ञापालन नगर्नेहरूको यस्तो सीमित श्रोता ख्रीष्टको निम्ति एउटा अनौठो समूह भएको हुनुपर्दछ जसलाई प्रचार गर्न उहाँले नरकलोकको यात्रा गर्नुपर्‍यो। ख्रीष्टले यदि उहाँको विजय घोषणा गर्नुभयो भने किन यी पापीहरूलाई मात्र गर्नुभयो, किन सबैलाई गर्नुभएन ? यस दृष्टिकोणको लागि अझै कठिन तथ्य के छ भने मृत्युपछि पश्चात्तापको अवसर हुँदैन भनी धर्मशास्त्रले अन्यत्र इङ्गित गर्छ (लूक १६:२६; हिब १०:२६-२७)।

यसबाहेक, १ पत्रुसको सन्दर्भले "नरकलोकमा प्रचार" असम्भाव्य बनाउँछ। पत्रुस उनका पाठकहरूलाई वरिपरिका वैमष्यपूर्ण गैरविश्वासीहरूसामु साहसपूर्वक साक्षी दिन उत्साहित गर्छन्। उनले भर्खरै मात्र "कसैले सोधपुछ गरे त्यसको जवाफ दिन सधैं तत्पर बस" (१ पत्रु ३:१५ मा) भनी तिनीहरूलाई भने। यदि मृत्युपछि मुक्तिको एउटा दोस्रो मौकाको बारेमा पत्रुसले शिक्षा दिइरहेका थिए भने, प्रचारकार्यवादी मूलभावले यसको आवश्यकीयता गुमाउँथ्यो। अनि यो स्थिति दण्डाज्ञाबारे "प्रचार"-सित ठ्याम्मै मिल्नेथिएन।

## के यसले ख्रीष्टले पतित स्वर्गदूतहरूलाई प्रचार गर्नुभएको सङ्केत गर्छ ?

यी कठिनाइहरूको अझ उत्तम व्याख्या दिनका लागि विभिन्न टिप्पणीकर्ताहरूले "कैदमा परेका आत्माहरू" भन्ने वाक्यांशले भूतात्माहरू, पतित स्वर्गदूतहरूका आत्माहरू बुझाउँछ भन्ने सुझाउ राखेका छन् र उनीहरूले भनेका छन् कि ख्रीष्टले यी भूतात्माहरूलाई दण्डाज्ञा घोषणा गर्नुभयो। यसले पत्रुसका पाठकहरूलाई यो सान्त्वना दिनेथियो (भनी दाबी गरिएको छ) कि तिनीहरूलाई दमन गर्ने भूतात्मिक शक्तिहरू पनि ख्रीष्टद्वारा पराजित हुनेथिए।

तर पत्रुस आफैले प्रस्ट रूपमा यो शिक्षा नदिएकाले, निष्कर्षमा पुग्नका लागि उनका पाठकहरू एक अविश्वसनीय जटिल तर्क प्रक्रिया तर्नुपर्नेथ्यो। तिनीहरूले निम्नलिखित क्रममा यो तर्क गर्नुपर्नेथ्यो : (१) प्राचीनकालमा पाप गर्ने केही भूतात्माहरूलाई दोषी ठहराइएको थियो, (२) अहिले अरू भूतात्माहरूले तिमीहरूका मानवीय सतावटकारीहरूलाई उक्साइरहेका छन्, त्यसकारण (३) ती भूतात्माहरूलाई पनि कुनै दिन त्यसरी नै दोषी ठहराइनेछ, र (४) त्यसकारण तिमीहरूलाई सताउनेहरूलाई पनि अन्त्यमा न्याय गरिनेछ। अन्त्यमा पत्रुसका पाठकहरूले उनले भनेका यो कुरा बुझ्नेथिए : (५) त्यसकारण तिमीहरूलाई सताउनेहरूसँग नडराओ।

"पतित स्वर्गदूतहरूलाई प्रचार" भन्ने दृष्टिकोणमा विश्वास गर्नेहरूले यसको

निहित अर्थान्तरको अनुमान लगाउनैपर्दछ र ख्रीष्टले "कैदमा परेका आत्माहरूलाई पनि प्रचार गर्नुभयो" जसले "प्राचीनकालमा आज्ञापालन गरेनन्" भन्ने सामान्य वक्तव्यबाट यी सबै कुराहरू (माथिका २-५ का बुँदाहरू) निष्कर्षको रूपमा निकाल्नुपर्दछ। उनका पाठकहरूले यी सबै कुराहरू उनको मूलपाठमा बुझ्नेथिए भनी पत्रुसले जान्दथिए भन्नु अतिशयोक्ति हुन्छ भन्ने देखिँदैन र ?

यसबाहेक, पत्रुसले यस सन्दर्भमा (१ पत्र ३:१४, १६) भूतात्माहरूमा होइन तर शत्रुतापूर्ण *मानिसहरू*मा जोड़ दिन्छन्। "जहाज बनाउँदा" स्वर्गदूतहरूले पाप गरे भन्ने धारणा पत्रुसका पाठकहरूले कहाँबाट प्राप्त गर्नेथिए ? जहाजको निर्माणबारे उत्पत्तिको पुस्तकको वृत्तान्तमा यस्तो कुनै कुरा लेखिएको छैन। हामीले जलप्रलयबारे सबै पारम्पारिक यहूदी व्याख्याहरूलाई हेर्‍यौं भने स्वर्गदूतहरूले विशेष गरी "जहाज बनाउँदा" पाप गरेका उल्लेख पाउँदैनौं (कतिले यस्तै दाबी गरेका भए तापनि)।[२८] ख्रीष्टले पतित स्वर्गदूतहरूमाथि गर्नुभएको दण्डको घोषणाबारे पत्रुसले बताइरहेका छन् भन्ने दृष्टिकोण वास्तवमा चित्त बुझाउने प्रकारको छैन।

## के यसले पुरानो करारका सन्तहरूलाई ख्रीष्टले छुटकारा घोषणा गर्नुभएको इङ्गित गर्छ ?

अर्को व्याख्या यो हो कि ख्रीष्टले उहाँको मृत्युपछि पुरानो करारका ती विश्वासीहरूलाई छुटकाराको घोषणा गर्न जानुभयो जो ख्रीष्टको उद्धारको काम पूरा नभइञ्जेलसम्म स्वर्गमा प्रवेश गर्न असमर्थ थिए।

तर मूलपाठले वास्तवमा भनेको कुरालाई यस दृष्टिकोणले पर्याप्त मात्रामा व्याख्या गर्न सक्छ के भनी हामी यहाँ फेरि पनि प्रश्न गर्न सक्छौं। यसले यो भन्दैन कि ख्रीष्ट ती मानिसहरूलाई प्रचार गर्नुभयो जसले परमेश्वरलाई विश्वास गर्थे वा जो उहाँप्रति निष्ठावान् थिए, तर यो भन्छ कि उहाँ ती मानिसहरूलाई प्रचार गर्नुभयो जसले *"प्राचीनकालमा आज्ञापलन गरेनन्"* – यहाँ तिनीहरूको अनाज्ञाकारितामा जोड़ दिइएको छ। यसबाहेक, पत्रुसले सामान्यत: पुरानो करारका विश्वासीहरूलाई तोकेर भन्दैनन् तर तिनीहरूतिर मात्र औंल्याउँछन् जो नोआले "जहाज बनाउँदा" (१ पत्र ३:२०) अनाज्ञाकारी थिए।

अन्त्यमा, पुरानो करारका विश्वासीहरू मर्दा तिनीहरूलाई स्वर्गमा परमेश्वरको उपस्थितिमा हुन पाउने आशिष्‌हरूमा पूर्ण प्रवेशाधिकार दिइएन भनी सोच्ने स्पष्ट प्रमाण धर्मशास्त्रले हामीलाई दिँदैन – वास्तवमा, विभिन्न खण्डहरूले यो इङ्गित गर्छन् कि ख्रीष्टको मृत्युभन्दा अघि मर्ने विश्वासीहरूले तत्कालै परमेश्वरको उपस्थितिमा प्रवेश गरे किनभने तिनीहरूका पापहरू आउनुहुनेवाला मसीहमा राखिएको भरोसाद्वारा क्षमा गरिइएका थिए (उत ५:२४; २ शमू १२:२३; भज १६:११; १७:१५; २३:६; उप १२:७; मत्ती २२:३१-३२; लूक १६:२२; रोम ४:१-८; हिब ११:५)।

[२८] उत ६:२, ४ मा भएको "परमेश्वरका छोराहरू" र तिनीहरूका पापहरू र जहाजको निर्माणकालमा

### एउटा अझ धैरै सन्तोषजनक व्याख्या

१ पत्रुस ३:१९-२० को सर्वाधिक सन्तोषजनक व्याख्या धेरैअघि सन्त अगस्टिनद्वारा प्रस्ताव गरिएको (तर वास्तवमा समर्थन नगरिएको) व्याख्या नै देखिन्छ : यस खण्डले ख्रीष्टले उहाँको मृत्यु र पुनरुत्थानमाझ गर्नुभएको कुनै कामलाई होइन, तर "अस्तित्वको आत्मिक क्षेत्रमा" (वा "आत्माको माध्यमबाट") उहाँले गर्नुभएको कामलाई देखाउँछ *नोआको समयमा*। नोआले जहाज बनाइरहेका बेलामा ख्रीष्टले उहाँका वरिपरि भएका शत्रुतापूर्ण अविश्वासीहरूलाई नोआको माध्यमबाट "आत्मामा" प्रचार गरिरहनुभएको थियो।[२९]

यस दृष्टिकोणले पत्रुसका अन्य दुईवटा वक्तव्यहरूबाट समर्थन प्राप्त गर्छ। १ पत्रुस १:११ अनुसार, "ख्रीष्टका आत्मा" पुरानो करारका अगमवक्ताहरूसँग बोलिरहनुभएको थियो। यसले यो सुझाउ दिन्छ कि "ख्रीष्टका आत्मा" नोआकै माध्यमबाट पनि बोलिरहनुभएको थियो भनी पत्रुसले सहजै तत्परतासित सोच्न सक्थे। त्यसपछि पत्रुसले १ पत्रुस ३:१९ बाट आउने क्रियापद "प्रचार गर्नुभयो" (*ekeryxen*) भन्ने जस्तै धातुबाट आउने नामपद (*keryx*) प्रयोग गर्दै २ पत्रुस २:५ मा नोआलाई "धार्मिकताका *प्रचारक*" (NIV) भन्छन्। अत: यो सम्भाव्य देखिन्छ कि ख्रीष्टले "कैदमा परेका आत्माहरूलाई प्रचार" गर्नुहुँदा उहाँले जलप्रलयको अघि नोआको समयमा नोआको माध्यमबाट त्यो काम गर्नुभयो।

ख्रीष्टले नोआको माध्यमबाट जुन मानिसहरूलाई प्रचार गर्नुभयो ती मानिसहरू नोआको समयमा पृथ्वीमा भएका अविश्वासीहरू थिए, तर पत्रुसले तिनीहरूलाई "कैदमा परेका आत्माहरू" भन्छन् किनभने तिनीहरू अहिले नरकको कैदमा छन् – यद्यपि तिनीहरू "आत्माहरू" मात्र थिएनन् तर प्रचारको काम हुँदा पृथ्वीमा भएका व्यक्तिहरू थिए। (ANSB-ले भन्छ कि ख्रीष्टले "अहिले कैदमा भएका आत्माहरूलाई" प्रचार गर्नुभयो।) हामी पनि नेपाली भाषामा यो भन्न सक्छौं : "म प्रधानमंत्रीलाई चिन्छु जो कलेजका छात्र थिए" भन्ने वक्तव्य समुचित वक्तव्य हो यद्यपि उनी कलेजमा हुँदा प्रधानमंत्री थिएनन्। यस वाक्यको अर्थ यो हो, "म ती व्यक्तिलाई तिनी कलेजमा विद्यार्थी हुँदै चिन्थे जो हालमा प्रधानमंत्री हुन्।" अत: ख्रीष्टले "कैदमा परेका आत्माहरूलाई पनि प्रचार गर्नुभयो"-को अर्थ हुन्छ "अहिले कैदमा भएका आत्माहरूलाई ख्रीष्टले त्यस बेला प्रचार गर्नुभयो, जब तिनीहरू पृथ्वीमा छँदा व्यक्तिहरू नै थिए।"[३०]

यो व्याख्या १ पत्रुस ३:१३-२२ को बृहद्तर सन्दर्भमा समुचित हुन्छ। नोआ र पत्रुसका पाठकहरूका परिस्थितिमाझको समानता विभिन्न बुँदाहरूमा स्पष्ट छ :

---

पाप गर्ने मानिसहरूको परिचयबारे हे. Wayne Grudem, *The First Epistle of Peter,* पृह. २०३-३९ मा "Christ Preaching Through Noah: 1 Peter 3:19-20 in the Light of Dominant Themes in Jewish Literaure." (यस परिशिष्टमा १ पत्र ३:१९-२० बारे लामो छलफल छ जसलाई मैले यहाँ संक्षिप्तमा मात्र लेखेको छु।)

[२९]यो खण्ड Wayne Grudem, *The First Epistle of Peter,* पृह. १५७-६२ र २०३-३९ मा भएको अझ विस्तृत छलफलको संक्षिप्त सारांश मात्र हो।

[३०]मेरी छात्रा Tet-Lim Yee-ले धर्मशास्त्रमा अन्यत्र अर्को प्राय: उस्तै किसिमको अभिव्यक्तिप्रति मेरो

| नोआ | पत्रुसका पाठकहरू |
|---|---|
| धर्मी अल्पसंख्यक | धर्मी अल्पसंख्यक |
| शत्रुतापूर्ण अविश्वासीहरूद्वारा घेरिएका | शत्रुतापूर्ण अविश्वासीहरूद्वारा घेरिएको |
| परमेश्वरको न्याय नजिकै थियो | परमेश्वरको न्याय चाँडै आउन सक्छ (१ पत्र ४:५, ७; २ पत्र ३:१०) |
| नोआले निर्भीकतासित साक्षी दिए (ख्रीष्टको शक्तिद्वारा) | तिनीहरूले ख्रीष्टको शक्तिद्वारा निर्भीकतासित साक्षी दिनैपर्दछ (१ पत्र ३:१४, १६-१७; ३:१५; ४:११) |
| अन्त्यमा नोआ बचाइए | तिनीहरू अन्त्यमा बचाइनेछन् (१ पत्र ३:१३-१४; ४:१३; ५:१०) |

मूल पाठलाई यसरी बुझ्ने तरिका रनभुल्लमा पार्ने खण्डलाई बुझ्ने सबैभन्दा सम्भाव्य तरिका देखिन्छ। तर पनि यसको अर्थ यो हो कि ख्रीष्ट नरकलोकमा ओर्लनुभयो भन्ने हाम्रो चौथो सम्भाव्य आधार पनि व्यर्थ हुनजान्छ – ख्रीष्टले नोआको समयमा पृथ्वीमा गर्नुभएको कुनै कामको बारेमा मात्र यो मूलपाठले बताउँछ।

*(ङ) १ पत्रुस ४:६*। यो पाँचौं र अन्तिम खण्डले भन्छ, "यसैकारण मृतकहरूलाई पनि सुसमाचार सुनाइयो, ताकि तिनीहरूले मानिसहरूजस्तै शरीरमा इन्साफ पाए तापनि आत्मामा तिनीहरू परमेश्वरजस्तै जिऊन्।"

के यो पदको अर्थ यो हो कि ख्रीष्ट नरकलोकमा जानुभयो र उहाँले मृतकहरूलाई सुसमाचार सुनाउनुभयो? यदि सुनाउनुभयो भने बाइबलमा भएको यो मात्र एउटा खण्ड हो जसले मृत्युपछि मुक्तिको निम्ति "दोस्रो अवसर" पाउने कुराबारे शिक्षा दिन्छ र यसले लूका १६:१९-३१ र हिब्रू ९:२७ लाई खण्डन गर्छ; यी पदहरूले यस सम्भावनालाई स्पष्ट अस्वीकार गरेका देखिन्छ। यसबाहेक, यो खण्डले स्पष्ट गरी यसो भन्दैन कि मानिसहरू मरेपछि ख्रीष्टले तिनीहरूलाई प्रचार गर्नुभयो; यसको सट्टामा यो खण्डको अर्थ यो हुन सक्छ कि सुसमाचार साधारणतया ती मानिसहरूलाई सुनाइएको थियो (ख्रीष्टले प्रचार गर्नुभयो भन्ने कुरासम्म यस पदले भन्दैन) जो अहिले मरेका छन् तर यो भन्छ कि तिनीहरू पृथ्वीमा हुँदै तिनीहरूलाई सुसमाचार सुनाइयो।

यही नै सामान्य व्याख्या हो र यो व्याख्या यस पदसित अझ राम्रो प्रकारले मिलेको देखिन्छ, यसले त्यो पदमा भएको दोस्रो शब्द "यसैकारण"-मा समर्थन पाउँछ। यो शब्दले पद ५ को अन्त्यमा उल्लेख गरिएको अन्तिम न्यायतिर सङ्केत गर्छ। पत्रुसले यो भनिरहेका छन् कि अन्तिम न्यायको कारण मृतकहरूलाई सुसमाचार सुनाइयो।

यस कुराले ती पाठकहरूलाई तिनीहरूका मरिसकेका ख्रीष्टियान मित्रहरूसम्बन्धी सान्त्वना दिन्छ। हुन सक्छ तिनीहरूले यो प्रश्न गरे, "सुसमाचारले तिनीहरूलाई

---

ध्यानाकर्षण गरेकी छिन्: रूथ र ओर्पाले "मरिसकेकाहरूप्रति" कति "दयापूर्ण व्यवहार गरेका" थिए (रूथ १:८), त्यसबारे नाओमीले बताउँछिन्, तर नाओमीले यो त्यस बेलाको कुरा गरिरहेकी थिइन् जब तिनीहरू

तिनीहरूलाई अन्तिम न्यायबाट बचाउनलाई ("आत्मामा तिनीहरू परमेश्वरजस्तै जिऊन्") सुसमाचार सुनाइएको थियो। त्यसकारण तिनीहरू मरेका थिए भन्ने तथ्यले यो बुझाएन कि सुसमाचार यसको उद्देश्यमा असफल भएको थियो – किनकि तिनीहरू आत्मिक राज्यमा निश्चय नै सदासर्वदा बाँच्नेथिए।

त्यसकारण, "मृतकहरू" ती मानिसहरू हुन् जो मरिसकेका छन् र अहिले मृत छन् यद्यपि तिनीहरूलाई सुसमाचार सुनाइँदा तिनीहरू जीवित थिए, पृथ्वीमै थिए (NIV-ले यसलाई यसरी अनुवाद गर्छ, "किनकि यही कारण सुसमाचार ती मानिसहरूलाई पनि सुनाइयो जो अहिले मृत छन्"; NASB-ले यसलाई यसरी अनुवाद गर्छ, "ती मानिसहरू जो मृत छन्")। यसले मृत्युपछि मुक्तिको निम्ति "दोस्रो अवसर"-बारेको धर्मसैद्धान्तिक समस्यादेखि पन्छिन्छ र यो पदका शब्दहरू र सन्दर्भ दुवैसित मिल्नजान्छ।

हामी त्यसकारण यो निष्कर्ष निकाल्छौं कि यो अन्तिम खण्डलाई यसको सन्दर्भमा हेर्दा, यसले नरकलोकमा ख्रीष्टको अवरोहणको धर्मसिद्धान्तलाई कुनै पत्यारलाग्दो आधार उपलब्ध गराएको देखिन्न।

ख्रीष्ट साँच्चै नै नरकलोकमा ओर्लनुभयो वा ओर्लनुभएन भन्ने दृष्टिकोणको पक्ष र विपक्षका मानिसहरू यस छलफलपछि, अरू नभए पनि यस कुरामा सहमत बन्नैपर्दछ कि ख्रीष्टको "नरकलोकमा अवरोहण"-को धारणा धर्मशास्त्रको एउटै पनि खण्डमा छर्लङ्गै वा स्पष्टतया सिकाइएको छैन। अनि (यस पुस्तकका लेखकलगायत) धेरै मानिसहरूले यो निष्कर्ष निकाल्नेछन् कि यो धारणाको शिक्षा धर्मशास्त्रमा दिइएकै छैन। कुनै पनि खण्डले यस धारणालाई सकारात्मक रूपमा सिकाउँछ कि भन्ने प्रश्नपछि, कतै यो शिक्षा धर्मशास्त्रका कुनै पनि खण्डहरूको विपरीत छ कि भन्ने प्रश्न हामीले गर्नैपर्दछ।

### (३) "नरकलोकमा अवरोहण"-प्रति बाइबलीय विरोध

ख्रीष्ट नरकलोकमा ओर्लनुभयो भन्ने कुराको थोरै पनि बाइबलीय आधार छ भने पनि नयाँ करारमा केही यस्ता खण्डहरू पनि छन् जसले ख्रीष्ट उहाँको मृत्युपछि नरकलोकमा ओर्लनुभयो भन्ने कुराको विरुद्धमा तर्क गर्छन्।

येशूले क्रूसमा भएको चोरलाई भन्नुभयो, "आजै तिमी मसित स्वर्गलोकमा हुनेछौ" (लूक २३:४३)। यसले यो परिलक्षित गर्छ कि येशू मर्नुभएको तुरुन्तैपछि उहाँका आत्मा (वा प्राण) स्वर्गमा उहाँका पिताको उपस्थितिमा जानुभयो यद्यपि उहाँको शरीर पृथ्वीमा रह्यो र गाड़ियो। "स्वर्गलोक" स्वर्गभन्दा एकदमै भिन्नै स्थान हो भनी केही मानिसहरूले यस घटनालाई अस्वीकार गर्छन् तर नयाँ करारले यी दुवै शब्दहरूलाई एउटै स्पष्ट अर्थमा प्रयोग गर्छ तर अन्य दुवै नयाँ करारहरूले जुन अर्थमा यस शब्दलाई प्रयोग गर्छन् त्यसको अर्थ "स्वर्ग" हुन्छ। २ कोरन्थी १२:४ मा पावलले देखेका स्वर्गको दर्शनमा उनी उचालिएर लगिएका ठाउँ यही नै थियो अनि प्रकाश २:७ मा यो त्यही ठाउँ हो जहाँ हामी जीवनको रूख पाउँछौं – जो प्रकाश

२२:२ र १४ मा स्पष्ट रूपमा स्वर्ग नै हो।[३१]

यसबाहेक, "अब सिद्धियो" (यूह १९:३०) भन्ने येशूको चीत्कारले सशक्त रूपमा यो देखाउँछ कि ख्रीष्टको कष्ट त्यही बेला समाप्त भयो र हाम्रा पाप वहन गर्नुभएको कारण पितादेखि उहाँको बिछोड़ समाप्त भएको थियो। यसले यो परिलक्षित गर्छ कि उहाँ नरकलोकमा जानुहुनेथिएन तर तुरुन्तै पिताको उपस्थितिमा जानुहुनेथियो।

अन्त्यमा, "हे पिता, म मेरो आत्मा तपाईंको हातमा सुम्पन्छु" (लूक २३:४६) भन्ने उहाँको चीत्कारले पनि यो सङ्केत दिन्छ कि ख्रीष्टले उहाँको कष्टको तुरुन्तै समाप्ति र पिता परमेश्वरद्वारा स्वर्गमा उहाँका आत्मालाई स्वागत गरिएको अपेक्षा राख्नुभयो (सही प्रकारले)। (प्रेरित ७:५९ मा स्तिफनसको यस्तै चीत्कारमा पनि ध्यान दिनुहोस्)।

यस युगमा विश्वासीहरू मर्दा तिनीहरूले जुन कुराहरू अनुभव गर्छन् ख्रीष्टले उहाँको मृत्युमा त्यही कुराहरू अनुभव गर्नुभयो भनी यी मूलपाठहरूले सङ्केत दिन्छन् – उहाँको मृत शरीर पृथ्वीमा रह्यो र गाड़िएको थियो (हाम्रा शरीरजस्तै) तर उहाँको प्राणले स्वर्गमा पिताको उपस्थितिमा तुरुन्तै प्रवेश गऱ्यो (हाम्राजस्तै)। त्यसपछि पहिलो इस्टरको बिहान ख्रीष्टको आत्मा फेरि उहाँको शरीरसित एक भयो र उहाँ मृतकबाट जीवित बनाइनुभयो, जस्तो गरी (ख्रीष्ट फर्किआउनुहुँदा) मर्ने ख्रीष्टियानहरू तिनीहरूका शरीरसित एक बनाइनेछन् अनि तिनीहरूलाई पुनरुत्थान गराइएका तिनीहरूका सिद्ध शरीरलाई नयाँ जीवनमा ल्याइनेछन्।[३२]

हाम्रो पास्टरीय कामलाई यस तथ्यले प्रोत्साहन दिन्छ, हामी मृत्युसित डराउनुहुँदैन, यसकारण मात्र होइन कि अर्कोपट्टि अनन्त जीवन छ, तर यसकारण पनि कि हामीले जे अनुभव गर्नेछौं ठीक त्यही अनुभव हाम्रा मुक्तिदाताले गरिसक्नुभएको छ – उहाँले बाटो तयार मात्र होइन तर पवित्र पनि पारिदिनुभएको छ र हामी हरेक कदममा उहाँलाई भरोसासित पछ्याउँछौं। मृत्युबारे नरकलोकमा ओर्लने कुनै पनि दृष्टिकोणले दिन सक्ने सान्त्वनाभन्दा अझ ठूलो सान्त्वना यस दृष्टिकोणले दिन्छ।

**(४) प्रेरितहरूका विश्वासको सार र नरकलोकमा ख्रीष्टको सम्भावित अवरोहणबारे प्रश्नसम्बन्धी निष्कर्ष** : के "नरकलोकमा ओर्लनुभयो" भन्ने वाक्यांश प्रेरितहरूका विश्वासको सारमा साथ-साथै सबै सहमत बन्न सक्ने विश्वासका महान् धर्मसिद्धान्तहरूमा राखिन योग्यको छ? यसको पक्षमा एउटै मात्र तर्क यो तथ्य देखिन्छ कि यो धेरै समयदेखि त्यहाँ राखिएको छ। तर पनि एउटा पुरानो भुल

पतिहरू जीवितै थिए।

[३१]यस धारणाको थप समर्थन यस तथ्यमा पाइन्छ कि *paradeisos*, अर्थात् "स्वर्गलोक"-को सामान्य अर्थ "सुखद बगैँचा" हुन सक्छ (सेप्टअजिन्टमा अदनको बगैँचा बुझाउन विशेष गरी प्रयोग गरिएको शब्द) तापनि यसको अर्थ प्रायः नै "स्वर्ग" वा "परमेश्वरको उपस्थितिमा आशिष्को ठाउँ" थियो, हे. यशै ५१:३; इज २८:१३; ३१:८-९; टी. लेवी १८:१०; हनोक २०:७; ३२:३; सिब. ओर्. ३:४८। पुरानो र नयाँ करारहरूका बीचको समयकालमा यहूदी साहित्यमा यस शब्दलाई बढ़्दो मात्रामा यही अर्थमा बुझिन्थ्यो (अझ धेरै विभिन्न सन्दर्भहरूका निम्ति हे. Joachim Jeremias, *paradeisos*, *TDNT* [१९६७], पृह. ७६५-७३, हे. विशेष गरी ७६७, टिह. १६-२३)।

[३२]यूहन्ना २०:१७ लाई ("मलाई नछोओ, किनभने म अहिलेसम्म पिताकहाँ उक्लेको (NBS अनुवादमा "गएको") छैनँ यस अर्थमा बुझेको उत्तम हो कि येशू उहाँको पुनरुत्थान भएको शरीरसित, उहाँको नयाँ

आखिर भुल नै हो – र जबसम्म यो वाक्यांश त्यहाँ राखिएको हुन्छ तबसम्म यसको अर्थसम्बन्धी अन्योल र असहमति हुन्छन् नै।

अर्को पट्टिबाट हेर्दा, यस वाक्यांशलाई नराख्न बाध्य बनाउने विभिन्न कारणहरू छन्। यस वाक्यांशलाई राख्नैपर्छ भन्ने धर्मशास्त्रको कुनै स्पष्ट आज्ञा छैन र वास्तवमा धर्मशास्त्रका केही खण्डहरूद्वारा यसको खण्डन भएको देखिन्छ। यो "प्रेरितिक" हो भन्ने यसको कुनै दाबी छैन अनि मण्डलीका प्रथम छ शताब्दीहरूदेखि नै यसलाई मण्डलीको कुनै समर्थन ("नरकलोकमा अवरोहण"-को अर्थमा) छैन। विश्वासको सारको सबैभन्दा पुराना संस्करणहरूमा यो सार थिएन र यसको अर्थबारेको स्पष्ट भुल बुझाइको कारण मात्र यसलाई पछिबाट समाविष्ट गरिएको थियो। सारमा भएका अन्य सबै वाक्यांशहरूको विपरीत, यसले सबै ख्रीष्टियानहरू सहमत हुने कुनै प्रमुख धर्मसिद्धान्त प्रतिनिधित्व गर्दैन तर यस्तो वक्तव्य प्रतिनिधित्व गर्छ जुनबारे अधिकांश ख्रीष्टियानहरू असहमत भएका देखिन्छन्।[३३] खुबैमा यो आधुनिक ख्रीष्टियानहरूलाई अन्योलमा पार्ने र प्रायःजस्ता कुराहरूमा भ्रामक छ। मेरो व्यक्तिगत रायमा यदि यसलाई सदाको निम्ति विश्वासको सारबाट हटाइदिए पूर्ण लाभ हुनेछ, हानि हुनेछैन।

ख्रीष्ट मर्नुभएपछि नरलोकमा वर्लनुभयो कि भन्ने धर्मसैद्धान्तिक प्रश्नसम्बन्धी धर्मशास्त्रका विभिन्न खण्डहरूको स्पष्ट उत्तर यो देखिन्छ – उहाँ वर्लनुभएन।

### घ. प्रायश्चित्तको विस्तार (extent)

रीफर्मड् ईश्वरशास्त्रीहरू अनि अन्य क्याथलिक र प्रोटेस्टेन्ट ईश्वरशास्त्रीहरूमाझको एउटा मतभिन्नता प्रायश्चित्तको विस्तार (extent)-बारे प्रश्न हो। यस प्रश्नलाई यसरी राख्न सकिन्छ – ख्रीष्ट क्रूसमा मर्नुहुँदा के उहाँले सम्पूर्ण मानवजातिका पापहरूका निम्ति मोल चुकाउनुभयो कि अन्त्यमा बचाइनेछन् भनी उहाँले जान्नुभएका मानिसहरूका निम्ति मात्र पापको मोल चुकाउनुभयो ?

गैर-रीफर्मड् मानिसहरूले यो तर्क गर्छन् कि धर्मशास्त्रमा सुसमाचारको प्रस्ताव सबै मानिसहरूलाई बारम्बार दिइएको छ र यो प्रस्ताव साँचो हुनु हो भने, पापको निम्ति यो मोल अगावै तिरिसकिएकै हुनुपर्दछ र सबै मानिसहरूका निम्ति यो वास्तवमै उपलब्ध हुनैपर्दछ। तिनीहरू यो पनि भन्दछन् कि यदि ख्रीष्टले सीमित मानिसहरूका लागि मात्र त्यो मोल चुकाउनुभयो भने, सित्तैंमा सुसमाचार दिइने प्रस्ताव पनि सीमित हुनुपर्छ, अनि सुसमाचारको प्रस्ताव विनाअपवाद सबै मानिसजातिलाई दिन सकिँदैन।

---

पुनरुत्थानको अवस्थामा, त्यस बेलासम्म स्वर्गमा फेरि उक्लनुभएको थिएन; त्यसकारण मरियमले येशूको शरीर छुनुहुन्थेन। *anabebeka*-को वा "उक्लनुभयो"-ले यो अर्थ दिन्छ, "म जहाँ उक्लें त्यहाँ म अहिलेसम्म उक्लेको छैनँ र रहेको छैनँ" वा "म अहिलेसम्म उक्लिसकेको अवस्थामा छैनँ" (पछिल्लो वाक्यांश को D.A. Carson, *The Gospel According to John* [लिसेस्टर : इन्टरभर्सिटि प्रेस र ग्यान्ड र्‍यापिड्स : ईर्डम्यान्स, १९९१] पृह. ६४४)।

[३३] Randal E. Otto-ले यस्तै किसिमको सुझाउ लिन्छन् : "(विश्वासको) सारमा यस्तो रहस्यमय धारा समाविष्ट गर्न अति नै अबुद्धिमानी काम देखिन्छ जुन धारा (ख्रीष्टियान)-लाई धर्मका आधारभूत र जीवन्त सिद्धान्त हो भनी मानिलिइन्छ" *Descendit in Inferna:* A Reformed Review of a Doctrinal Conundrum,"

यसको विपरीत, रीफर्मड् मानिसहरू यो तर्क गर्छन् कि अहिलेसम्म उद्धार गरिएका हरेक मानिसका पापहरूको निम्ति यदि ख्रीष्टको मृत्युले वास्तवमै मोल चुकायो भने, *कुनै यस्तो मानिस* छैन जसका पापहरूका निम्ति अब जरिमाना चुकाउनपर्ने छ, र यसको परिणाम यही हुन्छ कि विनाअपवाद सबै मानिसहरूको उद्धार हुनेछ। किनकि पापहरूको मोल अगावै तिरिसकिएको कुनै पनि मानिसलाई परमेश्वरले अनन्तको दण्डमा पठाउन सक्नुहुन्थेन, त्यसो गर्दा दोबर भुक्तानी माग गरिएको हुनेथियो, तर त्यसकारण यो अन्याय हुनेथियो। यसो गर्नाले सबै मानिसहरूलाई दिइएको सुसमाचारको यो सित्तैंको प्रस्तावलाई शङ्काजनक बनाइदिन्छ भन्ने आपत्तिको उत्तरमा रीफर्मड् मानिसहरूले यो उत्तर दिन्छन् कि ख्रीष्टलाई भरोसा गर्ने मानिसहरू को हुन् सो हामी जान्दैनौं किनकि त्यो त परमेश्वरले मात्र जान्नुहुन्छ। हामी यो अड़ान लिन्छौं कि कसैलाई नछुट्ट्याई सबैलाई सुसमाचार सित्तैंमा दिनुपर्छ। हामी यो पनि जान्दछौं कि पश्चात्ताप गर्ने र ख्रीष्टलाई विश्वास गर्ने हरेक मानिस बचाइनेछ, यसैकारण सबैलाई पश्चात्ताप गर्नू भनिएको छ (तु. प्रे १७:३०)। को बचाइनेछन् सो परमेश्वरले पहिला नै जान्नुभएको थियो अनि ख्रीष्टको मृत्यु तिनीहरूका पापको निम्ति चुकाइएको मोल हो भनी परमेश्वरले स्वीकार गर्नुभयो भन्ने तथ्यले सुसमाचारको सित्तैंको प्रस्तावलाई निषेध गर्दैन किनकि जसले यसलाई ग्रहण गर्छ त्यो परमेश्वरको गुप्त विचारहरूमा लुकेको हुन्छ। जसरी एउटा कृषकलाई तिनको खेतमा बीऊ छर्नदेखि रोक्ने कारण कति बाली लाग्ला भन्ने अनुमान हुँदैन, त्यसरी नै कसले सुसमाचारलाई स्वीकार गर्ला भन्ने अनुमान सुसमाचार नदिनुको कारण बन्न सक्दैन।

अन्त्यमा, रीफर्मड् मानिसहरूले यो तर्क गर्छन् कि उद्धारको निम्ति परमेश्वरका उद्देश्यहरू त्रिएकत्वका सबै व्यक्तिहरू सहमत भएका उद्देश्यहरू हुन् र ती निश्चय नै हासिल गरिएका छन्। परमेश्वरले जुन मानिसहरूलाई उद्धार दिने योजना बनाउनुभयो ती मानिसहरूका निम्ति नै ख्रीष्ट पनि मर्नलाई आउनुभयो र पवित्र आत्माले ती मानिसहरूका निम्ति नै, तिनीहरूका विश्वासलाई जागृत गराउनुहुँदै (यूह १:१२; फिलि १:२९; तु. एफि २:२) र उहाँलाई भरोसा गर्ने आह्वान गर्नुहुँदै पनि ख्रीष्टको उद्धारका लाभहरू निश्चय नै कार्यान्वयन गर्नुहुनेछ। पिता परमेश्वरले जुन योजना बनाउनुभयो पुत्र परमेश्वर र पवित्र आत्मा त्यसमा सहमत बन्नुभयो र उहाँहरूले त्यसलाई अवश्य नै पूरा गर्नुभयो।

**१. रीफर्मड् दृष्टिकोणलाई समर्थन गर्नलाई प्रयोग गरिइने धर्मशास्त्रका खण्डहरू।** ख्रीष्ट उहाँका जनका निम्ति मर्नुभयो भन्ने तथ्य धर्मशास्त्रका विभिन्न खण्डहरूले बताउँछन्। "असल गोठालाले आफ्ना *भेड़ाहरूका निम्ति* आफ्नो प्राण अर्पण गर्छ" (यूह १०:११)। "म भेड़ाहरूका लागि आफ्नो प्राण अर्पण गर्छु" (यूह १०:१५)। "परमेश्वरले आफ्नै रगतले किन्नुभएको मण्डली"-बारे पावल बताउँछन् (प्रे २०:२८)। उनले यो पनि भन्छन्, "जसले आफ्नै निज पुत्रलाई बाँकी राख्नुभएन, तर हामी

*WTJ* 52 [१९९०], पृ. १५०।

सबैका निम्ति उहाँलाई दिनुभयो, के उहाँले हामीलाई सबै थोक पनि उहाँकै साथमा दिनुहुनेछैन र ?" (रोम ८:३२)। परमेश्वरले "हामी सबैका निम्ति" उहाँका पुत्रलाई दिनुहुँदा उहाँको जुन उद्देश्य थियो अनि मुक्तिसित पनि सम्बन्धित "सबै थोक" हामीलाई दिनुहुँदा उहाँको जुन उद्देश्य थियो तीमाझ भएको सम्बन्धलाई यस खण्डले देखाउँछ। उद्धार पाउनेहरूका निम्ति मात्र यी कुराहरू दिइन्छन् भनी पावलले बताउँछन् किनभने उनी भन्छन्, "परमेश्वरका चुनिएकाहरूका विरुद्धमा कसले अभियोग लाउनेछ ?" चुनिएकाहरूका विरुद्धमा कसैले किन दोषारोपण गर्नेछैन त्यसको कारण ख्रीष्टको मृत्यु हो भन्दै पावलले दोस्रो पदमा उल्लेख गर्छन् (रोम ८:३४)। पावलले अर्को खण्डमा भन्छन्, "पति हो, आफ्ना पत्नीहरूलाई प्रेम गर, जसरी ख्रीष्टले पनि मण्डलीलाई प्रेम गर्नुभयो, र *त्यसको निम्ति* आफूलाई अर्पण गर्नुभयो" (एफि ५:२५)।

यसबाहेक, उहाँको पार्थिव सेवाकार्यको बेला ख्रीष्ट मानिसहरूको एउटा समूहबारे अवगत हुनुहुन्छ, जो पिताले उहाँलाई दिनुभएको छ। "पिताले मलाई दिनुहुने सबै मकहाँ आउनेछन्, र मकहाँ आउनेलाई कुनै रीतिले म त्याग्नेछैनँ... मलाई पठाउनुहुनेको इच्छा यो हो, कि उहाँले मलाई दिनुभएकाहरूमध्ये कसैलाई पनि म नगुमाऊँ, तर तिनीहरूलाई अन्त्यको दिनमा जीवित पारूँ" (यूह ६:३७-३९)। उहाँ यो पनि भन्नुहुन्छ, "म तिनीहरूका निम्ति प्रार्थना गर्दछु, संसारको निम्ति म प्रार्थना गर्दिनँ, तर तिनीहरूका निम्ति, जसलाई तपाईंले मलाई दिनुभएको छ। किनभने तिनीहरू तपाईंकै हुन्" (यूह १७:९)। यो विशेष सन्दर्भबाट उहाँ चेलाहरूलाई यसो भन्न पुग्नहुन्छ, "म यिनीहरूका निम्ति मात्र प्रार्थना गर्दिनँ; तर यिनीहरूका सन्देशद्वारा ममाथि विश्वास गर्नेहरूका निम्ति पनि प्रार्थना गर्छु" (यूह १७:२०)।

अन्त्यमा, केही खण्डहरूले ख्रीष्ट मर्नुहुँदा पिता र पुत्रमाझ भएका निश्चित छलफलबारे बताउँछन्। त्यो यस्तो छलफल थियो जो निश्चित रूपमा विश्वास गर्नेहरूबारे थियो। उदाहरणार्थ, पावल भन्छन्, "तर परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ, कि हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो" (रोम ५:८)। उनी थप्छन्, "किनकि हामी शत्रु छँदै *उहाँका पुत्रको मृत्युद्वारा परमेश्वरसँग हाम्रो मिलाप भएको थियो* भने, झन् बढ़ी अब उहाँसँगै मिलाप भएका हुनाले ख्रीष्टको जीवनद्वारा हामी बचाइनेछौं" (रोम ५:१०)। परमेश्वरसँग यो मिलाप ती मानिसहरूको सम्बन्धमा भएको थियो जो बचाइनेथिए अनि "हामी शत्रु छँदै" यो मिलाप भयो। यस्तै प्रकारले पावल भन्छन्, "किनकि हामी उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनुभयो" (२ कोर ५:२१; तु. गला १:४; एफि १:७) अनि "*हाम्रा निम्ति* सराप बनेर ख्रीष्टले *हामीलाई* व्यवस्थाको सरापबाट मोल तिरेर छुटाउनुभयो" (गला ३:१३)।

रिफर्मड् दृष्टिकोणको थप समर्थन यी कुराहरू मनन गर्दा पाइन्छ कि विश्वास, पश्चात्तापलगायत मुक्तिका सबै आशिषहरू अनि उद्धार प्रयुक्त गर्नलाई पवित्र आत्माले गर्नुपर्ने सबै कामहरू ख्रीष्टका उद्धारदायी कामहरूद्वारा विशेष गरी उहाँका

जनका निम्ति हासिल गरिएका थिए। उहाँले जुन मानिसहरूका निम्ति क्षमा आर्जन गरिदिनुभएको थियो तिनीहरूका निम्ति अन्य लाभहरू पनि कमाइदिनुभएको थियो (तु. एफि १:३-४; २:८; फिलि १:२९)।[३४]

मैले यस खण्डमा जुन कुरालाई "रिफर्मड् दृष्टिकोण" भनेको छु त्यसलाई साधारणतया "सीमित प्रायश्चित्त" भनिन्छ।[३५] तथापि यो दृष्टिकोण लिने प्रायःजस्ता ईश्वरशास्त्रीहरूले आज "सीमित प्रायश्चित्त" शब्दलाई उत्तम ठान्दैनन् किनभने यसलाई सहजै भुल बुझ्न सकिन्छ, मानौं यस दृष्टिकोणले कुनै कारणवश यो विश्वास गर्छ कि ख्रीष्टको प्रायश्चित्तको काम कुनै रीतिले अपुग थियो। सामान्यतया उत्तम ठानिएको *विशेष उद्धार* (particular redemption) हो किनकि यस दृष्टिकोणले यो विश्वास गर्छ कि ख्रीष्ट विशेष मानिसहरूका निम्ति मर्नुभयो (विशेष गरी ती मानिसहरू जो बचाइनेछन् र जसलाई उद्धार गर्न ख्रीष्ट आउनुभयो), यसकारण कि उहाँले तिनीहरूलाई अघिबाटै व्यक्तिगत रूपमा चिन्नुहुन्थ्यो (तु. एफि १:३-५) र उहाँको प्रायश्चित्तकारी कार्यमा तिनीहरू हरेकको बारेमा सोच्नुभएको थियो।[३६]

यसको विपरीत दृष्टिकोणलाई "सार्वजनिक उद्धार" वा "असीमित उद्धार" (general or unlimited redemption) भनिन्छ, जसअनुसार, आजसम्म जिउने सबै मानिसहरूका पापका निम्ति ख्रीष्टको मृत्युले वास्तवमै मोल चुकाइदियो।

**२. गैररिफर्मड् दृष्टिकोण (सार्वजनिक उद्धार वा असीमित प्रायश्चित्त)-लाई समर्थन गर्नलाई प्रयोग हुने धर्मशास्त्रका खण्डहरू।** धर्मशास्त्रका धेरैवटा खण्डहरूले यो देखाउँछ कि कुनै अर्थमा ख्रीष्ट सारा संसारको निम्ति मर्नुभयो। बप्तिस्मा दिने

[३४]मैले जसलाई "रिफर्मड् दृष्टिकोण," (यसलाई सामान्यतया "विशेष उद्धार" वा "सीमित प्रायश्चित्त" पनि भनिन्छ) भनेको छु, त्यसलाई विश्वास गर्ने कुनै पनि अर्मिनीहरूबारे म अवगत छैन। सबैलाई होइन, तर जसले विश्वास गर्नेछन् भनी परमेश्वरले जान्नुभएको थियो, ख्रीष्टको मृत्युले वास्तवमा तिनीहरूकै पापका मात्र मोल तिरिदियो भन्ने विश्वाससितै कसैले परम्परावादी अर्मिनी दृष्टिकोणलाई (कसले विश्वास गर्छ भन्ने कुरा परमेश्वरले अगावै जान्नुहुन्थ्यो र त्यही पूर्वज्ञानको आधारमा उहाँले तिनीहरूका नियति तोकिदिनुभयो भन्ने दृष्टिकोण) कसैले विश्वास गर्नु तर्कसम्मत रूपमा असम्भव देखिँदैन। भन्नुको तात्पर्य यो मात्र हो, "सीमित प्रायश्चित्त" अवश्य नै रिफर्मड् दृष्टिकोणको एउटा भाग भए तापनि उद्धारको सम्पूर्ण काममा परमेश्वरको समग्र सर्वसत्ताबाट तर्कसम्मत रूपमा यो निष्कर्ष निस्किन्छ कि कसैले (सिद्धान्तमा मात्र पनि) "सीमित प्रायश्चित्त"-मा विश्वास गर्न सक्छ र सामान्यतः जीवनमा परमेश्वरको सर्वसत्तासम्बन्धी वा विशेषतः मुक्तिसम्बन्धी अन्य बुँदाहरूमा रिफर्मड् दृष्टिकोण नअपनाउन सक्छ।

[३५]अङ्ग्रेजीको परिवर्णी शब्द TULIP-मा "L" अक्षर छ। तसर्थ "L" अक्षरले तथाकथित "क्यालभिनवादका पाँचवटा बुँदाहरू"-को प्रतिनिधित्व गर्छ; यी पाँचवटा धर्मसैद्धान्तिक दृष्टिकोणहरू हुन् जसले क्यालभिनवादी वा रिफर्मड् ईश्वरशास्त्रीहरू अन्य धेरै प्रोटेस्टेन्टहरूभन्दा बेग्लै हुन् भनी देखाउँछन्। परिवर्णी अङ्ग्रेजी शब्द TULIP-का अक्षरहरूले यो प्रतिनिधित्व गर्छ; T=Total depravity, अर्थात्, मूल पापको कारण स्वभावमा अन्तर्निहित भ्रष्टता, U= Unconditional election, अर्थात्, विनाशर्तको चुनाव; L= Limited atonement अर्थात्, सीमित प्रायश्चित्त; I = Irresistable grace, अर्थात्, अप्रतिरोध्य अनुग्रह; P= Perseverance of the saints अर्थात्, सन्तहरूका अध्यव्यसाय। यो पुस्तकले यी पाँच धर्मसिद्धान्तीय बुँदालाई समर्थन गर्दछ, तर यसले हरेक मुद्दामा यसको विपक्षी दृष्टिकोण समर्थन गर्ने तर्कतिर इङ्गित गर्ने तथा दुवै दृष्टिकोणहरू प्रतिनिधित्व गर्ने समुचित पुस्तक-सूची उपलब्ध गराउने प्रयत्न पनि गर्छ; निश्चित विषयका लागि हे. निम्नलिखित अध्यायहरू – २४ [T], ३२ [U], २७ [L], ३४ [I], ४० [P]।)

[३६]रिफर्मड् मानिसहरूले तर्क गर्छन् कि यो प्रायश्चित्तको शक्तिलाई वास्तवमै सीमित बनाउने अर्को दृष्टिकोण हो किनभने त्यस दृष्टिकोणअनुसार प्रायश्चित्तले परमेश्वरका जनलाई वास्तवमा मुक्तिको प्रत्याभूति दिँदैन, तर सबै मानिसहरूका निम्ति मुक्ति सम्भव मात्र बनाउँछ। अरू शब्दमा भन्नु हो भने, जति मानिसहरूमा प्रायश्चित प्रयुक्त हुन्छ, त्यहीअनुरूप यसलाई सीमित गरिएन भने, यसले वास्तवमा जे उपलब्ध गर्छ, त्यसको सम्बन्धमा पनि यसलाई सीमित गरिनुपर्छ।

यूहन्नाले भने, “हेर, *संसारको* पाप उठाइलैजाने परमेश्वरका थुमा !” (यूह १:२९)। यूहन्ना ३:१६ ले हामीलाई यसो भन्छ, “किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पावस्।” येशूले भन्नुभयो, “जुन रोटी म संसारका जीवनको निम्ति दिनेछु, त्योचाहिँ मेरो देह हो” (यूह ६:५१)। पावल भन्छन् कि “स्वयम् ख्रीष्टमा हुनुभएर परमेश्वरले *संसारलाई* आफूसँग मिलापमा ल्याउँदैहुनुहुन्थ्यो” (२ कोर ५:१९)। हामी ख्रीष्टबारे यो पढ्छौं कि “उहाँ हाम्रा पापका निम्ति प्रायश्चित्त हुनुहुन्छ, र हाम्रा निम्ति मात्र होइन, तर *सारा संसारका* पापका निम्ति पनि” (१ यूह २:२)। पावल लेख्छन् कि येशूले “*सबैका* छुटकाराका मोलको निम्ति आफैलाई सुम्पिदिनुभयो” (१ तिमो २:६); अनि हिब्रूका लेखक भन्छन् कि “उहाँ अलि बेरको निम्ति स्वर्गदूतहरूभन्दा केही तल होच्याइनुभयो ... यस हेतुले कि परमेश्वरको अनुग्रहद्वारा हरेक मानिसको निम्ति उहाँले मृत्युको स्वाद चाखून्” (हिब २:९)।

अन्य खण्डहरूले ख्रीष्ट यस्ता मानिसहरूका निम्ति मर्नुभएको चर्चा गरेका देखिन्छन् जो बचाइनेछैनन्। पावल भन्छन्, “जुन भाइको निम्ति ख्रीष्ट मर्नुभयो, तिमीले खाएको कुराबाट उसको नाश नहोस्” (रोम १४:१५)। यही सन्दर्भमा पावलले कोरिन्थीहरूलाई मूर्तिको मन्दिरमा सबैले देख्ने गरी खानेकुरा नखान् भन्छन् किनभने यो कामले दुर्बल विश्वास भएकाहरूलाई तिनीहरूका विवेकलाई अशुद्ध बनाउन र मूर्तिहरूलाई चढ़ाइएका खानेकुरा खान प्रोत्साहित गर्ला। उनले त्यसपछि भन्छन्, “तिम्रो ज्ञानले गर्दा त्यो दुर्बल भाइ नष्ट हुन्छ, *जसको निम्ति ख्रीष्ट मर्नुभयो*” (१ कोर ८:११)। पत्रुसले झुटा शिक्षकहरूबारे निम्निलिखत प्रकारले लेख्छन्, “जसरी इस्राएलीहरूका माझमा झुटा अगमवक्ताहरू पनि थिए, त्यसरी तिमीहरूका माझमा झुटा शिक्षकहरू खड़ा हुनेछन्। यिनीहरूले गुप्त रूपले विनाशकारी झुटा शिक्षाहरू ल्याउनेछन्, यहाँसम्म कि *तिनीहरूलाई उद्धार गर्नुहुने स्वामीलाई पनि तिनीहरूले इन्कार गर्नेछन्,* र आफैमाथि चाड़ै विनाश ल्याउनेछन्” (२ पत्र २:१; तु. हिब १०:२९)।

**३. सहमतिका केही बुँदाहरू र विवादग्रस्त मूलपाठहरूबारे केही निष्कर्षहरू।** दुवै पक्षहरू सहमत हुने बुँदाहरूलाई सर्वप्रथम तालिकाबद्ध गर्न निश्चय नै उपयोगी हुनेछ :

१. सबै जना बचाइनेछैनन्।

२. अहिलेसम्म जन्मेका हरेक मानिसलाई सित्तैंका सुसमाचारको प्रस्ताव सही प्रकारले राख्न सकिन्छ। यो पूर्ण सत्य हो कि मुक्तिको निम्ति “जसले इच्छा गर्छ” अनि उहाँकहाँ जो आउँछ त्यसलाई अस्वीकार गरिनेछैन। सुसमाचारको यो सीत्तैंको प्रस्ताव इमानदारीपूर्वक हरेक व्यक्तिलाई प्रदान गरिएको छ।

३. सबै सहमत हुन्छन् कि ख्रीष्टको मृत्यु स्वयम्मा, किनकि उहाँ परमेश्वरका अनन्त पुत्र हुनुहुन्छ, असीम गुण छ र यो स्वयम्मा पिता र पुत्रले जति धेरै वा जति

कम मानिसहरूका पापको मोल तिर्नू भनी तोकिदिनुभयो त्यो तिरिदिनलाई यथेष्ट छ। प्रश्न ख्रीष्टका सङ्कष्ट र मृत्युको अन्तर्निहित गुणबारे होइन, तर ती मानिसहरूका संख्याबारे छ जसका निम्ति ख्रीष्ट मर्नुभएको समयमा ख्रीष्टको मृत्युपर्याप्त मोल भुक्तानी हो भनी पिता र पुत्रले सोच्नुभयो।

तर सहमतिका यी बुँदाहरूबाहेक निम्नलिखित प्रश्नसम्बन्धी एउटा मतभिन्नता रहन्छ, "ख्रीष्ट मर्नुहुँदा के *उहाँले वास्तवमा* तिनीहरूका पापका निम्ति मात्र *दण्ड भोग्नुभयो* जसले उहाँलाई विश्वास गर्नेथिए वा आजसम्म जिउने हरेक मानिसका पापका निम्ति पनि दण्ड भोग्नुभयो ? यस प्रश्नसम्बन्धी विशेष उद्धार (particular redemption)-को दृष्टिकोणमा *विश्वास* गर्नेहरूका पक्षमा अझ दह्रिला तर्कहरू भएका देखिन्छन्। सर्वप्रथम, सार्वजनिक उद्धार (general redemption) दृष्टिकोणका समर्थकहरूद्वारा उत्तर नदिएका एउटा महत्त्वपूर्ण बुँदा यो हो कि अनन्तको निम्ति नरकमा पठाइएका मानिसहरूले तिनीहरूका आफ्ना सबै पापका निम्ति दण्ड भोग्नेछन् अनि त्यसकारण तिनीहरूका दण्ड ख्रीष्टद्वारा पूर्ण रूपले भोगिएका हुन सक्ने थिएन। सार्वजनिक उद्धारको दृष्टिकोणमा विश्वास गर्नेहरूले कहिलेकाहीँ यो उत्तर दिन्छन् कि ती मानिसहरूले ख्रीष्टलाई इन्कार गरेका कारण तिनीहरूका अरू पापहरूका मोल तिरिएका भए तापनि तिनीहरूले नरकमा दुःखभोग गर्छन्। तर यो कुनै पनि प्रकारले सन्तोषजनक दृष्टिकोण होइन किनकि (१) कतिले ख्रीष्टका बारेमा नसुनेका हुनाले तिनीहरूले उहाँलाई कहिल्यै पनि इन्कार गरेका छैनन् अनि (२) धर्मशास्त्रले अनन्तको दण्डबारे बताउँदा यसले जोड़ दिएको तथ्य यो होइन कि मानिसहरूले ख्रीष्टलाई इन्कार गरेका कारण कष्ट भोग्छन् तर तिनीहरूका यस जीवनमा भएका पापहरूका कारण नै तिनीहरूले कष्ट पाउँछन् (हे. रोम ५:६-८,१३-१६, आदि)। यस महत्त्वपूर्ण बुँदाले विशेष उद्धार दृष्टिकोण पक्षको तर्कमा निर्णायक बल दिएको देखिन्छ।

विशेष उद्धारको पक्षमा भएको अर्को महत्त्वपूर्ण बुँदा यो तथ्य हो कि ख्रीष्टले हाम्रो सबै पापहरूका निम्ति मोल तिरिदिनुहुँदै हाम्रो मुक्ति आर्जन गरिदिनुभयो। उहाँले हामीलाई सम्भाव्य तरिकामा मात्र होइन, तर उहाँले प्रेम गर्नुभएका व्यक्तिहरूका रूपमा वास्तवमा उद्धार गर्नुभयो। विशेष उद्धारको पक्षमा तेस्रो वजनदार तर्क यो हो कि परमेश्वरका सल्लाह र योजनाहरूमा र पिता, पुत्र र पवित्र आत्माका योजनाहरू पूरा गर्ने काममा उहाँहरूको अनन्त एकत्व छ (हे. रोम ८:२८-३०)।

सार्वजनिक उद्धारलाई समर्थन गर्न प्रयोग गरिने खण्डहरूसम्बन्धी यो कुरा भन्न सकिन्छ, "संसार"-बारे चर्चा गर्ने विभिन्न खण्डहरूको अर्थ केवल यो मात्र हो कि पापीहरू सामान्यतया बचाइनेछन् – यहाँ यो उपलक्षित गरिएको छैन कि संसारमा भएका हरेक व्यक्ति बचाइनेछ। संसारको पाप उठाइलैजानुहुने ख्रीष्ट थुमा हुनुहुन्छ (यूह १:२९) भन्ने तथ्यको अर्थ (कुनै व्यक्तिको व्याख्यामा पनि) यो होइन कि ख्रीष्टले संसारमा भएको हरेक व्यक्तिका पापहरू वास्तवमा मेटिदिनुहुन्छ, किनकि दुवै पक्षहरू सबै जना बचाइएका छैनन् भनी सहमत छन्। यस्तै प्रकारले, संसारलाई आफैसँग मिलापमा ल्याउनुहुँदै परमेश्वर ख्रीष्टमा हुनुहुन्थ्यो (२ कोर ५:१९) भन्ने

तथ्यको अर्थ यो होइन कि संसारमा भएको हरेक व्यक्ति परमेश्वरसँग मिलापमा ल्याइएको थियो, तर यसको अर्थ यो हो कि पापीहरू प्रायशः परमेश्वरसँग मिलापमा ल्याइएका थिए। यी दुई खण्डहरूलाई अर्कै तरिकामा यसरी भन्न सकिन्छ – येशू परमेश्वरको त्यो थुमा हुनुहुन्थ्यो जसले पापीहरूका पाप उठाइलैजानुहुन्छ, वा पापीहरूलाई उहाँसँग मिलापमा ल्याउनुहुँदै परमेश्वर ख्रीष्टमा हुनुहुन्थ्यो। यसको अर्थ होइन कि सबै पापीहरू बचाइनेछन् वा मिलापमा ल्याइएका थिए, तर यति मात्र कि सार्वजनिक तवरमा यी समूहहरू मात्र, तर यस समूहमा भएका अनिवार्यतः सबै जना होइन, परमेश्वरको उद्धारका कामका पात्रहरू थिए। यसको तत्त्वतः अर्थ यो हो कि "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एक मात्र पुत्र दिनुभयो"; तर यसले यो सङ्केत गर्दैन कि संसारमा भएको प्रत्येक पापी बचाइनेछ।

ख्रीष्ट संसारको "लागि" मर्नुभएको तथ्यबारे चर्चा गर्ने खण्डहरूलाई यसरी बुझेको सर्वोत्तम हो – यी खण्डहरूले सबै मानिसहरूका निम्ति उपलब्ध गराइएका सित्तैंको सुसमाचार बुझाउँछन्। येशूले "जुन रोटी *म संसारका जीवनको लागि* दिनेछु, त्योचाहिँ मेरो देह हो" (यूह ६:५१) भन्नुहुँदा, उहाँले आफैलाई त्यो रोटी हुँ भनी बताइरहनुभएको थियो जुन रोटी स्वर्गबाट ओर्लिआएको थियो, जुन रोटी मानिसहरूलाई दिइएको छ, र तिनीहरू इच्छुक छन् भने तिनीहरू आफैले त्यो प्राप्त गर्न सक्छन्। यसअघि त्यही छलफलमा येशूले भन्नुभयो, "किनभने परमेश्वरको रोटी त्यही हो, जो स्वर्गबाट ओर्लिआउँछ, र संसारलाई जीवन दिन्छ" (यूह ६:३३)। यसलाई संसारमा उद्धार ल्याउने काम हुनेछ, तर संसारमा हरेक व्यक्तिले त्यो उद्धार दिने जीवन पाउनेछ भन्नेचाहिँ बुझाउँदैन भनी बुझ्न सकिन्छ। त्यसपछि येशूले आफैलाई ती व्यक्तिको रूपमा बताउनुहुन्छ जसले सबैलाई उहाँकहाँ आएर यो जिउँदो रोटी लिने निमन्त्रणा दिइरहनुभएको छ, "मकहाँ आउने भोकाउनेछैन, र ममाथि विश्वास गर्ने कहिल्यै तिर्खाउनेछैन। ... स्वर्गबाट ओर्लिआउने रोटी यही हो, जसले यो खान्छ त्यो मर्नेछैन। कसैले यो रोटी खायो भने त्यो सधैंभरि जिउनेछ। जुन रोटी म संसारका जीवनको लागि दिनेछु, त्योचाहिँ मेरो देह हो" (यूह ६:३३, ५०-५१)। संसारमा जीवन ल्याउनलाई र यो संसारलाई जीवन दिनलाई येशूले उहाँको देह दिनुहुन्छ, तर येशू संसारलाई अनन्त जीवन दिनलाई आउनुभयो (दुवै पक्षहरू यसबारे सहमत बन्दछन्) भन्नुको अर्थचाहिँ जिउने सबै मानिसहरूका दण्डको मोल उहाँले वास्तवमा तिर्नुभयो भनिएको होइन, किनकि यो भिन्नै प्रश्न हो।

ख्रीष्ट "हाम्रा पापका निम्ति प्रायश्चित्त हुनुहुन्छ, अनि हाम्रा निम्ति मात्र होइन तर सारा संसारका पापका निम्ति पनि" (१ यूह २:२, लेखकको आफ्नै अनुवाद) भनी यूहन्नाले भन्दा उनको अर्थ यो मात्र थियो भनी बुझ्न सकिन्छ कि येशू प्रायश्चित्तको त्यो बलि हुनुहुन्छ जसलाई संसारको हरेक व्यक्तिका *पापहरूको निम्ति सुसमाचारले* अहिले *उपलब्ध गराउँछ*। जुन विशेष अर्थमा ख्रीष्ट संसारका पापको *निम्ति* प्रायश्चित्त हुनुहुन्छ त्यस अर्थको सम्बन्धमा पूर्वसर्ग *"निम्ति"* (अङ्. *for*, ग्रीक *peri*) अस्पष्ट छ। *peri*-को अर्थ केवल "सम्बन्धी" वा "विषय"-मा हो तर संसारका पापहरूको सम्बन्धमा ख्रीष्ट ठीक कुन तरिकामा बलि हुनुहुन्छ भन्ने कुरालाई पारिभाषित गर्नका

लागि यो शब्द पर्याप्त मात्रामा सुस्पष्ट छैन। यो पदको भाषाअनुसार, यो सोच्नु पूर्णतः सुसङ्गतमा हुन्छ कि यूहन्नाले केवल यो मात्र भनिरहेका छन् कि ख्रीष्ट प्रायश्चित्तको त्यो बलि हुनुहुन्छ जो संसारका कुनै पनि व्यक्तिका पापहरूका मोल चुकाउनलाई उपलब्ध हुनुहुन्छ।[३७] यसरी नै, पावलले "उहाँले *सबैका* छुटकाराका मोलको निम्ति आफैलाई सुम्पिदिनुभयो" (१ तिमो २:६) भन्दा यसको अर्थ कसैलाई नछोड़ी सबै मानिसहरूका निम्ति छुक्काराको मोल उपलब्ध छ भन्ने हो भनी हामीले बुझ्नुपर्दछ।[३८]

ख्रीष्ट स्वर्गदूतहरूभन्दा केही तल होच्याइनुभयो "यस हेतुले कि परमेश्वरको अनुग्रहद्वारा हरेक मानिसको निम्ति उहाँले मृत्युको स्वाद् चाखून्" (हिब २:९) भनी हिब्रूका लेखकले भन्दा यस खण्डले ख्रीष्टको हरेक मानिस, अर्थात् उद्धार गरिएको हरेक मानिसलाई बुझाएको हो भनी बुझ्नु उत्तम हो। यसले "संसारमा भएको" हरेक जना वा यस्तै बुझाउने कुरा बताउँदैन। यस वाक्यांशपछि लगत्तै पाइने सन्दर्भमा लेखकले अवश्य नै ती मानिसहरूबारे बताइरहेका छन् जो उद्धार गरिइएका छन् (हे. "धेरै सन्तानलाई महिमा ल्याउनुहुँदा" [प. १०]; "पवित्र तुल्याएकाहरू" [प. ११]; अनि "परमेश्वरले मलाई दिनुभएका यी छोराहरू" [प. १३]। यहाँ प्रयोग गरिएको ग्रीक शब्द *pas*-लाई "हरेक" भनी अनुवाद गरिएको छ। यस शब्दलाई यस्तै अर्थमा हिब्रू ८:११ मा "परमेश्वरका सबै जन," "किनकि सबैले मलाई चिन्नेछन्" र हिब्रू १२:८ मा "तर तिमीहरू सबै सहभागी भएको त्यो ताड़ना तिमीहरूले पाएका छैनौं भने ता तिमीहरू आफ्ना बाबुका खास छोराहरू होइनौ, तर व्यभिचारमा जन्मेका छोराहरू हौ" (हिब १२:८) भन्ने अर्थमा पनि प्रयोग भएको छ। यी दुवै पदहरूमा "सबै" शब्द "परमेश्वरका सबै जन"-जस्ता निर्दिष्ट वाक्यांशद्वारा प्रतिबन्धित भएको छैन तर सेरोफेरो सन्दर्भमा यसको अर्थ स्पष्ट रूपमा यही हो। निश्चय नै अरू सन्दर्भमा यही शब्द "सबै"-ले "विनाअपवाद सबै मानिसहरू" भन्ने अर्थ दिन सक्छ तर प्रत्येक पदानुसारको सन्दर्भमा अर्थ निकाल्नुपर्दछ।

जुन मानिसको निम्ति ख्रीष्ट मर्नुभयो उसैलाई नाश गर्ने सम्भावनाबारे पावलले रोमी १४:१५ र १ कोरिन्थी ८:११ मा चर्चा गर्दा यहाँ पनि "निम्ति" शब्दलाई यस

---

[३७]हिब १०:२६ मा "पापका निम्ति" (ग्रीक *peri harmartion*) भन्ने वाक्यांशको यस्तै अर्थ तुलना गर्नुहोस् जहाँ लेखकले यो भन्छन् कि कसैले सत्यताको ज्ञान पाएपछि पनि जानी-जानी पापै गरिरहन्छ भने "पापको निम्ति अब उसो कुनै बलिदान रहँदैन।" यसको अर्थ यो होइन कि ख्रीष्टको बलिदान अब उसो रहँदैन तर यो हो कि यो त्यस व्यक्तिको निम्ति उपलब्ध (छैन जसले हठी भएर यसलाई उपेक्षा गरेको छ र आफैलाई स्वेच्छापूर्ण पश्चात्तापको क्षेत्रबाट बाहिर राखेको छ। यहाँ "पापहरूका निम्ति बलिदान"-को अर्थ "पापहरूका निम्ति तिरिएको मोल दाबी गर्न पाइने बलिदान" हो। यसरी नै १ यूहन्ना २:२ को अर्थ "सारा संसारका *पापको निम्ति उपलब्ध* प्रायश्चित्त" हुनसक्छ [विशेष गरी यहूदीहरूलगायत गैरयहूदीहरूको प्रसङ्गमा]।

[३८]पावलले परमेश्वर "सबै मानिसका, विशेष गरी उहाँमाथि विश्वास गर्नेहरूका मुक्तिदाता हुनुहुन्छ" (१ तिमो ४:१०) भन्दा उनले पुत्रलाई होइन तर पिता परमेश्वरतिर इङ्गित गरिरहेका छन् अनि उनले "उद्धारकर्ता" शब्दलाई "तिनीहरूका पाप क्षमा गर्नुहुने व्यक्ति"-को अर्थमा होइन तर बरु सम्भवतः "मानिसहरूका जीवन रक्षा गर्नुहुने र तिनीहरूलाई खतराबाट बचाउनुहुने व्यक्ति"-को अर्थमा प्रयोग गर्छन् किनभने पावलले निश्चय नै यो भन्दैनन् कि सबै मानिसहरू बचाइनेछन्। तर पनि अर्को सम्भावित अर्थ यो हो कि परमेश्वर "सबै प्रकारका मानिसहरूका मुक्तिदाता हुनुहुन्छ," अर्थात् विश्वास गर्ने मानिसहरूका (यस दृष्टिकोणको समर्थनको निम्ति हे. George W. Knight III, *The Pastoral Epistles,* पृह. २०३-४)।

अर्थमा लिनु सर्वोत्तम देखिन्छ कि यी मानिसहरूका *"निम्ति मुक्ति उपलब्ध गराउनलाई"* वा मण्डलीमा सङ्गतिसित सम्बन्धित यी मानिसहरूका *"निम्ति सित्तैंको सुसमाचार ल्याउन"* ख्रीष्ट मर्नुभयो। ख्रीष्टको मृत्युलाई कसका पापको मोल भनी पिताले मान्नुभयो सोसम्बन्धी अन्तर-त्रिएकत्ववादी निर्णयबारे उनले नसोचेका देखिन्छ। यसको सट्टामा उनी ती मानिसहरूबारे मात्र बोलेका देखिन्छ जसलाई सुसमाचार दिइएको छ। १ कोरिन्थी ८:११ मा पावलले त्यस दुर्बल मानिसलाई त्यो भाइ "जसको निम्ति ख्रीष्ट मर्नुभयो" भन्दा उनले एउटा व्यक्तिको हृदयको आन्तरिक आत्माको अवस्थाबारे नै निर्णय दिइरहेका छैनन् तर उनी सम्भवतः त्यस न्यायअनुसार बोलिरहेका छन् जसलाई अक्सरै "उदारताको न्याय" (Judgement of Charity) भनिन्छ; यहीअनुसार मण्डलीको सङ्गतिमा सहभागी भइरहेका मानिसहरूलाई सही प्रकारले दाज्यूभाइहरू र दिदीबहिनीहरू भन्न सकिन्छ।[३९]

पत्रुसले विनाशकारी अपधर्महरू ल्याउने झुटा शिक्षकहरूका बारेमा "तिनीहरूलाई उद्धार गर्नुहुने स्वामीलाई पनि तिनीहरूले इन्कार गर्नेछन्" (२ पत्र २:१) भन्दै चर्चा गर्दा "स्वामी" (ग्रीक *despotes*) शब्दले (यहू ४ मा जस्तै) ख्रीष्ट वा (लूक २:२९; प्रे ४:२४; प्रका ६:१० मा जस्तै) पिता परमेश्वर बुझाउँछ सो स्पष्ट छैन। जे बुझाए तापनि यसले सम्भवतः व्यवस्था ३२:६ बुझाएको हुन सक्छ, जहाँ मोशाले परमेश्वरदेखि उता फर्किएका बागी इस्राएलीहरूलाई भन्छन्, "के उहाँ तिमीहरूका पिता हुनुहुन्न र *जसले तिमीहरूलाई उद्धार गर्नुभएको* छ?" (लेखक स्वयम्को अनुवाद)।[४०] पत्रुसले विगतमा यहूदीहरूमाझ भएका झुटा शिक्षकहरू र उनले जुन मण्डलीहरूलाई पत्र लेख्छन् ती मण्डलीमा हुने झुटा शिक्षकहरूमाझ समानता देखाइरहेका छन्, "जसरी इस्राएलीहरूका माझमा झुटा अगमवक्ताहरू पनि थिए, त्यसरी नै तिमीहरूका माझमा पनि झुटा शिक्षकहरू खड़ा हुनेछन्। यिनीहरूले गुप्त रूपले विनाशकारी झुटा शिक्षाहरू ल्याउनेछन्, यहाँसम्म कि तिनीहरूलाई उद्धार गर्नुहुने स्वामीलाई पनि तिनीहरूले इन्कार गर्नेछन्" (२ पत्र २:१)। पुरानो करारका झुटा अगमवक्ताहरूबारे यो स्पष्ट सन्दर्भअनुरूप पत्रुसले त्यो तथ्यलाई पनि सङ्केत गर्छन् कि ती बागी यहूदीहरू परमेश्वरबाट विमुख बने जसले तिनीहरूलाई प्रस्थानमा मिश्रबाट "उद्धार गर्नुभयो"। प्रस्थानको समयदेखि यता जुनै पनि यहूदी पुरुष र स्त्रीले आफैलाई त्यो व्यक्ति ठान्नेथियो जो परमेश्वरद्वारा प्रस्थानमा उद्धार

[३९]यी दुईवटा खण्डका अर्को सम्भावित व्याख्या यो हो कि "नाश गर्नु"-को अर्थ कुनै व्यक्तिको ख्रीष्टियान सेवाकार्य वा ख्रीष्टियान वृद्धि नाश गरिदिनु हो, जो विश्वासी त रहन्छ नै तर जसका सिद्धान्तहरूले सम्झौता गर्छन्। यी दुवै पदहरूमा भएको अर्थ निश्चय नै सन्दर्भसित मिल्छ तर यसको विरुद्धमा भएको एउटा तर्क यो छ कि ग्रीक शब्द *apollymi,* अर्थात् "नाश गर्नु," जो दुवै पदहरूमा प्रयोग गरिएको छ, पावलको आशय हुँदो हो त त्यो उपयुक्तभन्दा कड़ा शब्द हुनेथ्यो। अनन्तको नाशको निम्ति प्रयोग हुने शब्द प्राय यही हो (हे. यूह ३:१६; रोम २:१२; १ कोर १:१८; १५:१८; २ कोर २:१५; ४:३; २ पत्र ३:९)। तर यी खण्डहरूले जुन अर्थ दिन्छ १ कोरन्थी ८:११ को सन्दर्भले भिन्नै अर्थ दिएको हुन सक्छ किनकि यस पदले परमेश्वरले कसैलाई "नाश गरिरहनुभएको"-बारे बताउँदैन तर अरू मानिसहरूले अन्य मानिसलाई "नाश" गर्नलाई केही काम गरिरहेका कुरा बताउँछ – जसले यहाँ यस शब्दको कम सशक्त अर्थ सङ्केत दिन्छ।

[४०]सेप्टअजिन्टले पत्रुसले प्रयोग गरेका शब्द *agorazo* प्रयोग गर्दैन, *kataomai* प्रयोग गर्छ, यी शब्दहरू धेरै मुद्दाहरूमा समानार्थक शब्दहरू हुन् र यी दुवै शब्दहरूको अर्थ "किन्नु, क्रय गर्नु" हुन सक्छ; व्यवस्था ३२:६ मा यही शब्दको हिब्रू शब्द *qanah* हो, जसले पुरानो करारमा प्रायः नै "क्रय गर्नु, किन्नु" बुझाउँछ।

गरिएको थियो वा थिइन् र तिनी त्यसकारण परमेश्वरको निजी सम्पत्ति थिए। यस अर्थमा इस्राएलीहरूका माझमा खड़ा भइरहेका झुटा शिक्षकहरूले तिनीहरूका पिता परमेश्वरलाई इन्कार गरिरहेका थिए जसका स्वामित्वमा तिनीहरू थिए।[४१] अतः मूलपाठको अर्थ यो होइन कि ख्रीष्टले यी झुटा अगमवक्ताहरूलाई उद्धार गर्नुभएको थियो तर यो मात्र हो कि तिनीहरू बागी यहूदी मानिसहरू थिए (वा मण्डलीमा जाने मानिसहरू जो बागी यहूदीहरूकै स्तरका छन्), जसका मालिक उचित रूपले परमेश्वर हुनुहुन्थ्यो किनभने तिनीहरूलाई (वा तिनीहरूका पितापुर्खालाई) मिश्रदेश बाहिर ल्याइएका थिइए, तर तिनीहरू उहाँप्रति कृतघ्न थिए। क्रूसमा ख्रीष्टको निर्दिष्ट कामबारे यस पदले केही बताउँदैन।[४२]

उहाँका भेड़ाहरू वा मण्डली वा उहाँका जनका निम्ति ख्रीष्ट मर्नुहुने तथ्यबारे बताउने पदहरूसम्बन्धी गैररिफर्मड् ख्रीष्टियानहरूले यो उत्तर देलान् कि यी खण्डहरूले अरू मानिसहरूका निम्ति पनि दण्ड भोग्नलाई उहाँ मर्नुभयो भन्ने कुरा इन्कार गर्दैनन्। यसको उत्तर यो हो कि ख्रीष्ट अरू मानिसहरूका निम्ति पनि मर्नुभयो भनी तिनीहरूले स्पष्टतया इन्कार गर्दैनन् भन्ने कुरा सत्य भए तापनि उहाँका मानिसहरूका निम्ति उहाँको मृत्युको जुन सन्दर्भ तिनीहरूले बारम्बार दिन्छन् त्यसले केही नगरे तापनि सशक्त प्रकारले यो सम्भावनाचाहिँ देखाउँछ कि यही नै सही अनुमान हो। यी पदहरूले उद्धार विशेष मानिसहरूका निम्ति हो भन्ने कुरा पूर्ण रूपले इङ्गित नगरे तापनि, यी पदहरू कमसेकम यसरी अति स्वाभाविक ढङ्गमा व्याख्या गरिएका देखिन्छ।

निष्कर्षमा, मलाई यस्तो भान हुन्छ कि "विशेष उद्धार"-बारे जुन रिफर्मड् दृष्टिकोण छ सो धर्मशास्त्रको समग्र शिक्षासित पूर्ण सुसङ्गतिमा छ। तर एकपटक यसो भनिएपछि, होसियारीका विभिन्न बुँदाहरू उठाउन पनि आवश्यक हुन्छ।

### ४. यो धर्मसिद्धान्तबारे स्पष्टीकरण र यसबारे अपनाउनुपर्ने सतर्कताका बुँदाहरू।

स्पष्टीकरणका केही बुँदाहरू बताउन आवश्यक छ र ती केही क्षेत्रहरूबारे बताउन पनि महत्त्वपूर्ण छ जसको आधारमा हामीले विशेष उद्धारका समर्थकहरूले व्यक्त गरेका तर्कहरूप्रति उचित ढङ्गले आपत्ति उठाउन सक्छौं। पास्टरहरूका निम्ति यस शिक्षाको अर्थहरू के-के हुन् सो सोध्न पनि महत्त्वपूर्ण छ।

१. Berkhof-ले जस्तै प्रश्न व्यक्त गर्नु[४३] र प्रायश्चित्तमा वास्तवमा के भयो भन्ने

---

[४१]यो John Gill-को दृष्टिकोण हो, *The Cause of God and Truth,* (ग्र्यान्ड र्‍यापिड्स् : बेकर, १९८०; पुनमुद्रित १८५५ संस्क.; प्रथम प्रकाशन १७३५), पृ. ६१। गिलले यस खण्डका अन्य सम्भावित व्याख्याहरूबारे छलफल गर्छन् तर यो व्याख्या नै सर्वाधिक विश्वासलाग्दो देखिन्छ। हामीले यो बुझ्नुपर्दछ कि पुरानो करारमा परमेश्वरका जनलाई जीवन्त बिम्बविधानमा चित्रण गरिएको छ; पत्रुसले जुन मण्डलीहरूलाई ती दुवैवटा धर्मपत्रहरू लेखे ती मण्डलीहरूलाई उनले बारम्बार पुरानो करारका परमेश्वरका मानिसहरूको समृद्ध बिम्बविधानअनुसार चित्रण गरेका छन् भन्ने तथ्य हामीले थाहा गर्नुपर्छ : हे. W. Grudem, *The First Epistle of Peter,* पृह. ११३।

[४२]संसारका सृष्टिकर्ता र शासकका रूपमा परमेश्वरको भूमिकालाई जोड़ दिने सन्दर्भहरूमा अन्यत्र ग्रीक शब्द *despotes,* अर्थात् "स्वामी" प्रयोग गरिएको छ (प्रे ४:२४; प्रका ६:१९)।

[४३]Berkhof भन्छन्, "यो प्रश्न प्रायश्चित्तको योजनासित सम्बन्धित छैन। पापको प्रायश्चित्तको निम्ति पिताले पुत्रलाई पठाउनुहुँदा वा पुत्र संसारमा आउनुहुँदा के उहाँका चुनिएका मात्र वा सबै मानिसहरूलाई

कुरोमा ध्यान दिनुको सट्टामा पिता र पुत्रका उद्देश्यमाथि ध्यान दिनु भुल हुनजान्छ भन्ने देखिन्छ। हामीले यदि यस छलफललाई प्रायश्चित्तको उद्देश्यसम्म मात्र सीमित राख्यौं भने, यो परमेश्वरको उद्देश्यसम्बन्धी क्याल्भिनवादी र अर्मेनीहरू माझका विवादको अर्को अझ ठूलो रूप मात्र हुन्छ। तिनीहरूमाझको विवाद परमेश्वरको उद्देश्यसम्बन्धी छ – (क) परमेश्वरको उद्देश्य सबै मानिसहरूलाई बचाउनु हो, तर यो उद्देश्यलाई मानिसको इच्छाले विफल तुल्याएको छ भन्ने अर्मेनीहरूको दृष्टिकोण हो वा (ख) परमेश्वरको उद्देश्य उहाँले चुन्नुभएका मानिसहरूलाई बचाउनु हो – जो क्याल्भिनवादी दृष्टिकोण हो। प्रायश्चित्तका विस्तारको साँघुरो बिन्दुमा यस प्रश्नको निर्णय गरिनेछैन, किनभने प्रायश्चित्तको सीमा के हो भन्ने सीमित बुँदासित मात्र यो प्रश्नबारे निर्णय हुँदैन किनकि यस बुँदाबारे धर्मशास्त्रमा विशेष मूलपाठ अत्यन्त थोरै छन् र तिनलाई दुवै पक्षमा निर्णायक मान्नु गाह्रै हुन्छ। यी खण्डहरूबारे व्यक्तिको निर्णय प्रायश्चित्तको प्रकृति र योभन्दा पनि परमेश्वरको पूर्वप्रबन्ध, सर्वसत्ता र छनोटसम्बन्धी धर्मसिद्धान्तका अझ गहन प्रश्नहरूबारे धर्मशास्त्रले समग्रमा सिकाउने शिक्षाबारे ती व्यक्तिको दृष्टिकोणद्वारा निर्धारित हुन प्रवृत्त हुनेछ। ती बृहत् शीर्षकहरूबारे लिइएका कुनै पनि निर्णयहरू यस बुँदामा निर्दिष्ट रूपमा लागु हुनेछ, र मानिसहरू त्यहीअनुरूप तिनीहरूका निष्कर्षहरूमा आइपुग्नेछन्।

यसकारण, प्रायश्चित्तको उद्देश्यमा ध्यान केन्द्रित गर्नको सट्टामा प्रायश्चित्त स्वयम्बारे उचित रूपमा प्रश्न सोधिन्छ, के ख्रीष्टले ती सबै अविश्वासीहरूका पापको ज्याला तिरिदिनुभयो जसलाई अनन्तको दण्ड दिइनेछ र के उहाँले क्रूसमा तिनीहरूका पापका निम्ति पूर्ण मात्रामा र पूर्णतया मोल तिरिदिनुभयो? त्यस प्रश्नको उत्तरमा उहाँले तिरिदिनुभएन भनी हामीले उत्तर दिनुपर्ने देखिन्छ।

२. "ख्रीष्ट उहाँका जनका निम्ति मात्र मर्नुभयो" र "ख्रीष्ट सबै मानिसहरूका निम्ति मर्नुभयो" भन्ने यी दुवै वक्तव्यहरू केही अर्थहरूमा साँचा छन् र यस विवादसम्बन्धीको तर्क प्रायः नै असमञ्जसमा पार्ने किसिमको रहेको छ, किनभने यी दुईवटा वक्तव्यहरूलाई "निम्ति/लागि" शब्दका विभिन्न अर्थहरू दिन सकिन्छ।

"ख्रीष्ट उहाँका जनका निम्ति मात्र मर्नुभयो" भन्ने वक्तव्यलाई यस अर्थमा बुझ्न सकिन्छ "ख्रीष्ट उहाँका जनका सबै पापको दण्ड साँच्चै नै तिर्नलाई मर्नुभयो।" यस अर्थमा यो साँचो हो। तर गैररिफर्मड् ख्रीष्टियानहरूले "ख्रीष्ट उहाँका जनका निम्ति मात्र मर्नुभयो" भन्ने वाक्य सुन्दा तिनीहरूले प्रायः नै यसमा यो सुन्छन्, "ख्रीष्ट मर्नुभयो, ताकि उहाँले चुनिएहरूका निम्ति मात्र सुसमाचार उपलब्ध गराउन सकून्" अनि हरेक व्यक्तिलाई सित्तैंमा दिइने सुसमाचार एउटा वास्तविक जोखिम हो भन्ठानेर तिनीहरू विचलित बन्दछन्। विशेष उद्धारमा विश्वास गर्नेहरूले "ख्रीष्ट उहाँका जनका निम्ति मात्र मर्नुभयो" भन्ने वाक्यको कारण उत्पन्न हुने भुलबोधको सम्भावनालाई पहिचान गर्नुपर्दछ र सत्यताप्रति सरोकारको निम्ति र सित्तैंको सुसमाचार दिइनेछ भन्ने कुरा पक्का हो भनी देखाउनुपर्ने पास्टरीय वास्ताको खातिर

बचाउने योजना वा उद्देश्यको निम्ति पिताले यसो गर्नुभयो? प्रश्न त्यो हो, अनि त्यो मात्र प्रश्न हो।" *Systematic Theology*, पृ. ३९४)।

र ख्रीष्टको मण्डलीमा भुलबोधहरू हुन नदिनलाई तिनीहरूले वास्तवमा जे भन्न चाहन्छन् त्यो सुस्पष्ट रूपमा भन्नुपर्दछ। माथि बुझाइएको अर्थमा "ख्रीष्ट उहाँका जनका निम्ति मात्र मर्नुभयो" भन्ने यो साधारण वाक्य सत्य भए तापनि, रिफर्मड् धर्मसिद्धान्तसित परिचय नभएका मानिसहरूले त्यो सुन्दा त्यस अर्थमा केही बुझ्न सक्दैनन्। त्यसकारण यस प्रकारको अनेकार्थक (अर्थात् अस्पष्ट) वाक्य प्रयोग नगर्नु नै उत्तम हो।

अर्को पक्षमा, "ख्रीष्ट सबै मानिसहरूका निम्ति मर्नुभयो" भन्ने वाक्य साँचो हो, यदि यसको अर्थ "सबै मानिसहरूलाई मुक्ति उपलब्ध गराउनलाई ख्रीष्ट मर्नुभयो" हुन्छ भने, वा यदि यसको अर्थ "सबै मानिसहरूकहाँ सित्तैंको सुसमाचार ल्याउनलाई ख्रीष्ट मर्नुभयो" हुन्छ भने। वास्तवमा, यूह ६:५१; १ तिमो २:६ र १ यूह २:२ जस्ता खण्डहरूमा धर्मशास्त्रले प्रयोग गर्ने भाषा यही नै हो।[४४] रिफर्मड् ख्रीष्टियानहरूले बोलीवचनमा आफैहरूलाई यति शुद्धिवादीहरू (purists) भएका कुरामा जोड़ दिन्छन् कि कसैले कुनै पनि बेला "ख्रीष्ट सबै मानिसहरूका निम्ति मर्नुभयो" भनेको सुनेपछि तुरुन्तै तिनीहरू आपत्ति जनाइहाल्छन्, रौंचिरा आलोचनाले नै विवाद र कलह ल्याएको देखिन्छ। त्यो वाक्यलाई बुझ्ने निश्चय नै स्वीकार्य तरिकाहरू छन् जो धर्मशास्त्रकै लेखकहरूका कथनसित समरूप (consistent) छ।

सुसमाचारका लाभहरू प्राप्त गर्नलाई पहिले ख्रीष्टमा भरोसा गर्न आवश्यक छ भन्ने कुरा सान्दर्भिक तवरमा स्पष्ट पार्दै कुनै प्रचारकले अविश्वासी श्रोतावर्गलाई "ख्रीष्ट तपाईंहरूका पापका निम्ति मर्नुभयो" भन्छन् भने हामीले आँखा चिम्लेर तिनको आलोचना गर्नु हुँदैन भनी म ठान्छु। त्यस अर्थमा त्यस वाक्यको अर्थ यो मात्र हुन्छ कि "तपाईंहरूका पापका क्षमा दिनलाई ख्रीष्ट मर्नुभयो" वा "तपाईंका पापका निम्ति क्षमा उपलब्ध गराइदिनलाई ख्रीष्ट मर्नुभयो।" यहाँ महत्त्वपूर्ण कुरा यो हो कि हरेकको निम्ति मुक्ति उपलब्ध छ अनि पापको निम्ति चुकाइएको मोल हरेकको निम्ति उपलब्ध छ भन्ने कुरा पापीहरूले बुझून्।

यहाँ केही रिफर्मड् ईश्वरशास्त्रीहरूले आपत्ति गर्नेछन् र हामीलाई यो चेताउनी दिनेछन् कि हामीले यदि अविश्वासीहरूलाई, "तपाईंहरूका पापका निम्ति ख्रीष्ट मर्नुभयो" भन्यौं भने ती अविश्वासीहरूले यो निष्कर्ष निकाल्नेछन् कि "त्यसकारण मैले जेसुकै गरे तापनि म बचाइएको छु।" वास्तवमा यो साँचो समस्या भएको देखिँदैन किनकि जब पनि इभ्यानजेलिकल् (सुधारवादी वा असुधारवादी)-हरूले अविश्वासीहरूलाई सुसमाचार सुनाउँदा तिनीहरू सदैव यस तथ्यबारे अति नै स्पष्ट रहेका हुन्छन् कि कुनै व्यक्तिले ख्रीष्टलाई विश्वास नगरुञ्जेल तिनको निम्ति ख्रीष्टको मृत्युको कुनै लाभ छैन। अविश्वासीहरूले जुन कुरालाई विश्वास गरून् भनी रिफर्मड्हरू *ठान्छन्* त्यो कुरा समस्या होइन, समस्या यो कुराभन्दा पनि अझ ठूलो कुरा छ (यदि परमेश्वरको गुप्तको सल्लाह र क्रूसमा ख्रीष्टको प्रायश्चित्तको समयमा त्रिएकत्वको सल्लाहमा पिता र पुत्रको सम्बन्धलाई सोच्ने काममा तिनीहरू

[४४]Berkhof भन्छन् १ तिमो २:१ ले यहूदी र अन्यजाति दुवै बचाइऊन्" भन्ने "परमेश्वरको त्यो "प्रकटित इच्छा"-तिर सङ्केत गर्छ (ऐजन, पृह. ३९६)।

समरूप भए)। तर अविश्वासीहरूले त्यस प्रकारले विवेचन गर्दैनन्। तिनीहरूले यो जान्दछन् कि तिनीहरूले उहाँको उद्धारका कामबाट कुनै लाभहरू अनुभव गर्नुभन्दा अघि तिनीहरूले ख्रीष्टमा विश्वास गर्नुपर्दछ। यसबाहेक, "ख्रीष्ट मर्नुभयो र तपाईंहरूका सबै पापका निम्ति अगावै पूर्ण रूपले दण्ड भोग्नुभयो" भन्ने धर्मसिद्धान्ततः भ्रामक अर्थमा भन्दा बरु "तपाईंहरूका पापको क्षमा दिनलाई ख्रीष्ट मर्नुभयो" भन्ने सही धर्मसैद्धान्तिक अर्थमा "ख्रीष्ट तपाईंहरूका पापका निम्ति मर्नुभयो" भन्ने वाक्य मानिसहरूले बुझ्नेछन् भन्ने सम्भवना अझ धेरै हुन्छ।[४५]

३. हाम्रा वचनका व्यावहारिक र पास्टरीय प्रभावहरूको प्रसङ्गमा विशेष उद्धार र सार्वजनिक उद्धारमा विश्वास गर्नेहरू विभिन्न प्रमुख बुँदाहरूमा सहमत हुन्छन्:

क. दुवै पक्षहरूले इमानदारीसित यो सङ्केत गर्न चाहँदैनन् कि ख्रीष्टमा विश्वास गरे पनि वा नगरे पनि मानिसहरू बचाइनेछन्। चुनिएकाहरूले सुसमाचार स्वीकार गरे पनि वा नगरे पनि तिनीहरू बचाइनेछन् भन्ने रिफर्मड्हरूको भनाइ छ भनी गैररिफर्मड्हरूले कहिलेकाहीँ रिफर्मड्हरूलाई दोषारोपण गर्छन्। तर रिफर्मड् दृष्टिकोणबारे यो स्पष्ट रूपमा मिथ्या-कथन हो। अर्कोतिर, रिफर्मड्हरूले भने यो विचार्दछन् कि सार्वजनिक उद्धारको दृष्टिकोण राख्नेहरूचाहिँ ख्रीष्टमा विश्वास गर्ने र नगर्नेहरू सबै जना बचाइनेछन् भनी सङ्केत गर्ने जोखिममा हुन्छन्। तर गैररिफर्मड्हरूले लिने दृष्टिकोण वास्तवमा यो होइन, अनि अनि जुन दृष्टिकोण लिएका छैनौं भनी मानिसहरूले भन्छन्, त्यस दृष्टिकोणको निम्ति, यदि तिनीहरूका अन्य दृष्टिकोणहरूमा समनुरूप छन् भने, तिनीहरूले त्यही दृष्टिकोण लिनुपर्छ भनी तपाईंले सोच्नुभएको कारण, तिनीहरूलाई आलोचना गर्नु जोखिमपूर्ण हुनजान्छ।

ख. यस्ता मानिसहरू पनि होलान् जो मुक्तिको निम्ति ख्रीष्टकहाँ आउँछन् तर तिनीहरूका निम्ति ख्रीष्ट नमर्नुभएको कारण तिनीहरूलाई ख्रीष्टमा प्रवेश गर्न दिइँदैनन् भनी इङ्गित गर्नबाट दुवै पक्षहरू तर्कन चाहन्छन्। कसैले एउटा अविश्वासीलाई यसो भन्न वा इङ्गित गर्न चाहदैन, "तपाईंका पापका निम्ति पनि शायद ख्रीष्ट मर्नुभएको होला (शायद मर्नुभएन कि !)" दुवै पक्षहरूले स्पष्टतासित यो पुष्टि गर्न चाहन्छन् कि मुक्तिको निम्ति आउने सबै साँच्चै नै बचाइनेछन्। "मकहाँ आउनेलाई कुनै रीतिले म त्याग्नेछैन" (यूह ६:३७)।

ग. परमेश्वरले सित्तैंको सुसमाचारको प्रस्ताव राख्नुहुँदा उहाँ ढोङ्गी वा बेइमानका हुनुहुन्छ भन्ने कुराको सङ्केत दुवै पक्षले दिन चाहदैनन्। यो साँचो प्रस्ताव हो अनि मुक्तिको निम्ति ख्रीष्टकहाँ आउन इच्छा गर्ने र ख्रीष्टमा साँच्चै नै आउनेहरू सबै बचाइनेछन्।

घ. अन्त्यमा, यो कुरा आखिरमा यति महत्त्वपूर्ण छ भन्ने प्रश्न हामी गर्न सक्छौं। रिफर्मड्हरूले कुनै विशेष उद्धारमाथि राखिने विश्वासलाई कहिलेकाहीं धर्मसैद्धान्तिक निष्ठाको जाँच बनाएका भए तापनि यो बुझ्न लाभप्रद हुनजान्छ कि धर्मशास्त्रले नै यसलाई प्रमुख महत्त्वको धर्मसिद्धान्त हो भनी तोक्दैन, नता धर्मशास्त्रले यसलाई

[४५]म यहाँ हामी जेसुकै बोल्नुपर्छ भन्ने तर्क गरिरहेको छैनँ; म यो तर्क गर्दैछु कि अरू ख्रीष्टियानहरूले धर्मशास्त्रको कुनै पनि शिक्षालाई खण्डन गर्ने मनसाय नराखी विनासोच अनेक अर्थ लाग्ने वा अस्पष्ट भाषा

ईश्वरशास्त्रकै छलफलबारे प्रस्ट विषय हो भनी एकैपटक पनि बताएको छ। यस विवादबारे हाम्रो ज्ञान ती खण्डहरूमा प्रासङ्गिक सन्दर्भहरूबाट मात्र आउँछ, जुन खण्डहरूको विषय-वस्तु धर्मसैद्धान्तिक वा व्यावहारिक कुराहरूसित सम्बन्धित छ। वस्तुतः यो यस्तो प्रश्न हो जसले त्रिएकत्वको भित्रीय परामर्शको छानबिन गर्छ अनि विशेष त्यो क्षेत्रमा छानबिन गर्छ जुन क्षेत्रबारे धर्मशास्त्रले अति नै थोरै प्रत्यक्ष गवाही दिन्छ। यो यस्तो यर्थाथ हो जसले हामीलाई सतर्क बनाउनुपर्दछ। सन्तुलित पास्टरीय सन्दर्भ यसो भन्नुमा देखिन्छ कि विशेष उद्धारको यो शिक्षा हामीलाई साँचो *देखिन्छ*, यसले हाम्रो ईश्वरशास्त्रीय प्रणालीलाई तर्कसङ्गत सामञ्जस्य दिन्छ अनि हरेक मानिसको निम्ति र तिनीहरूका निम्ति गरिएको उहाँका उद्धारको कामको पूर्णताबारे तिनीहरूलाई आश्वासन दिनलाई यो शिक्षा सहायतामूलक हुनसक्छ, तर यो पनि त्यो विषय पनि हो जसले प्रायः नै केही द्विविधातिर, केही भुलबोधतिर र प्रायः नै परमेश्वरका जनमाझ केही गलत वाद-विवाद र विभाजनतिर लाँदछ। यी सबै नकारात्मक पास्टरीय विचारहरू हुन्। अनि सायद यूहन्ना र पत्रुस र पावलजस्ता प्रेरितहरूले उनीहरूका ज्ञानमा यस प्रश्नमा प्रायः नै थोरै जोड़ दिए। र हामीले पनि उनीहरूका उदाहरणमा मनन गर्नु समुचित हुनजान्छ।

## व्यक्तिगत प्रयोगका लागि प्रश्नहरू

१. तपाईं पहिले जति मात्रामा ख्रीष्टको मृत्युको मूल्याङ्कन गर्नुहुन्थ्यो त्योभन्दा धेरै मात्रामा सो मूल्याङ्कन गर्नमा तपाईंलाई यस अध्यायले कुन तरिकाहरूमा अझ सक्षम बनाएको छ? के यस अध्यायले तपाईंका पापका निम्ति ख्रीष्टद्वारा वास्तवमै मोल चुकाइएको छ भन्ने तथ्यमाथि तपाईंलाई अझ धेरै वा अझ कम भरोसा दिएको छ?
२. यदि प्रायश्चित्तको परम कारण परमेश्वरको प्रेम र न्यायमा पाइन्छ भने, के तपाईंमा कुनै यस्तो कुरा थियो जसले तपाईंलाई परमेश्वरले प्रेम गर्नैपर्ने वा तपाईंलाई बचाउनलाई (उहाँले तपाईंलाई उहाँको विरुद्धमा हुनुभएको पापी भनी ठान्नुभएको थियो अनि तपाईंलाई उत्सुकतासित प्रतीक्षा गरिरहनुभएको थियो) उहाँले कदमहरू उठाउनैपरेको थियो भन्ने तपाईंलाई लाग्छ? तपाईंको उत्तरले एउटा व्यक्तिको रूपमा तपाईंप्रति परमेश्वरको प्रेमको गुण, जुन प्रेमको योग्य तपाईं हुनुहुन्थेन, मूल्याङ्कन गर्न के तपाईंलाई सहायता गर्छ? त्यो बोधले परमेश्वरसँग भएको तपाईंको सम्बन्धले तपाईंलाई कस्तो अनुभूति गराउँछ?
३. के तपाईं यो ठान्नुहुन्छ कि ख्रीष्टका कष्टहरू तपाईंका पापको मोल तिर्नलाई यथेष्ट थिए? तपाईंका सबै पापका निम्ति के तपाईं उहाँको काममाथि भर पर्न इच्छुक हुनुहुन्छ? उहाँ तपाईंले भरोसा गर्न योग्यको हुनुहुन्छ, उहाँ पूर्ण रूपमा पर्याप्त उद्धारकर्ता हुनुहुन्छ भनी के तपाईं

प्रयोग गर्दा हामीले तिनीहरूलाई हड़बड़ीमा आलोचना गर्नु हुँदैन।

मान्नुहुन्छ ? "मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिन्छु" (मत्ती ११:२८) भनी उहाँले तपाईंलाई निमन्त्रणा दिनुहुँदा के अब तपाईं उहाँमा भरोसा गर्नुहुन्छ ? तपाईंको पूर्ण मुक्तिको निम्ति के तपाईंले आफ्नो सम्पूर्ण हृदयले उहाँमा अहिले र सदैव निर्भर गर्नुहुनेछ ?

४. यदि ख्रीष्टले हाम्रा सबै पापका दोष, पापको विरुद्धमा परमेश्वरको क्रोध वहन गर्नुभयो र हामीले भोग्नुपर्ने सबै दण्ड भोग्नुभयो भने, के विश्वासीको रूपमा तपाईंको विरुद्धमा परमेश्वरले उहाँको क्रोध दन्काउनुहुनेछ (हे. रोम ८:३१-३९) ? तपाईंले जीवनमा भोग्नुभएका कुनै कठिनाइहरू र कष्टहरू तपाईंको विरुद्धमा भड्किएको परमेश्वरको क्रोधका कारण आएका हुन् ? होइन भने, ख्रीष्टियानहरू भएर पनि यस जीवनमा हामी किन कठिनाइ र कष्टहरू भोग्छौं (हे. रोम ८:२८; हिब १२:३-११) ?

५. के तपाईं यो सोच्नुहुन्छ कि परमेश्वरको अनुमोदन प्राप्त गर्नलाई ख्रीष्टको जीवन पर्याप्त मात्रामा असल थियो ? तपाईंको अनन्त जीवनको निम्ति यसमा भर पर्न के तपाईं इच्छुक हुनुहुन्छ ? भरोसा गर्नलाई के येशू ख्रीष्ट पर्याप्त मात्रामा भरपर्दो र पर्याप्त मात्रामा असल मुक्तिदाता हुनुहुन्छ ? परमेश्वरको अगि तपाईंको अनन्तको प्रतिष्ठाको निम्ति तपाईले आफ्नै जीवन चुन्नुहुन्छ वा ख्रीष्टको जीवन ?

६. ख्रीष्टले यदि तपाईंलाई वास्तवमै पापको र शैतानको राज्यको दासत्वबाट उद्धार गर्नुभएको छ भने के तपाईंको जीवनमा यस्ता क्षेत्रहरू पनि छन् जुन क्षेत्रहरूमा यो कुरा साँचो हो भनी तपाईंले अझ पूर्ण रूपमा बुझ्न सक्नुहुन्छ ? के यो बोधले तपाईंलाई तपाईंको ख्रीष्टियान जीवनमा अझै उत्साह दिन्छ ?

७. के ख्रीष्टले तपाईंको प्रतिस्थापन्न बन्न र तपाईंको दण्ड भोग्न उचित थियो ? उहाँले तपाईंको प्रतिस्थापन्नको काम गर्नुहुँदा अनि तपाईंको निम्ति उहाँ मर्नुहुँदा तपाईंको हृदयमा कस्तो मनोवृत्ति र संवेग उत्पन्न हुन्छ ?

## विशेष शब्दावली

सक्रिय आज्ञाकारिता active obedience
प्रायश्चित्त atonement
विशेष उद्धार particular redemption
ख्रीष्टको रगत blood of Christ
निष्क्रय आज्ञाकारिता passive obedience
दण्डात्मक प्रतिस्थापन penal substitution
परिणामी परम आवश्यकता consequent absolute necessity
प्रायश्चित्त propitiation
उदाहरण सिद्धान्त example theory
शैतानलाई छुटकाराको मोलको सिद्धान्त the ranson to Satan theory
सार्वजनिक उद्धार general redemption
मिलाप reconciliation
प्रशासनिक सिद्धान्त governmental theory
आरोपण impute
सीमित प्रायश्चित्त limited atonement
असीमित प्रायश्चित्त unlimited atonement

नैतिक प्रभावको सिद्धान्त moral influence theory
प्रातिनिधिक प्रायश्चित्तक vicarious atonment

## पुस्तक सूची

(यस पुस्तक सूचीको व्याख्याका लागि अ. १, पृ. ४७ को पुस्तक सूचीमाथि दिइएको टीका हे. । सम्पूर्ण पुस्तक सूचीको तथ्याङ्क परिशिष्ट ४ मा प्राप्य छ।)

### इभ्यान्जेलिकल् सुव्यवस्थित ईश्वरशास्त्रहरूमा भएका खण्डहरू


१. एङ्गलिकन (इपिस्कपलियन)
१८८२-९२ लिट्टन, २२१-३६
१९३० थोमस, ४९-७२, ४१४-२६
२. अर्मिनी (वेजलियन वा मेथडिस्ट)
१८४७ फिनी, २५८-८२
१८७५-७६ पोप, २:१४१-८८, २६३-३१६
१८९२-९४ मिली, २:६५-२४०
१९४० विली, २:२१७-३००
१९६० पुर्किसर, २४३-६८
१९८३ कार्टर, १:४८३-५०५
१९८३ कटरेल, ३:४०१-६०
१९८७-९० ओडेन, २:३१७-४५०
३. ब्याप्टिस्ट
१७६७ गिल, १:५६२-८३; २:१-६८
१८८७ बोइस्, २९५-३४१
१९०७ स्ट्रङ्ग, ७०१-६, ७१३-७५
१९१७ म्यूलिन्स्, ३०४-३७
१९८३-८५ एरिक्सन, ७६१-८४१
१९८७-९४ लुइस/डिमारेस्ट, २:३७१-४३६
४. डिसपेन्सेशनल
१९४७ शेफर, ३:३५-१६४, १८३-२०५; ५:१७७-२३०
१९४९ थीसन, २२९-४२
१९८६ राइरि २७५-३०९, ३१८-२३
५. लुथरन
१९१७-२४ पाइपर, २:२८०-३३०, ३१८-२३
१९३४ म्यूएलर, २८७-५, ३०५-१३
६. रिफमर्ड (वा प्रेज्बिटरियन)
१५५९ क्याल्भिन, १:५०३-३४ (२.१६-१७)

१७२४-५८ एड्वर्ड्स, १:५७४-८०;२:७६६-७८
१८६१ हिपि, ४४८-८७, ४८८-९४
१८७१-७३ होज, २:४८०-५९१, ६१०-२५
१८७८ डेबनी, ४८५-५५३
१८८७-१९२१ वारफिल्ड, *SSW*, 1:167-77 *SSW*, 2:308-20; *BD*, 327-438; *PWC*, *325-530*; *CC*, 393-444
१८८९ शेड, 2b:353-489;3:401-70
१९३७-६६ मरे, *CW*, 1:36-39, 59-85;2:142-57; *RAA*, 9-57
१९३८ बर्खोफ, ३३१-४३, ३६१-९९
१९६२ बुसवेल, १:१७६-८३

७. रीन्यूअल (वा क्यारिज्म्याटिक्/पेन्टिकोस्टल)
१९८८-९२ विल्यम्स्, १:३५३-८०

**रोमन क्याथलिक सुव्यवस्थित ईश्वरशास्त्रका प्रातिनिधिक खण्डहरू**

१. रोमन क्याथलिक : परम्परावादी
१९५५ ओट्, १७५-७९, १८२-९२, २११-१९

२. रोमन क्याथलिक : भेटिकनोत्तर द्वितीय
१९८० म्याकब्राइन, १:४१७-२३; २:८६५-९०१

## अन्य पुस्तकहरू/लेखहरू

Bauchkham, Richard J. "Descent into Hell." In *NDT*, pp. 194-95.
Berkouwer, G. C. *The Work of Christ*. Trans. by Cornelius Lambregtse. Grand Rapids: Eerdmans, 1965.
Brown, John. *The Sufferings and Glories of the Messiah*. Evanston, Ind.: Sovereign Grace Publishers, 1959 (reprint of 1852 edition).
Campbell, John McLeod. *The Nature of the Atonement*. 6th ed. London and New York: Macmillan, 1886 (first published in 1856).
Elwell, Walter. "Atonement, Extent of the." In *EDT*, pp. 98-100.
Green, Michael. *The Empty Cross of Jesus*. The Jesus Library, ed. by Michael Green. Downers Grove, Ill.: InterVarsity Press, 1984.
Greensted, L. W. *A Short History of the Doctrine of the Atonement*. Manchester: University Press, and London: Longmans, 1962.
Hodge, Archibald A. *The Atonement*. London: T. Nelson, 1868.
Kendall, R.T. *Calvin and English Calvinism to 1649*. Oxford: Oxford Univ. Press, 1979.
McDonald, H. D. *The Atonement of the Death of Christ*. Grand Rapids: Baker, 1985.
McGrath, Alister E. *Luther's Theology of the Cross: Martin Luther's Theological Breakthrough*. Oxford: Basil Blackwell, 1985.
———. *The Mystery of the Cross*. Grand Rapids: Zondervan, 1988.

_________. *What Was God Doing on the Cross ?* Grand Rapids: Zondervan, 1993.

Martin Hugh. *The Atonement: In Its Relations to the Covenant, the Priesthood, the Intercession of Our Lord.* Philadelphia: Smith and English, 1871.

Morey, Robert A. *Studies in the Atonement.* Southbridge, Mass.: Crowne, 1989.

Morris, Leon. *The Apostle Preaching of the Cross.* 3rd ed. Grand Rapids: Eerdmans, 1965.

_________. "Atonement." In *EDT,* p. 97.

_________. *The Atonement: Its Meaning and Significance.* Leicester and Downers Grove, Ill: InterVarsity Press, 1983.

_________. "Atonement: Theories of the." *In* EDT, pp. 100-102.

_________. *The Cross in the New Testament.*" Grand Rapids: Eerdmans, 1965.

_________. *The Cross of Jesus.* Grand Rapids: Eerdmans, and Exeter: Paternoster, 1988.

Murray, John. *Redemption Accomplished and Applied.* Grand Rapids: Eerdmans, 1955, pp. 9-78.

Owen, John. *The Death of Death in the Death of Christ.* Carlisle, Pa. : Banner of Truth, 1959.

Smeaton, George. *The Doctrine of the Atonement as Taught by Christ Himself.* Grand Rapids: Zondervan, 1953 (reprint of 1871 edition).

Smeaton, George. *The Apostles' Doctrine of the Atonement.* Grand Rapids: Zondervan, 1957 (reprint of 1870 edition).

Stott, John R.W. *The Cross of Christ.* Leicester and Downers Grove, Ill: InterVarsity Press, 1986.

Turretin, Francis. *The Atonement of Christ.* Trans. by James R. Willson. Grand Rapids: Baker, 1978 (reprint of 1859 edition; first published in Latin in 1674).

Wallace, Ronald S. *The Atoning Death of Christ.* Westchester, Ill.: Crossway, 1981 .

## धर्मशास्त्रको कण्ठस्थ गर्नुपर्ने खण्ड

**रोमी ३:२३-२६** : *किनकि सबैले पाप गरेका छन्, र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्। परमेश्वरका अनुग्रहको वरदानले ख्रीष्ट येशूमा भएको उद्धार बाट तिनीहरू सित्तैंमा धर्मी ठहरिएका छन्। परमेश्वरले ख्रीष्टलाई उहाँको रगतद्वारा प्रायश्चित्तको बलिदान स्वरूप प्रस्तुत गर्नुभयो, जुन प्रायश्चित्त विश्वासद्वारा ग्रहण गर्नुपर्दछ। यो काम परमेश्वरले आफ्नो धार्मिकता देखाउनलाई गर्नुभयो, किनभने उहाँको ईश्वरीय धैर्यमा अगाड़िका पापहरूलाई उहाँले वास्ता गर्नुभएको थिएन। परमेश्वर आफै धर्मी हुनुहुन्छ र येशूमा विश्वास राख्नेहरूलाई उहाँले धर्मी ठहराउनुहुन्छ भन्ने कुरा प्रमाण गर्नलाई उहाँले वर्तमान समयमा यो गर्नुभयो।*